# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासको विकास क्रम सँगै मानव सभ्यताको शुरुवात भएको पाइन्छ । मानिस समुदायमा रहने प्राणी भएकोले सामुहिकता, सहकार्य एवम् सह अस्तित्व यसका मौलिक पहिचाहन हुन । एक आपसमा मिलेर बस्नु, सोच्नु र काम गर्नुलाई सहकारीता भनिन्छ । सामान्य अर्थमा सहकारीताले सँगै बस्ने, विचार गर्ने र कामगर्ने पद्धतिलाई बुझ्काउँछ भने प्राविधिक सहकारी समाजशास्त्रीको नजरमा सामाजिक उत्पीडनबाट मुक्ति प्राप्त गर्नु हो भने अर्थशास्त्रीको नजरमा विचौलियाको शोषणबाट मुक्ति प्राप्त गर्ने व्यवसायिक संगठन हो । सहकारीका सम्बन्धमा विभिन्न दृष्टिकोण भएतापनि यसको शाब्दिक अर्थका सम्बन्धमा सबैको एकै मत रहेको पाइन्छ ।

सहकारी सह र कार्य शब्द मिलेर बनेको छ । सह शब्दको अर्थ सँगै र कार्य शब्दको अर्थ काम हो । यसरी सँगै मिलेर काम गर्नु सहकारी हो । अर्को शब्दमा भन्दा निश्चित आर्थिक तथा सामाजिक विकासको उद्देश्य प्रप्त गर्नका लागि समान आवश्यकता भएका व्यक्तिहरु एक आपसमा संगठित भएर सामूहिक रूपमा उत्पादन तथा सेवाको व्यवसाय गर्न सहकारी माध्यम अपनाउने गर्दछन् । सहकारी नेपालको लागि कुनै नौलो बिषय होइन । गाउँ तथा शहरमा प्राचिनकाल देखि नै गुठी, पर्म, मेला, धर्म भकारी, भेजा र ढिकुरी जस्ता अनौपचारीक सहकारी संगठनहरु कार्यरत रहेको पाइन्छ । तर आधुनिक सहकारीताको हिसाबले हेर्दा नेपालको सहकारी अभियानको इतिहास आधा शताब्दि मात्र पार गरेको छ । सहकारीमा जातजाति, लिङ्ग, वर्ण, धर्म, क्षेत्र, राजनैतिक अवस्था तथा व्यक्तिगत आधारमा भिन्नता राखिदैन । (सहकारी डाइरेक्ट्री, २०६८)

सहकारी एक व्यवसायिक क्रियाकलाप सञ्चालन गर्ने पद्धति विशेषको नाम हो । यसमा सदस्यहरुको आर्थिक तथा सामाजिक आवश्यकता, सामुहिक उद्देश्य, समस्या र रुचि वा चाखलाई सक्रिय सहभागिताको आधारमा पुरा गर्ने प्रयास गरिन्छ । व्यवसाय गर्ने प्रणाली मध्येको एउटा व्यवसायीक प्रणाली सहकारीता हो । सहकारीता भनेको निजी, साझेदारी, संयुक्त पूँजी कम्पनी प्रणालीमा जान नचाहने र नसक्नेका लागि व्यवसायमा संलग्न हुने

एक माध्यम हो । सहकारीता न त समाजवादी अवधारणा हो न पूँजीवादी अवधारण नै हो । यो सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्ने एक माध्यम, तरीका तथा औजार हो । (अधिकारी, २०६७)

कुनै पनि काम गर्दा एक जना व्यक्तिले मात्र गर्न सम्भव छैन त्यसको लागि त्यत्तिकै धेरै जनशक्तिको आवश्यकता पर्दछ । ति सबैको सामुहिक प्रयासको बावजुद मात्रै कार्य सम्पन्न हुन सक्दछ । यसरी हेर्दा कुनै पनि कार्यको सफलता भनेको सहकार्यबाट मात्र संभव हुन्छ । उदाहरणको रूपमा हामीले हाम्रो देशको राजनैतिक व्यवस्थालाई लिन सकिन्छ । संविधान सभाको चुनाव भए पछि दुई वर्षमा संविधान बनाउने कुरा हुँदाहुँदै एक आपसमा पार्टीहरुका बीचमा सहकार्य नहुँदा र एक आपसमा मनमुटाव र एकले अर्कालाई सघाउँनुको सट्टा आलोचन गर्दैं हिड्ने र एक आपसमा मिलेर काम नगर्दा देशको मुख्य कानून संविधान बन्न नसक्नु जसले गर्दा देशअलपत्र अवस्थामा पुगेको छ । यदि पार्टीहरुवीचमा सहकार्यका साथ कार्य अगाडि बढेको भए आज देशले लोकतान्त्रिक संविधान प्राप्त गरिसकेको हुन्थ्यो र देश नयाँ नेपालको रूपमा अगाडि बढ्न सक्थ्यो । तसर्थ कुनै पनि कार्यको लागि सहकार्य नितान्त आवश्यक छ र सहकार्यले नै व्यक्ति, समाज र देशको विकास हुने कुरामा कसैको दुईमत रहदैन ।

वास्तवमा सहकारीताको अवधारणको विकासको कुरा गर्दा मानव सभ्यताको विकास सँगै विशेषगरी यूरोपियन देशहरुमा आएको औधोगिक क्रान्तिले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । सन् १७६० देखि १८३० सम्म वेलायत, फ्रान्स, जर्मनी लगाएतका देशहरुमा भएको औद्योगिक क्रान्तिले मानव समाजको विकासमा पनि बिभाजन ल्यायो । जसको कारण धनीका विरुद्धमा गरिबहरुले विभिन्न किसिमका आन्दोलनहरू  गरे जसले गर्दा देशको राज्य सक्रिय पनि परिर्वतन पश्चात् गरिबीको संख्यामा बृद्धि भएपछि त्यसवाट मुक्ति दिलाउन भनि राज्यले सहकारीको अवधारण विकास गरी गरिव, निमुखा र आय आर्जनमा प्रत्यक्ष सरोकार राख्न नसकेका व्यक्तिहरूलाई लक्षित गरी सहकारीताको आन्दोलनलाई अगाडि बढाएको पाइन्छ । यसरी सहकारीताको माध्यमवाट विपन्नवर्गलाई सामुहिक रूपमा लागनी गर्ने , समुहमा काम गर्ने र त्यसको प्रतिफल पनि सामुहिकरूपमा उपभोग गर्ने उद्देश्य सहित सहकारीतालाई अगाडी वढाएको पाइन्छ । त्यस्ता व्यक्तिहरूलाई सहकारीको माध्यामवाट तालिमको व्यवस्था गर्ने, लगानी गर्ने, नयाँ नयाँ कार्य गर्नमा

उत्प्रेरण जगाउने वा प्रोत्साहन गर्ने लगाएतका सहकार्यहरु गरी उनीहरूको जीवन स्तर उठाउन मद्दत गर्ने जस्ता कार्यहरू संस्थावाट गर्ने गरिन्छ । (ठकुरी, २०६५)

सहकारी वास्तवमा के हो त ? भन्ने सवालमा विभिन्न क्षेत्रको आ-आफ्नै तर्क हुनु स्वाभाविक हुन्छ । यसलाई समाजवादीहरूले एउटा यस्तो समाज व्यवस्था हो जसवाट वर्ग संघर्ष विनानै शोषणलाई समाप्त पार्न सकिन्छ भन्दछन् । यसलाई समाजवादीहरूले एउटा यस्तो समाज व्यवस्था हो जसवाट वर्ग संघर्ष बिना नै शोषकलाई समाप्त पार्न सकिन्छ भन्दछन् । त्यस्तै मार्क्सवादीहरू समाजवादी समाज निर्माणको जग नै सहकारीको आर्थिक आधार हो भन्दछन् । (वादाल, २०६२)

सन १९९५ देखि नै अर्न्तराष्ट्रिय सहकारी महासंघ र संयुक्त राष्ट्रसंघले संयुक्तरूपमा हरेक बर्षका लागि ध्येय तय गर्दै आफ्ना सदस्य राष्ट्र र संघहरूमा प्रेषित गर्दै आएका छन् । हरेक बर्ष जुलाई महिनाको पहिलो शनिबार अर्न्तराष्ट्रिय सहकारी दिवसको रूपमा संसारभरी मनाइन्छ । सन् २०१२ लाई अर्न्तराष्ट्रिय सहकारी बर्षका रूपमा विश्वभर मनाउन संयुक्त राष्ट्र संघको ६४ औं महासभाले घोषण गरेको थियो । सामान्य तया मार्च अथवा अप्रिल सम्ममा त्यो बर्षका लागि नारा तय गरिन्छ । सन् २००० देखि सन् २०१२ सम्मका नाराहरू यस प्रकार छन् ।

२०००: “सहकारी र रोजगारी प्रबर्द्धन”

२००१: “तेश्रो सहश्राब्दीमा सहकारीका लाभहरू”

२००२: “समाज र सहकारीः समुदाय प्रतिको चासो”

२००३: “सहकारीले विकास गर्न सक्छः संयुक्त राष्ट्रसंघको सहश्राब्दी विकास लक्ष्यमा सहकारीको योगदान”

२००४: “सबैका लागि अवसर निर्माण गर्न र स्वस्थ्य भूमण्डलीकरणका लागि सहकारी”

२००५: “सहकारी र रोजगारी प्रबर्द्धन”

२००६: “सहकारी मार्फत शान्ति स्थापना”

२००७: “संस्थागत सामाजिक उत्तरदायीत्वको लागि सहकारी मूल्य तथा सिद्धान्तहरू”

२००८: “सहकारी व्यवसाय मार्फत जलवायु परिवर्तनमा न्यूनीकरण”

२००९: “सहकारी व्यवसाय मार्फत आर्थिक पुनरूत्थान”

२०१०: “सहकारी व्यवसाय मार्फत महिला सशक्तिकरण”

२०११: “युवा, सहकारी व्यवसायको भविष्य”

२०१२: “सहकारी व्यवसाय द्वारा समृद्ध विश्वको निर्माण” (चिनारी, २०६९)

नेपालमा सहकारीको विकास भए लगत्तै यसले विशेष गरि दिगो विकास हाँसिल गर्न र गरिबी हटाउन, गरिब जनताहरू र बिशेष गरी महिलाको सशक्तिकरण गर्दै भरपर्दो बचत तथा बीमा सेवाहरू उपलब्ध गराएर लघु व्यवसाय शुरु गर्न विपन्न वर्गका महिलाहरू सक्षम भएका छन् । अन्ततोगत्व तिनका बचतहरु छोराछोरीलाई स्कूल पढाउन, स्वास्थ्य हेरचाहमा पहुँच र घरबासका लागि परिवारलाई सक्षम तुल्याउदै जीवन स्तर सुधार गर्न मद्धत गरेका छन् । (सहकारी प्रतिवेदन, २०६२)

हाम्रो जस्तो विकाशील देशको लागि सहकारी कोसेढुङ्गा बनेको छ । जसले साना साना समस्याको समाधान गदै समुहमा रहेर कार्यगर्ने विशेषगरी महिलाहरूमा यसले ठुलै क्रान्ति ल्याएकोछ । आफूसँग कुनै कार्य गर्नका लागि एक पैसा नभएर हात बाँधेर बसेका महिलाहरू, हामीले के गर्न सक्छौं र ? भन्ने महिलाहरू, आर्थिक आय आर्जन त पुरुष वर्गले गर्ने हो हामीले कहाँ गर्न सक्छौ र ? भन्नेहरू पुरुषले कमाएर दिएकोले खाने हो उनीहरूको कमाइमा बाँच्ने र आफूलाई दासीको रूपमा ठान्नेहरू, विरामी पर्दा पैसाको अभावमा उपचार गर्न नपाएर आफ्ना परिवारका सदस्यहरू गुमाएका व्यक्तिहरू आज सहकारीको माध्यमबाट एक दुई पैसा जम्मा गरी सहकारी समूह वनाएर आफ्नो आय आर्जनमा बृद्धि गरि अर्काको भर पर्ने होइन आफ्नो लागि आफैं गर्न सकिन्छ भन्ने भावनको विकास भएको पाइन्छ । जुन सहकारीको देन हो सहकारी यहि क्रममा विकास हुदै गएमा यो देशपनि समृद्धशाली देशबन्न समय लाग्दैन केबल देशको एउटा राजनैतिक प्रतिबद्धता मात्र चाहिन्छ । त्यसैले त सरकारले पनि विपन्न वर्ग र विशेष गरी  महिला वर्गलाई लक्षित गरी टोल टोलमा सहकारी घर घरमा रोजगारी भन्ने नारा नै आफ्नो बजेट भाषण मार्फत सार्वजनिक गरेको छ । यसर्थ सहकारी विपन्न वर्गको उत्थानमा एक कोसेढुङ्गको रूपमा स्थापित भएको पाइन्छ ।

## १.२ समस्याको कथन

नेपाल एक विकाशील पितृसत्तामक देश हो । वि.सं २०६८ सालको जनगणना अनुसार पुरुष भन्दा महिलाको संख्या तुलनात्मक रूपमा बढी नै भएता पनि वास्तवमा महिलाहरू पुरुषहरूको तुलनामा आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक रूपमा पछाडीपरेका, शोषित, दमित, पीडित, अपहेलित अवस्थामा रहेको पाइन्छ । धर्मका आधारमा हेर्द यहाँ सबै भन्दा बढी हिन्दु धर्म मान्नेहरू पाइन्छन् । कुनै पनि शुभ कार्य गर्दा पञ्चकन्या बाट गरिन्छ भने धर्ती माताका रूपमा पुजा गरिन्छ । यती हुँदाहुँदै पनि पुरुषको तुलनामा महिला अनुत्पादन मूलक क्षेत्रमा कामकाज गर्दै आई रहेको पाइन्छ । महिला महिला भएकै कारणवाट पछाडि पारिएको छ । यदि महिला घर बाहिर जानु परेमा पुरुषको अनुमति लिएर जानु पर्ने र तोकिएको समयमा घरमा उपस्थित हुनु पर्ने ढिला भएको खण्डमा परिवार बाट खप्कि खानुपर्ने अवस्था विद्यमान छ । केहि समय यता शहरी परिवेशमा भने यस्तो अवस्था केही मात्रामा कमहुदै गएको पाइन्छ । नेपाल सरकारले महिला शसक्तिकरणको लागि विभिन्न कार्यक्रमहरू सरकारी स्तरबाटै ल्याइएको भएतापनि ति कार्यहरू त्यति प्रभावकारी हुन नसकेको अवस्था छ । कतिपय कार्यक्रमहरू कागजीरूपमा मात्र बनाईएका छन् भने कति पय देखाउनका लागि मात्र । राजनैतिक रूपमा हरेक क्षेत्रमा महिलालाई उत्थान गर्न महिलाकोटा छुट्टै र खुलामा समेत प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरी रोजगारीको क्षेत्रमा पनि महिलाको केही पहुँच वढाउने र शैक्षिक क्षेत्रमा पनि विशेष किसिमका कार्यक्रमहरू संचालनमा ल्याइएको पाइन्छ । तथापी महिला आर्थिक, राजनैतिक, समाजिक, शैक्षिक क्षेत्रमा किन पहुँच र नियन्त्रण अझै पनि पुग्न सकेको छैन भन्ने कुराहरू नै यस अनुसन्धानको समस्याको कथन अर्न्तगत पर्दछ । जसलाई वुदाँगत रुपमा यसको समस्या हरूलाई यसरी प्रस्तुत गरीएको छ :

- ❖ सरकारी एवम् गैह्र सरकारी संघ संस्थाको माध्यमवाट महिलाहरूको उत्थान हुन नसक्नुको कारण के हो ?
- ❖ महिला पुरुष भन्दा पछाडी पर्नुको कारणहरू के हुन् ?
- ❖ विशेषत महिलाको आर्थिक क्षेत्रमा पहुँच र नियन्त्रण पुग्न नसक्नुका कारणहरू के के हुन ?

- ❖ महिलाको विकासमा वाधक पुरुष मात्रै हुन् कि ?
- ❖ महिला शसक्तिकरणको लागि अपनाउनु पर्ने उपायहरू के के हुन् ?
- ❖ महिला बचत तथा ऋण सहकारी संस्थाको माध्यबाट महिलाको विकासका लागि के कस्ता कार्यक्रमहरू संचालन गरिएका छन् ?
- ❖ महिलाको शसक्तिकरणमा बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरूको स्वयम आफ्नो भूमिका कस्तो छ ?

## १.३ अनुसन्धानका उद्देश्यहरु

**क) सामान्य उद्देश्यः** सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक जीवनमा पारेको प्रभाव ।

**ख) बिशिष्ट उद्देश्यः**

१. सहकारीमा सम्लग्न महिला सहभागिता पत्तालगाउने,

२. सहकारीताले महिलामा पारेको सामाजिक परिवर्तन तथा प्रभाब अन्वेषण गर्ने र

३. सहकारीताले महिलामा पारेको आर्थिक परिवर्तन तथा प्रभाब विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

देशको जनसंख्याको आधा भन्दा बढी हिंस्सा ओगटेका महिला एकाइसौं शताब्दिमा आईपुग्दा पुरुषको तुलनामा कस्तो अबस्था रहेको छ पत्तालगाउने । समग्रमा महिला पछाडि पर्नु वा पार्नुका कारण र महिला सहकारीले महिलाको जीवन स्तर उकास्न के कस्ता सुधारका कार्यक्रम ल्याएका छन् । समाजमा तिनीहरूको प्रतिष्ठालाई उनीहरूलाई समावेश गर्दै के कस्ता तालिमहरू दिएका छन्, के कस्ता सुविधाहरू दिएका छन् र समग्रमा महिलाको आर्थिक स्तर वृद्धिगर्न र तिनीहरूको सामाजिक प्रतिष्ठामा सम्मानित वनाउनमा महिला बचत तथा ऋण सहकारी संस्थाले कसरी भूमिका निर्वाह गरेको छन् भन्नेबारेमा जानकारी प्राप्त गर्नु र यसको माध्यामबाट अन्य असंगठीत र सहकारीमा नलागेका महिलाहरूलाई पनि सहकारीमा लागि महिला उत्थानको कार्यमा हातमा हात राख्दैं सहकार्य गर्दै अगाडि बढी सम्मुन्नत नेपालको निर्माणमा सहयोग पुऱ्याउनु यस अध्ययनको महत्व वा औचित्य हुनेछ ।

## १.५ अध्ययनको सिमा/क्षेत्र

अनुसन्धान कर्ताको समय, अनुसन्धानका लागि आवस्यक क्षेत्र तथा साधनको आधारमा यस अध्ययनमा एउटा मात्र सहकारी संस्थाको अध्ययनको आधारमा गरिएको यस अध्ययनले सबै सहकारीहरुमा सामान्यीकरण गर्न भने सकिदैन ।

आर्बा बिजय गा.वि.स वडा नं. २ अवस्थित ज्योती महिला बचत तथा ऋण सहकारी संस्था यसको अध्यानको सिमा क्षेत्र भित्र पर्ने छ, हुन त यस जिल्लामा यस्ता ३५ वटा भन्दा बढी महिला बचत तथा ऋण सहकारी सञ्चालनमा आएका छन् ता पनि ति सबैको बारेमा अध्ययन गर्न व्यक्तिगत रुपमा प्राय संभव नदेखिएकोले एउटै मात्र महिला बचत तथा ऋण सहकारीको अध्ययन गरिएको छ । ज्योती महिला बचत तथा ऋण सहकारीमा लागेपछि उनीहरूको आर्थिक उन्नति र सामाजिक प्रतिष्ठामा के कस्तो सुधारहरू आएका छन् तिनिहरूको बारेमा जानकारी प्राप्त गर्नु नै यसको सिमा क्षेत्र भित्र पर्नेछ । त्यस वाहेकका राजनैतिक र शैक्षिक बिषयवस्तुहरू प्रसङ्गवस आए पनि त्यसलाई अध्यायनको सिमा भित्र राखिने छैन । यस अध्ययाले अन्य ठाउँका सहकारी संस्थाको अवस्था पनि यस्तै रहेछ भनि तुलनात्मक रुपमा भन्न सकिदैन ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

प्रस्तुत सोधपत्रलाई मुख्यतया सात अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अनुसन्धानका उद्देश्य, अध्ययनको महत्व, सिमा तथा क्षेत्रलाई समावेश गरिएको छ । त्यस्तै दोस्रो अध्यायमा अध्ययन संग संवन्धित सहकारीताको अवधारया, सैद्धान्तिक पक्ष, बिषेशता, मूल्यमान्यता, ऐतिहासिक पृष्ठभूमि, फाइदा, पूर्व अध्ययनको समिक्षा समावेश गरिएको छ । तेस्रो अध्यायमा अनुसन्धान पद्धति, ढाँचा, क्षेत्र, तथ्याङ्कको प्रकृति र स्रोत, जनसंख्या र नमुना संकलन प्रस्तुतीकरण र विश्लेषणलाई समावेश गरिएको छ ।

त्यसैगरि अध्याय चारमा अध्ययन क्षेत्रको वस्तुगत विवरण त्यस्तै अध्याय पाँचमा उत्तरदाताको आर्थिक प्रभावको विश्लेषण, अध्याय छ मा सामाजिक तथा संस्कृतिक प्रभावको अवस्थालाई देखाईएको छ । सातौ अध्यायमा सारांश, निष्कर्ष र सुझावलाई प्रस्तुत गरिएको छ भने सातौ अध्यायमा अन्तरवार्ता सूचि, तस्वीरहरु समावेश गरिएको छ ।

# अध्यायः दुई
# साहित्य समीक्षा

## २.१ सहकारीको अवधारणा

प्रत्येक व्यक्ति, समुदाय तथा राष्ट्र आफैं बढी विकसित हुन चाहन्छ । यो एउटा मानवीय गुण नै हो कि प्रत्येक यथास्थितिबाट माथि उठ्न सकिन्छ । अरू बढी सफल, समुन्नत र सक्षम हुन सकिन्छ भन्ने सोचिरहन्छ । यसबाट के भन्न सकिन्छ भने विकास भनेको वर्तमानमा हुने सकारात्मक परिवर्तन हो, जुन समाजको संरचनात्मक परिवर्तनसँग सम्बन्धित छ । वास्तवमा विकासका लागि समुन्नत समाज जो पराधीनताबाट, शोषणबाट अनि दमनबाट मुक्त भएको हुनुपर्छ । सबै वर्ग वा समुदायको समतामा आधारित पहुँचको अभिवृद्धिलाई विकास भन्न सकिन्छ । यसैले विकास वितरण प्रणालीसँग पनि सम्बन्धित छ । विकास कुनै एउटा तौलिन सक्ने वस्तु नभएर यसको प्रकृति नितान्त गुणात्मक हुन्छ, जसमा मानवीय क्षमताका कारण आफ्ना स्रोत र साधनको अधिक प्रयोग गरिन्छ ।

मानव सभ्यताको विकासका शुरुका दिनहरूमा जनसङ्ख्या ज्यादै कम थियो । त्यसबेला मानिसहरूलाई आफ्ना आधारभूत आवश्यकता पूरा गर्न गाह्रो पर्दथ्यो । तसर्थ त्यस समयमा मानिसहरू आफैमा निर्भर हुँदै थिए । जनसङ्ख्याको विस्तारसँगै आवश्यकता र चाहनालाई पूरा गर्ने वस्तु र सेवाहरूको उत्पादन आफैले गर्न गाह्रो हुँदै आयो । फलस्वरूप मानिस मानिसबीच सहयोग र समन्वय स्थापना गर्नुपर्ने आवश्यकता हुन थाल्यो । यसबाट आफूले उत्पादन गरेका वस्तु र सेवा अरूलाई दिने र अरूले उत्पादन गरेका वस्तु र सेवा आफूले लिने प्रथाको शुरुवात हुन थाल्यो । यसले गर्दा अरू र आफ्नो आवश्यकतालाई पूरा गर्न उत्पादन प्रणालीको विकास भयो । यस धारणाले वस्तुहरूमा आफ्नो स्वामित्व आवश्यक पर्ने कुराको महशूस हुन थाल्यो । त्यसबेलाको समयमा हालको जस्तो भौतिक साधन, स्रोत र सुविधाको विकास भएको थिएन । क्रमश : आफूले उत्पादन गरेको वस्तुलाई वस्तु विनिमय प्रणालीअनुसार आवश्यकताको पूर्ति गर्ने माध्यमका रूपमा विकसित हुन थाल्यो । विकास सँग सँगै आवश्यकता पनि बढ्न थाल्यो र पूर्ति पनि बढ्न थाल्यो । (श्रेष्ठ, २०६६)

समाज वस्तु विनिमय प्रणालीबाट क्रमश : मुद्राको माध्यमकले खरिद बिक्री गर्ने प्रणालीमा पुग्न थाल्यो । जसले गर्दा वस्तु सेवाको उत्पादन देखि वितरणसम्म व्यावसायिक प्रणालीको शुरुवात हुन थाल्यो । सभ्यताको विकास सँगसँगै मानिसहरूमा सहकारिताको भावनाको विकास प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हुँदै आएको पाइन्छ । आजको संसारमा सम्पत्ति आर्जन गर्ने, बेचबिखन गर्ने, सङ्गठनमा स्वतन्त्र रूपमा सहभागी हुने, स्वतन्त्र रूपमा आर्थिक कृयाकलापमा भाग लिई आर्थिक विकास गर्ने र सामाजिक प्रतिष्ठा उच्च कायम गर्नेतर्फ सहयोग पुऱ्याउने माध्यमका रूपमा सहकारी आन्दोलनले विश्वव्यापी मान्यता पाएको छ । (काफ्ले, २०६७)

**सहकारीका विशेषताहरू**

- आर्थिक कृयाकलापको माध्यम,
- व्यवसाय गर्ने तरिका,
- सामूहिकता स्वामित्वमा आधारित व्यवसाय,
- सदस्य केन्द्रित व्यवसाय,
- एक प्रकारको आत्म सहयोगी कृयाकलाप,
- सजिलो र दिगोपना उन्मुख उपयुक्त व्यावसायिक ढाँचा,
- आफ्नै निश्चित मूल्य, मान्यता र सिद्धान्तमा आधारित संस्था, (झलक, २०६९)

**सहकारीका मूल्यहरू**

| **आधार मूल्यहरू** | **नैतिक मूल्यहरू** |
|---|---|
| १) आत्मसहयोग | १) इमानदारिता |
| २) स्वउत्तरदायि | २) खुलापन र पारदर्शिता |
| ३) प्रजातन्त्र | ३) सामाजिक उत्तरदायित्व |
| ४)समानता | ४) अरूको हेरचाह |
| ५)समता र समन्याय | |
| ६) ऐक्यवद्धता (चिनारी, २०७०) | |

**सहकारिता बाट हुने फाइदाहरू**

सहकारीताबाट समाजका सबै क्षेत्रमा सकारात्मक प्रभाव परेको हुन्छ । हुन त समाजमा यदाकदा केही सहकारीका व्यवस्थापक तथा पदाधिकारीहरू बाट हुने गरेको अनैतिक तथा वित्तीय हिनामिना तथा सहकारी नै बन्द गरेर भाग्ने घटना यदाकदा पाइन्छ । त्यसमा सहकारी सञ्चालनमा सहकारी ऐन र स्वयम सरकारले पनि त्यसमा आवश्यक पहलकदमी गर्न नसक्नु, जनतामा सहकारीसम्बन्धी अवधारणा तथा चेतनाको कमीले गर्दा केही नकारात्मक कार्य भए पनि समग्रमा धेरै फाइदा छन् । त्यस्ता समाचारले हामीलाई अलमलाएको पनि हुन्छ, तर सहकारीका धेरै फाइदाहरू छन्, जुन निम्नानुसार छन् : (अधिकारी, २०६५)

**सामाजिक फाइदा**

- इमानदारिताको विकास
- एकताको भावना
- सामाजिक उत्तरदायित्वको अनुभव
- नेतृत्वको विकास :
- सामुदायिक विकासः

**आर्थिक फाइदा**

सहकारी संस्थाको वस्तु तथा सेवाहरूको उत्पादन तथा बिक्री वितरणमा सरलता ल्याई व्यवस्थित रूपमा वितरण गरेको हुन्छ । जुन कार्यबाट सदस्यहरूलाई बढी मूल्यको भार तथा झन्झट बाट मुक्ति दिलाउनाको साथै समयमा नै सेवा प्राप्त गर्न पनि मद्दत प्रदान गरेको हुन्छ । सहकारीबाट सबै जात, धर्म, लिङ्ग जुनसुकै सदस्यहरूलाई समान रूपमा वस्तु तथा सेवाको वितरण गरी सदस्यलाई सेवा पुर्‍याउन संस्था सक्षम हुन्छ ।

- **कच्चा सामानको उपलब्धता तथा सुलभ बिक्री वितरण**
- **असल वस्तुको उचित मूल्यमा बिक्री वितरण**
- **बचत सङ्कलन**
- **ठगीबाट बचाउने**

**सहकारीबाट प्राप्त शैक्षिक फाइदा**

सहकारी संस्थाले सदस्यहरूको शैक्षिक स्तरमा वृद्धि ल्याउन शिक्षामा लगानी गरेको हुन्छ । सहकारीमा सहकारी शिक्षा कोषको पनि व्यवस्था गरिएको हुन्छ । सहकारी शिक्षाको साथै अन्य सीपमूलक ज्ञानबर्धक शिक्षा वा तालिमको कार्य पनि गरेको हुन्छ । यस प्रकारका शैक्षिक कार्यक्रमहरूका माध्यमबाट सदस्यहरूमा आर्थिक, सामाजिक, सांस्कृतिक तथा व्यावहारिक ज्ञानको विकास भएको हुन्छ । राष्ट्रनिर्माणमा सहकारी संस्थाहरूले पुऱ्याउन सक्ने योगदानहरू सहकारिता वा सहकारिताको सिद्धान्तले तलका विषयहरूलाई अभिव्यक्त गरेको पाइन्छ ।

- स्वावलम्बन
- सामाजिक उत्तरदायित्व
- प्रजातन्त्र
- समानता
- सामाजिक न्याय
- नैतिक आचरण
- इमानदारिता
- खुल्लापन
- सामाजिक उत्तरदायित्व (सहकारी गतिविधी, २०६६)

**सहकारीताको ऐतिहािसक पृष्ठभूमि**

१) २००८ त्रिभुवन ग्राम विकासको औपचारिक शुरुवात ।

२) २०१० कृषि मन्त्रालय अन्तर्गत सहकारी मन्त्रालयको स्थापना ।

३) २०१३ चिवतनमा पहिलो ऋण सहकारी संस्था ।

४) २०१६ सहकारी ऐन पारित ।

५) २०१७ सहकारी नियमावली तर्जुमा, सहकारी विकास, कोषको स्थापना, साझा संस्थाको स्थापना ।

६) २०१८ सहकारी तालिम केन्द्रको स्थापना ।

सहकारी विभागलाई तत्कालीन पंचायत मन्त्रालयमा सारिएको सहकारी बैंकको स्थापना ।

७) २०२२ सहकारी विभागलाई कृषि तथा भूमिसुधार मन्त्रालयमा सारिएको ।

८) २०२३ सहकारी बैंकलाई कृषि विकास बैंकमा रूपान्तरण गरिएको ।

९) २०२५ सहकारी संस्थाहरूको व्यवस्थापन कृषि विकास बैंकलाई हस्तान्तरण ।

१०) २०३४ ३० जिल्लाहरूका साझा कार्यक्रम सञ्चालन र व्यवस्थापन कृषि विकास बैंकबाट सहकारी संस्थाहरूको व्यवस्थापना समितिमा हस्तान्तरण ।

११) २०४० साझा सहकारी ऐन १९४८ लागू गरिएको ।

१२) २०४१ सहकारी विभागलाई साझा विकास विभागमा र सहकारी प्रशिक्षण केन्द्रलाई साझा विकास तालिम केन्द्रमा परिणत ।

१३) २०४२ साझा संस्था ऐन पारित ।

१४) २०४८ सहकारी ऐन तर्जुमा गरी लागू गरेको साझा विकास विभागलाई सहकारी विभागमा परिणत ।

साझा विकास तालिम केन्द्रलाई सहकारी प्रशिक्षण केन्द्रमा परिणत ।

साझा विकास शाखालाई जिल्ला सहकारी कार्यालयमा परिणत ।

१५) २०५० बचत तथा ऋण सहकारी संस्थाहरूको केन्द्रीय संघको स्थापना ।

१६) २०५६ कृषि मन्त्रालयलाई कृषि तथा सहकारी मन्त्रालयमा परिणत ।

१७) २०५७ साना किसान सहकारी संस्थाहरूको केन्द्रीय बैंकको रूपमा साना किसान बैंकको स्थापना ।

१८) २०५८ सहकारी ऐन २०४८ अन्तरगत राष्टिय सहकारी बैंक लि.दर्ता भई कार्यक्रम संचालन ।

१९) २०६१ सहकारी विभागको संरचना परिवर्तन, ६८ जिल्लामा रहेका सहकारी कार्यालयको संख्या कटौति गरी ३८ जिल्लामा डिभिजन सहकारी कार्यालयको स्थापना ।

सहकारी विभागवाट प्रथम पटक सहकारी संघ संस्था दर्ता तथा नियमन

२०) २०६४ मापदण्ड जारी गरी कार्यन्वयन ।

सहकारी विभागवाट सहकारी संघ संस्था दर्ता, संचालन, लेखापरिक्षण, अनुगमन

२१) २०६८ तथा नियमन संम्वन्धी मापदण्ड जारी गरी कार्यन्वयन ।

सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना । (शिक्षा माला, २०६९)

२२) २०६९

## २.२ सहकारी सिद्धान्तहरू

सहकारी सिद्धान्तहरू सहकारी मूल्यलाई व्यवहारमा उतार्ने मार्गदर्शन हुन् । अन्तर्राष्ट्रिय सहकारी महासंघ द्वारा वि.सं.२०५२ (सन् १९९५) मा आइ.सि.ए को ३१ औं महाधिवेशनले परिमार्जिन गरी लागू गरिएका सात सिद्धान्तहरू हालसम्म प्रचलित छन् ।

१) स्वेच्छिक तथा खुल्ला सदस्यता,

२) सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण,

३) सदस्यद्धारा आर्थिक सहभागिता,

४) स्वायत्तता र स्वतन्त्रता,

५) शिक्षा, तालिम र सूचना,

६) सहकारीबीच पारस्परिक सहयोग र

७) समुदायप्रति चासो, (सहकारी डाइरेक्ट्री २०६८, कास्की)

## लैङ्गिक विकासको मुद्दाका रुपमा

यस प्रक्रियामा लैङ्गिक विकासको अवधारणा एउटा प्रभावकारी रणनितिको रुपमा लिईएको छ । दोस्रो विश्वयूद्ध पछि नव स्वतन्त्र राष्ट्रहरुलाई गरिवि र अविकासको स्थितिवाट मुक्त गर्नकालागि संयूक्त राष्ट्र संघले विभिन्न योजना तजुमा समेत गऱ्यो । त्चष्अपभि मयधल अवधारणामा कार्यान्वयन गरिएको विकास योजना र रणनीतिले गरिविको दुश्चक्रवाट खासगरी तेस्रो विश्वका गरिव जनतालाई मुक्तगर्न सकेन यसतो पृष्ठभूमिमा विकासका नयाँ रणनीति र दृष्टिकोणहरुको खोजि हुन थाल्यो । विकासका कार्यक्रमहरुमा महिलाको सहभागिता हुनुपर्ने मान्यताको विकास भयो । सन् १९७५ लाई संयूक्त राष्ट्र संघले अन्तराष्ट्रिय नारी बर्षका रुपमा मनाउने निर्णय गऱ्यो । सन् १९७५ देखि १९८५ सम्मलाई महिला दशकको रुपमा संयूक्त संघले घोषण गऱ्यो । सन् १९७५ मा मेक्सीकोसिटी, १९९५ मा चिनको राजधानी वेइजिङ्ग सम्मेलनमा क्रमशः पहिलो, दोस्रो, तस्रो र चौथो विश्व महिला र पुरुष विचको संबन्धलाई संतुलनमा ल्याउने र कमजोर पक्षलाई सशक्तिकरण गनुपर्नेमा जोड दिएका छन् ।

**विकासमा महिला**

सन् १९५० देखि १९७० को दशक सम्म प्रचलित आधुनिकिकरण सिद्धान्तमा आधारीत विकास प्रक्रियाले महिलाहरुलाई समेट्न सकेन । आधुनिकिकरणलाई महिलाहरुले आत्मसात् गर्न सकेनन् । विकास योजनाहरुमा महिलाहरुलाई खासै महत्व दिईएन जसको फलस्वरुप विकासमा महिला अवधारणा देखापरेको पाईन्छ । यस अवधारणाको मुख्य समस्या आधाआकास ओगटेका महिलाहरुलाई विकास प्रक्रियामा सहभागी गराउन नसक्नु हो । त्यसैले विकास प्रक्रियामा महिलाहरुलाई पनि एकीकृत गर्नु पर्दछ । जसका लागि महिलाको उत्पादकत्व, स्वास्थ्य, शिक्षा र आयको स्तरमा सुधार हुनुपर्दछ भन्ने मान्यता राख्दछ ।

**महिला र विकास**

विकासमा महिला अवधारणले प्रश्तुत गरेका रणनीतिहरुबाट मात्रै वास्तविक अर्थमा महिलाको विकास नहुने चर्चा गर्दै सन् १९७० को दशकको उत्तरार्धमा महिला र विकास अवधारणको शुरुवात भएको हो । यो परनिर्भता सिद्धान्तको पृष्ठभूमिमा आएको अवधारण हो । महिला र विकास अवधारणले महिलाको उत्पादक भुमिकालाई मात्र नभएर पुनरुत्पादक भुमीकामा समेत आफ्नो ध्यान केन्द्रित गरेको छ । यस अवधारणाले महिलाहरु विकास प्रक्रियाको एउटा अंश भएकाले केवल लाभान्वित समुहको रुपमा मात्र नलिएर महिला र विकासलाई संगसंगै लैजानुपर्दछ भन्ने मान्यता राख्दछ ।

**लैङ्गिक र विकास**

विकास प्रक्रियामा महिलालाई समेटेर तथा महिला र विकास प्रक्रिया बिचको संबन्धलाई व्यवस्थित गरेर मात्र सँचो अर्थमा महिलाको विकास हुन नसक्ने र महिलाको विकासमा पुरुषलाई पनि सहभागि गराउनु पर्नेमा जोड दिदै सन् १९८० को दशकपछि लैङ्गिक र विकास अवधारणा देखापरेको हो । लैङ्गिक र विकासले महिला र पुरुषका बिचको संबन्धमा कमजोर पक्षलाई सशक्तिकरण गरेर समान हैसियतको बनाउनु पर्दछ भन्ने मान्यता राखेको पाईन्छ ।

नेपालको सन्दर्भमा वर्तमान २१ औं सताब्दीमा पनि सहकारीताको अवधारण बाट पुरुषको तुलनामा महिलाहररु निकै पछाडी परेका छन् । राष्ट्र निर्माणमा सहकारीले महत्वपूर्ण खेलेका पाइन्छ जसमा सबै तह र तप्काका महिला सामु पुग्नु पर्दछ र सहकारीताको स्वाद चाख्न पाउनु पर्दछ । सिङ्गो राष्ट्र निर्माणमा सहकारीको महत्व हुदाहुदै पनि जनताको न्यून पहुँच रहनुले राष्ट्रीय आर्थिक विकासमा बाधा सिर्जना गरेको छ । (पौडेल, २०६७)

## २.३ पूर्व अध्ययनको समीक्षा

सहकारिताले नागरिकलाई सङ्गठित भई आफ्ना तथा समुदायको विकास गर्ने अवसर प्रदान गर्छ । व्यक्ति समाज, गाउँ, जिल्ला हुँदै समग्र राष्ट्रको विकासका लागि सहकारिता एउटा महत्वपूर्ण औजारका रूपमा स्थापित हुनसक्दछ । सहकारिताले सदस्यद्वारा, सदस्यले, सदस्यको लागि गरिने कार्य भएकाले यो जुनसुकै समयमा पनि सदस्य तथा समुदायको हितमा समर्पित भएको हुन्छ । राज्यले नीति निर्माणको तहमा रहेर सहकारी व्यवसाय सञ्चालन गर्न सहज वातावरण सिर्जना गरेमा सहकारी संस्थाले देश विकासको कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ । (सेन्टर फर माइक्रो फाइनान्स, २०६५ असोज)

"सहकारिता संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणयुक्त व्यवसाय मार्फत साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकाङ्क्षा पूर्ति गर्न स्वेच्छाले संगठित भएका व्यक्तिहरूको स्वायत्त संस्था हो । (अन्तर्राष्ट्रिय सहकारी महासंघ, १९९५)

महिलाहरूले सहकारी मार्फत स्रोत र साधनमा पहुँच पुऱ्याउने एउटा प्लेटफर्म बनाउन सक्दछन्, जहाँबाट श्रमजीवी महिलाहरूको आवाज प्रभावकारी रूपमा अगाडि आउन सक्छ । (वुलौक, १९९४)

सहकारीले स्थानीय आवश्यकताको पूर्तिका लागि स्थानीय स्रोत र साधनको परिचालन गरी स्थानीय स्तरको उत्पादनमा आत्मनिर्भर बन्न उत्प्रेरित गर्दछ, जागरण ल्याउँछ । यसबाट सामाजिक विकासको विस्तारमा आम जनसमुदायको सक्रिय सहभागिता रहन्छ । (हेन्ज र दाहाल, २०५४)

सहकारीबाट सामाजिक र आर्थिक लक्ष्यको अपेक्षा राखिएको हुन्छ । उपयोग गर्न नसकिएका स्रोत साधनहरूको उपयोग गर्ने, त्यसलाई उत्पादनमा वृद्धि एवं परिचालन गर्दै अवसरबाट सामाजिक न्याय र समानताको अपेक्षा गरिन्छ । (आविस्कार, १९९३)

नवलपरासी जिल्लामा सञ्चालित सहकारी संस्थाहरूले त्यस क्षेत्रका बासिन्दाहरूको लागि आवश्यक पर्ने उपभोग्य वस्तु, कृषि उपज लगायत सामाग्रीहरूको आपूर्ति र वितरणका साथै बचत तथा ऋण कार्यक्रम सञ्चालन गरी सेवा पुऱ्याइरहेका छन् । राष्ट्रिय सहकारी विकास बोर्डले नवलपरासी जिल्लामा एकसय भन्दा बढी सहकारी संस्थामध्ये ११ वटालाई एकीकृत सहकारी विकास आयोजना अन्तरगत राखी कार्यक्रम सञ्चालन गर्दै आएको छ । जसबाट त्यस भेगका बासिन्दाहरूका लागि मल, बीउ, कीटनाशक औषधी

आदि कृषि उत्पादनका क्षेत्रमा आवश्यक सामग्री र उपभोग्य वस्तु चिनी, तेल, चामल, दाल आदि सरल र सुपथ ढंगले जनतालाई उपलब्ध गराउन सक्रिय भएका छन् । यसै गरी जनतालाई अत्यावश्यक पर्ने स-साना ऋण दिएर उनीहरूलाई बैंक सम्म धाउन पर्ने झन्झटबाट मुक्ति दिलाउनसमेत आयोजना प्रभावकारी भएको छ । (पौडेल, २०५६)

हिमालपारी मुस्ताङ्ग जिल्लाको एक गाउँमा स्थानयि कृषक जनताहरूले सहकारीको माध्यमबाट बारीको घाँस बेची एकजना कृषकले औसतमा सालभर ४००० जतिको घाँस व्यापारीलाई बेच्दा रहेछन् । त्यस गाउँमा एउटा सानो सहकारी संस्थाले गाउँका सारा सदस्यलाई समेटेर प्रत्येकको पारिवारिक आम्दानीमा वृद्धि गराउन सफल भएका छन् । यस्ता सम्भावनाहरू प्रशस्त छन् हाम्रो गाउँघरमा । मुख्य बालीबाहेक पनि कागती, केरा, पिँडालु, मेवा, ओखर, अम्बा, कुभिण्डो, फर्सी, दालचिनी जस्ता दशौं थरीका चिजबीचको सहकारी बजार व्यवस्था मिलाई सहकारीबाट तिनको खेती बिस्तार गर्दै सदस्यहरूको पारिवारिक आम्दानीमा सयौं रूपैयाँको योगदान गर्न सकिन्छ । (रेग्मी, २०६५)

वेलायतलाई सहकारीको जननि भनिन्छ । सन् १८४४ मा बेलायतको मेनचेष्टर शहरमा शोषणबाट मुक्त हुन १ जना महिला सहित २८ जना मजदुरहरुले उपभोक्ता सहकारी संस्था ( द रोचटेल इक्वीटेवल पायोनियर्स सोसाइटी ) गठन गरि सहकारी अभियान वैधानिक रुपमा शुरुवात भएको पाइन्छ । त्यसपछि विस्तारै विश्वभर विभिन्न प्रकृतिका सहकारी संघ संस्थाहरुको स्थापना हुदै विभिन्न क्षेत्रमा सहकारी मार्फत धेरैनै विकास भएको देखिन्छ । बिश्वमा हाल १ अरव मानिसहरु सहकारी क्षेत्रमा आवद्ध भै आर्थिक सामाजिक विकासमा लागेका छन् भने १० करोड जनाले रोजगार पाएका छन् । विश्वमा आर्थिक मन्दि भएको अवस्थामा समेत सहकारीले आफ्ना सदश्यहरुलाई निरन्तर सेवा प्रवाह गरि गरिबि न्यूनिकरण, सामाजिक सद्भाव र एकता काएम राख्ने समेत निरन्तर लागि परेको यर्थाथताको उच्च मूल्याङ्क भएको पाइन्छ । (सहकारी डाइरेक्ट्री,२०६८)

मोरङ्ग जिल्ला बेलबारी ४ की धनमाया सयपत्री नामक सहकारीमार्फत आफ्ना सदस्यहरू सहित सामाजिक क्रियाकलापमा सक्रिय भई लागेकी छन् । संस्थासँग सम्बन्धित सबै सदस्यहरूले आर्थिक कारोबार गर्नुदेखि लिएर बैकिङ्ग प्रकृयासमेत जान्ने मौकाहरू पाउँदै गए । बैंकभित्र छिर्न नसक्ने महिलाहरू आज बैंकका प्रबन्धकहरूसँग छलफल गर्नुका साथै बचत परिचालन कसरी गर्ने र सङ्कलित रकमलाई कसरी लगानी गर्ने भन्नेबारे छर्लङ्ग भएका छन् । यसरी घरभित्र मात्र सीमित भई बसेका महिलाहरू आर्थिक सङ्कलन गर्नेदेखि

व्यवसायमा लगानी गर्नेसम्मको काममा व्यस्त हुन थाले । संस्थामार्फत् विभिन्न तालिमहरू पाएपछि महिलाहरूमा केही गरौ भन्ने भावना र आत्मविश्वास बढेको र सदस्य धनमाया सहकारीमा आबद्ध भएपछि राजनीतिमा पनि सक्रिय भई मोरङ्ग वेलवारी ४ की निवर्तमान महिला सदस्य भई काम गरिन् । (श्रेष्ठ, २०५९)

नेपालमा झन्डै २४ हजार भन्दा वढी सहकारी संस्थाहरू छन् । बचत तथा ऋण र बहुउद्देश्यीय सहकारी संस्था सबैभन्दा बढी छन् । हिमाल पावर लिमिटेडले निर्माण गरेको ६० मेगावाटको खिम्ति जलविद्युत आयोजनाको निर्माणका क्रममा स्थानीय बासिन्दाका लागि खिम्ती जलविद्युत् आयोजनाले खिम्ती ग्रामीण सहकारी लिमिटेड जो एक मात्र विद्युत् सहकारी हो । यस सहकारीसँग आफ्नै पावर प्लान्ट छ जुन झाक्रे लघु जलविद्युत आयोजनाको सञ्चालनका लागि बनाइएको हो । नेपालका अरू विद्युत सहकारीसँग त्यो छैन खिम्ती जलविद्युत् आयोजनाका पूर्व प्लान्ट म्यानेजर खड्ग बहादुर विष्टको मेहनतको परिणाम हो यो । सहकारी । ६२० किलोवाट क्षमताको झाक्रे जलविद्युत आयोजनाको व्यवस्थापन तथा सञ्चालन यसैले आफै गर्दछ । २६ जना स्थायी कर्मचारी रहेको यस सहकारीले दोलखा र रामेछापका १० गाउँ विकास समितिका ४५०० घरमा अविच्छिन्न विद्युत् सेवा पुऱ्याइरहेको छ, नतिजा यी गाउँलेहरूले लोडसेडिङ्गको सामना गर्नुपरेको छैन । मुलुकका गाउँगाउँमा यसरी लघु जलविद्युत् आयोजना बन्ने हुन् भने गाउँलेहरूले बाह्रै महिना बाह्रै काल उज्यालो देख्न पाउँथे । (हुमागाई, २०६३)

गाउँमा दिलमाया र नुमा जस्ता धेरै जागँरिला महिलाहरू छन् । उनीहरूले गाउँमै निर्धन उत्थान बैंक सञ्चालन गरेका छन् । २ दर्जन बचत समूह, कुखुरा पालन समूह, दूध डेरी, माछापालन, तरकारी खेती समूह बनाई आर्थिक रूपमा पनि सशक्त बन्दैछन् । महिलाहरूको यस्तो कार्यले गाउँलेहरूलाई धेरै विकृतिबाट जोगाएको छ । आवश्यक परेको बेला घरखर्च टार्न र व्यवसाय गर्न पनि मद्दत पुऱ्याएको छ । त्यही समूहबाट पैसा लिई सावित्री थापाले कुखुरा पालन गरेकी छन् । नन्दा पुनले खाजा पसल चलाएकी छन् । धनसरा पुनले बाख्रापालन गरेकी छन् । तरकारी खेती गरिएको छ । सबै आयआर्जनको बाटो तर्फ अग्रसर भएका  छन् । ३० जना महिलाहरू प्रत्येक महिला ५० रु. का दरले उठाएर २ लाख ५० हजार जम्मा गरेपछि जनजागृति महिलाको नामबाट समूह गठन गरिएको हो । समूहबाट २५००० सम्म ऋण दिँदा कुनै धितोको आवश्यकता पर्दैन । घरको कामबाट बचेको समयलाई सदुपयोग गरेको कारण यहाँका महिलाहरूले यस्ता सिर्जनशील कामलाई

निरन्तरता दिन सकेका हुन् । त्यसै बसेर समय खेर फाल्नु भन्दा संस्था वा समूहमा बसेर काम गरे आफ्नो मात्र होइन, गाउँलाई समेत फाइदा पुग्ने विश्वास उनीहरूमा छ । यहाँका जाँगरिला महिलाहरूको सफलताको सिको गर्दै गाउँका पुरुषहरू पनि लक्ष्मी कल्याणकारी बचत समूह गठन गरी खडा भएका छन् । संस्थाका अध्यक्ष टीकानाथ योगी भन्दछन् । वास्तवमा पुरुषहरूभन्दा महिलाहरू बचततर्फ बढी संवेदनशील हुन्छन् । हामीले पनि उनीहरूको सिको गर्दै बचत खडा गरेका हौं । (थारु, २०६३)

डेढ दशक देखि खुलेको सहकारी संस्थाले गर्दा कास्कीको पुरञ्चौरका गाउँलेको जीवनस्तर नै परिवर्तन भएके छ । महिनाभरि मेलापात र खेतालाको काम गर्ने र एक दिनको ज्याला रु. २५ बचत जम्मा गर्ने गरी शुरु गरिएको यो सहकारी अहिले गाउँमै २ करोडभन्दा बढीको कारोबार गर्न सफल भएको छ । किसानका यत्रतत्र छरिएर रहेको नगन्य रूपैयाँलाई एकीकृत गरी घर खर्च टार्ने उद्देश्यले ६८ जना शेयर सदस्यले एक एक सय रूपैयाँ उठाएर २०५० सालमा सुरु गरेको यस सहकारीमा हाल एक हजार शेयर सदस्य छन् । सहकारीको शेयर लिने महिला र पुरुष बराबरी छन्, ऋण दिएर साहू बन्ने मुखिया र सामन्तीको अन्त्य भएको छ । सहकारीका संस्थापक सदस्य भानुभक्त पौडेलले भन्नुभयो, २, ४ पैसा बचत गर्ने, व्यावसायिक काम गर्न ऋण लिने गाउँलेलाई भरपर्दो बैंक बनेको छ, जनसेवा सहकारी । गाउँकै भारती भवन मा.वि. को कक्षाकोठाबाट कारोबार सुरु गरेर हुर्किएको सहकारी उत्कृष्ट र अनुकरणीय कार्य गरी सहकारी विकासमा सहयोग गरेबापत राष्ट्रिय पुरस्कारसमेत हात पारिसकेको छ । कास्की जिल्लामा नै स्थापना भएको जिल्ला सहकारीपछिको पहिलो बचत र ऋण सहकारीले खेती किसान र सामान्य व्यवसाय सञ्चालन गर्ने मात्र नभएर डाक्टर, इन्जिनियर पढ्न चाहने, रोजगारका लागि विदेश जाने चाहने गाउँले युवादेखि ठूला-ठूला उद्योगधन्दा सञ्चालनका लागि समेत ऋण दिने गरेको छ । भिसा हेरेर वार्षिक १० जनालाई वैदेशिक रोजगारीका लागि इन्जिनियर, डाक्टर पढ्नेलाई समेत ऋण दिन्छौ भनी सहकारीका सञ्चालक नारायण रेग्मीले भन्नुभयो । सानातिना घरायसी खर्चदेखि चाडपर्व, विहेवारी र व्यवसाय गर्न सदस्यहरू ऋण लिनको लागि सहकारीमा आउने गरेको उहाँले जानकारी दिनुभयो । ऋण लिएर धेरैले कृषि पेशा नै गर्दै आएको, तरकारीबाट मनग्ये आम्दानी गर्ने धेरै भएको तथा वार्षिक २०/२५ हजारदेखि डेढ/दुई लाखको आम्दानी गरेको पाइयो । सहकारीबाट ऋण लिएर विगत तिन वर्षदेखि स्थानीय तेजबहादुर अधिकारीले कुखुरा व्यवसाय गर्दै आएका छन् । गाउँमा व्यवसायिकताको

वृद्धि भएको छ । किनारा पसल खोल्नेदेखि मिल चलाउने, छोराछोरी बोर्डिङ्ग पढाउने सबैले सहकारीको ढोका ढकढक्याउँछन् । सहकारीले साच्चिकै गाउँले जीवनस्तर परिवर्तन भएको हो । (पोखेल, २०६४)

महिलाहरूमा आधुनिक प्रविधि व्यवस्थापनको ज्ञानको कमी भएको कारण एवं सम्पत्तिमा पहुँच, आत्मनिर्भरता नहुनु, घरायसी झमेलाका कारण संस्था र व्यवसायहरूमा प्रतिस्पर्धामा अगाडि बढ्न बाधा भएको छ । (शर्मा, २००३)

महिलाहरू पितृसत्ताका कारण हरेक क्षेत्रमा शक्तिविहीन हुन्छन् । (भासिन, १९९३)

सहकारी संस्थामार्फत् जनसमुदायमा विभिन्न सेवा पुऱ्याउने, राष्ट्रको सामाजिक तथा आर्थिक उत्थानमा जनसहभागितामूलक काम गर्न नेपाल सरकारले सहकारी क्षेत्रको उपयोग गर्न सक्छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले सन् २००५ को नरामा "लघुवित्त हाम्रो व्यवसाय गरीबी निवारणमा सहकार्य" भनेको छ र श्री ५ को सरकारले दशौं योजनामा गरीबी निवारणका लागि सहकारी एक उपयुक्त माध्यम हुने स्वीकारेको र कृषि नीति २०६१ मा पनि सहकारीलाई उल्लेख्य भूमिका प्रदान गरेको छ । सहकारी संस्थाको मुख्य उद्देश्य सदस्य र समुदायको आवश्यकता पूरा शान्तिपूर्ण सहभागितामूलक र दिगो विकासका लागि सहकारी प्रकृया सबैभन्दा उपयुक्त भएकाले यी सबै पक्षको लागि उपयोगी हुन्छ । त्यसैले राष्ट्रको आधाभन्दा बढी जनसङ्ख्या ओगटेका महिलाहरको विकासमा सहकारीले पुऱ्याउन सक्ने योगदानलाई दृष्टिगत गर्दै महिला सशक्तीकरणको लागि महिलाहरूमा सहकारी सम्बन्धी ज्ञान, चेतना अभिवृद्धि गर्न महिलाहरूका निम्ति छुट्टै सहकारी शिक्षा तालिमको कार्यक्रम राखिएको, सहकारीमार्फत् महिला सशक्तीकरणलगायत सम्पूर्ण कार्यहरू प्रभावकारी रूपमा गराउन राष्ट्रिय सहकारी संघमा महिला समिति गठन गरिएको छ । (सहकारी प्रतिवेदन, २०६९)

जमिनको सीमितता भएको हाम्रो जस्तो देशमा सहकारी संरचनाको माध्यमबाट ठूलो पूँजी सङ्कलन गर्न सकिन्छ । गरीबीको दुश्चक्रमा फसेको हाम्रो देशलाई उठाउन सहकारी माध्यम अति महत्वपूर्ण हुनेछ । हालैका वर्षहरूमा तनहूँ, चितवन, काभ्रे, सिन्धुपाल्चोकलगायतका जिल्लाका अनेक गा.वि.स.हरूमा पशु विमा सहकारी संस्थाहरू खुलेका छन् । किसानले थालेका यस्ता पशु विमा सहकारीले एउटा भैंसी मर्दा घरबारी नै समाप्त हुने खतरा सामना गर्न नसकी भैंसी पाल्न आँट गर्न नसक्ने किसानलाई भरथेग गरेको छ । पशुपालन व्यवसायीहरूले फलफूल, तरकारी उत्पादन र मौरीपालनसमेत कार्य

सँगसँगै गर्न सक्ने र क्रमशः अन्य कुटिर उद्योग, साना उद्योग र पशुपालन तथा कृषि क्षेत्रका उत्पादन सहायक उत्पादनमा प्रवेश गर्नसक्ने आधार बन्दै जान्छ । यसले सिंगो देशको औद्योगिक तथा व्यापारिक क्षेत्रको विकासका लागि कच्चा पदार्थ उत्पादन तथा उपभोग क्षमता भएका जनसमुदायको सिर्जना गर्न सक्दछ । हाम्रो जस्तो देशमा सबैखाले सहकारीको आवश्यकता र सम्भावना छ । सहकारीले जति व्यापकता लिँदै जान्छ त्यति मात्रामा गरीबी निवारण र रोजगार सिर्जना सक्छ । यसले आर्थिक आधारमा नै प्रजातान्त्रिक संस्कार, संस्कृति र व्यवहारलाई बलियो बनाउँछ । अप्रजातान्त्रिक, अपारदर्शी र शोषण मनोवृत्तिलाई विस्थापित गर्न सहयोग गर्दछ । (बडाल, २०६२)

- सहकारिताको माध्यमबाट महिलाहरू घरबाट बाहिर निस्कन सफल भएका छन् ।
- सहकारीबाट महिलाहरूले उद्यमशीलताको विकास गर्न सफल भएका छन् ।
- महिलाहरू प्रत्यक्ष रूपमा स्थानीय सीप र स्रोतका आधारमा आयआर्जन गर्न सफल भएका छन्, जसले गर्दा भावी सन्तति र छोराछोरीबीचको विभेद कम हुँदै गएको छ ।
- महिलाउपर गरिने हिंसामा केही कमी आएको छ ।
- महिलाहरूमा सहकारीको अभ्यासबाट आत्मबल वृद्धि हुनुका साथै क्षमता अभिवृद्धिका कारण समाजका हरक्षेत्रमा अवसरका लागि प्रतिस्पर्धा गर्न सक्ने भएका छन् ।
- महिलाहरूले प्राप्त गरेको आयलाई वास्तविक खर्चमा मात्र मितव्ययिता अपनाउँदा बचतको क्षमतामा वृद्धि हुन गई राष्ट्रिय आयमा समेत टेवा पुऱ्याएको छ ।
- सहकारिताको माध्यमद्वारा महिलाहरू घर/परिवार र समाजको विश्वास आर्जन गर्न सफल भएका छन् ।
- महिलाहरूमा सहकारिताको आधारले निर्णय क्षमतामा विकास भएको छ । (कोइराला, २०६३)

सहकारीको जन्म समस्या र संकटको बेला संकट मोचनका लागि हुने गरेको पाइन्छ । प्रोफेसर अमर्त्य सेनले भनेका छन् "अकाल, वस्तु उत्पादनको न्यूनताका कारण मात्र हुँदैन, उत्पादित वस्तुमाथि उत्पादनमा भाग लिने संकटग्रस्त समुदायको अधिकार रहने भने विकराल अकाल हुनसक्दछ । हजारौं टन अन्न भण्डारकै छेउछाउम अन्नको दाना नपाएर भोकभोकै मरेका लाशहरूको लस्कर बंगालमा मैले देखेको छु ।" सामाजिक न्यायका लागि, उत्पाकत्व वृद्धिका लागि, दिगो विकासका लागि, आधारभूत तहका जनतामा आर्थिक

क्षेत्रमा लोकतन्त्र स्थापित गर्नाका लागि सहकारी महत्वपूर्ण आर्थिक आधार हुने गर्दछ । (वडाल, २०६५)

एजुकेटेड वुमन इन गभरमेन्ट इम्प्लोइमेन्ट (अ केस स्टडी अफ पोखरा सब मेट्रोपोलिस एण्ड कास्की डिस्ट्रिक्ट डेभलपमेन्ट कमिटी अफिस) भन्ने विषयमा गरिएको अध्ययनले सरकारी सेवामा पुरुषको तुलनाम एक चौथाइभन्दा पनि कम मात्रामा महिलाहरूको सङ्ख्या रहेको त्यसमा पनि अधिकृत तह वा निर्णायक तहमा महिलाहरूको संलग्नता झनै कम रहेको उल्लेख गर्नुभएको छ । साथै शिक्षा र नोकरीले महिलाको क्षमता र जीवनस्तरमा सुधार ल्याउने निचोड आएको छ । (ढकाल, सन् २००७)

सोसीओ ईकोनोमिक स्ट्याटस अफ एजुकेटेड इम्प्लोईड वुमन इन बन्दीपुर भिलेज डेभलपमेन्ट कमिटी, तनहूँ भन्ने शीर्षकमा गरिएको अध्ययनमा जागिरे महिलाहरूको शैक्षिक स्तर कम भएकोले उनीहरू तल्लो तह र अस्थायी पदमा रहेका छन् । अधिकांश महिलाहरूले कार्यालय र घरको गरी दोहोरो भूमिका निर्वाह गरिरहेका छन् । उनीहरू सबैजनाले महिलाको सामाजिक र आर्थिक स्थितिलाई उकास्नका लागि महिला शिक्षालाई नै महत्वपूर्ण तरीकाले जोड दिएको कुरा निचोडमा आएको छ । (पिया, सन् २००७)

सोसीयो ईकोनोमिक स्ट्याटस अफ वुमन फार्मर (अ सोसीओलोजिक स्टडी अफ भदौरे तामागी भी.डी.सी, कास्की) शीर्षकमा गरिएको अध्ययनमा पितृसत्तात्मक सोचले जरा गाडेको समाजमा महिला कृषकहरूको सामाजिक र आर्थिक अवस्था गरीब र शोषित भएको पाइन्छ । प्रत्यक्ष आर्थिक लाभ नहुने घरायसी काममा महिलाको बढी प्रयोग हुन्छ । धेरै महिला कृषकहरू बचत कार्यक्रममा संलग्न देखिन्छन् भने कम मात्र महिला कृषकहरूले क्षमता विकास तालिम पाएका छन् । एकातिर महिलाहरूलाई निर्णय प्रक्रियामा संलग्न गराइँदैन भने अर्कोतिर महिलाहरू अझै पनि निर्णय प्रक्रियामा संलग्न हुन हिच्किचाउँछन् । उनीहरू विभिन्न आधारमा सामाजिक र आर्थिक रूपमा शोषित छन् । पुरुषहरू कम मात्रामा शारीरिक काममा संलग्न हुन्छन् भने महिलाहरू पुरुषको तुलनामा बढी काम गर्छन् तर पनि उनीहरूले समाजमा कम आर्थिक महत्व पाउँछन् भन्ने निचोड रहेको पाइन्छ । (गुरुङ्ग, सन् २००७)

नेपाली महिलाहरूको अवस्था विकसित मुलुकको भन्दा दयनीय छ । एक्काइसौं शताब्दीसम्म पनि यहाँको पितृसत्तात्मक सोच, रूढीवादी परम्परा, अशिक्षा, गरीबी तथा अन्धविश्वासले गर्दा नै महिलाहरू पछाडि परेका कारणहरू हुन् । (उप्रेती, १९८८०)

## पूर्व साहित्य समिक्षाको निचोड

विभिन्न सन्दर्भ साहित्यहरूको पुनरावलोकन गर्दा हाम्रो समाजमा रहेको महिला र पुरुषबीचको भेदभावलाई समाजले कसरी हेरेको छ भने समाजले हेर्ने दृष्टिकोणको विश्लेषण गरिएको पाइएको छ । देशमा रहेका महिलाहरूको शैक्षिक स्तर हेर्ने हो भने पनि अझै पनि सोचे जस्तो बनाउन सकिरहेको छैन । विशेष गरी महिलाको आर्थिक स्तर वृद्धि गर्न सहकारीको माध्यमबाट विभिन्न पेशा व्यवसाय सञ्चालन गरी तिनीहरूको आर्थिक स्तर उकास्न खोजिएको छ भन्ने भनाइहरू पाउन सकिन्छ । महिलाहरूले बचत तथा ऋण सहकारी संस्था खोल्ने, बचत सङ्कलन गर्ने, ऋण प्रदान गर्ने, ऋण लिएर विभिन्न पेशाहरू सञ्चालन गरी त्यसबाट मनग्य फाइदा कमाएको पाइएको छ । सहकारीको माध्यमबाट साना जल विद्युत आयोजनाको निर्माण गरी बिजुलीको सुविधा लिएको पाइएको छ । त्यस्तै सामूहिक खेतीपातीको व्यवस्था गर्ने देखि लिएर महिला हितको लागि विभिन्न खालका आर्थिक तथा सामाजिक प्रगतिका कार्यक्रम गरेको पाइछ । यस्ता खालका कार्यक्रमहरुले समग्रमा त्यसबाट महिलामात्र लाभान्वित नभई अप्रत्यक्ष रूपमा पुरुष पनि त्यतीकै लाभान्वित भएको पाइन्छ ।

सहकारीको माध्यमबाट महिलालाई सक्षम बनाउन खोजे पनि पुरुषको तुलनामा महिलाहरू अझै कमजोर भएको र त्यसको लागि पुरुष सरह महिलालाई पनि सक्षम बनाउन उपयुक्त शिक्षाको व्यवस्था गर्ने, चेतनामूलक तालिमको व्यवस्था गर्ने, व्यावहारीक शिक्षा प्रदान गर्ने, कृषि सम्बन्धी तालिमको व्यवस्था गर्ने, व्यवसायसम्बन्धी तालिम दिई उनीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक स्थितिमा परिवर्तन ल्याउन सकियो भने मात्र समाजको विकास हुन्छ । तब मात्र राष्ट्र निर्माणमा सहयोग पुग्न सक्छ । कुनै पनि तहको जागिर तथा पेशा व्यवसायमा महिलाहरूको पहुँच पुग्न सकेको छैन । जब शिक्षामा महिलाको दर पुरुषको हाराहारीमा आउँछ, तबमात्र महिलाहरू पनि पुरुषसरह जुनसुकै काममा पनि अगाडि बढ्न सक्दछन् । आर्थिक रूपमा सबल भएमात्र महिलाको स्तर वृद्धि भएको मान्न सकिदैन । त्यसैले आजको परिवेशमा सहकारी एक त्यस्तो संयन्त्र हो, जसको संलग्नताबाट महिलाहरूले आर्थिक, सामाजिक तथा साँस्कृतिक आदि क्षेत्रको विकास गर्न महत्वपूर्ण भुमिका खेलेको पाइन्छ ।

यस शोधपत्रमा महिलाद्वारा महिलाको निमित्त गरिएका सबै खाले प्रयत्नहरू पुरुष मात्र होइन कि महिलाहरू पनि सक्षम छन् भन्ने भनाईबाट लैडगिक दृष्टिकोणको झलक देखाईएको छ । त्यसका साथै महिलाहरूको सामाजिक, आर्थिक र साँस्कृतिक पक्षलाई प्रष्ट पार्न खोजिएको छ र यसै सिद्धान्तलाई अवलम्बन गरी शोधपत्र तयार गरिएको हो । यो अध्ययनमा महिलाहरूले कसरी आर्थिक तथा सामाजिक विकासका पक्षमा जोड दिइ महिलाहरूको आर्थिक तथा सामाजिक प्रतिष्ठामा कस्तो परिवर्तन ल्याउन सकेका छन् भन्ने विषयका साथै सांस्कृतिक रूपमा आफूलाई कसरी व्यवस्थापन गर्न सकेकाछन् भनेर विश्लेषणात्मक रूपमा व्याख्या गरिएको छ । महिलाहरु सहकारीमा लागे पछि के कस्ता फाईदाहरु भए घर, परिवार, समाजमा कस्तो परिवर्तन आयो भनेर तिनीहरूको विश्लेषण गरी यथार्थता पत्तालगाउनु नै यस अध्ययनको प्रमुख उद्धेश्य हो ।

यस क्षेत्रमा यस्तो खालको अध्ययन कुनै पनि क्षेत्र बाट नभएको वा नगरिएको र मेरो इच्छा पनि यसै बिषयको भएको हुद्धा यस बिषयवस्तु र क्षेत्र छनौट गरेको छु ।

# अध्याय तीन

# अनुसन्धान विधि

यस अध्ययनमा अनुसन्धान कर्ताले गुणात्मक र संख्यात्मक दुवै तथ्याङ्क संकलन गरिएको छ । जुन अहिलेको वर्तमान अध्ययनलाई आवश्यक पर्दछ । मुख्यतयाः यस अध्ययनमा अध्ययन क्षेत्र, त्यसमा सम्मिलित विधिहरूको बारेमा उल्लेख गरिएको छ । यस पद्धतिमा अनुसन्धान ढाँचा तथ्याङ्क संकलन विधि, विश्लेषण र त्यसका सिमा क्षेत्रको बारेमा उल्लेख गरिएको छ ।

## ३.१.अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययन अनुसन्धानको क्षेत्र आर्बा बिजय गा.वि.स - २, साझामा अवस्थित ज्योती  महिला बचत तथा ऋण सहकारी संस्था लि. र यस संस्थामा संगठित सदस्यहरू जुन आर्बा बिजय गा.वि.स  स्थाई रुपमा वसोवास गर्दछन् । यस क्षेत्रका महिलाहरुले गरेको कार्यको कुनै पनि क्षेत्रवाट अध्ययन अनुसन्धान नभएकाले यस क्षेत्रका महिलाको सामाजिक तथा आर्थिक अवस्था कस्तो छ पत्तालगाउनु ।

## ३.२.अनुसन्धान ढाँचा

यस अनुसन्धान खोजपूर्ण विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएकोछ जसले महिलाहरुको आर्थिक, सामाजिक र सांस्कृतिक स्थितिको बारेमा गहन अध्ययन गर्न सघाउ पुगेको छ । यस अनुसन्धानको अध्ययन क्षेत्रका कुल २८६ जना सदस्यहरूबाट २० प्रतिसत (५७ जना) लिई उद्देश्यमूलक नमूना छनौट विधी प्रयोग गरी अध्ययन गरिएकोछ ।

## ३.३.तथ्याङ्कका प्रकृति र स्रोत

अध्ययन क्षेत्रको विषयलाई ध्यानमा राख्दै आवश्यक तथ्याङ्क र सूचनाहरू प्रथामिक तथा द्वितिय स्रोतबाट संकलन गरिएको छ । निदिष्ट गरिएका उद्देश्यहरुमा आधारीत रही गा. वि.स.,सहकारी डिभिजन कार्यालय वाट विभिन्न समयमा प्रकासीत लेख, रचना,

पत्रपत्रिका, जनरल, सोध, मिडिया आदीमा आधारीत रहि स्वयम अध्ययन क्षेत्रमा पुगी तथ्याङ्क संकलन गरी विवरणात्मक र वर्णनात्मक रुपामा व्याख्या तथा विश्लेषण गरेको छु ।

(क) **प्रथामिक स्रोत -** प्रथामिक स्रोत बढी वास्तविक र व्यवहारिक तथा प्रत्यक्ष हुने भएकोले अनुसन्धान कार्यमा बढी प्रभावकारी हुनेछ । यस अनुसन्धान कार्यमा ज्योति महिला बचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्यहरूवाट नमुना छनोट गरी प्रत्यक्ष भेटेर सूचना संकलन गरेको छु ।

## ३.४. समग्रता र नमुना छनौट विधी

यस अनुसन्धान आर्बा बिजय गा.वि.स अवस्थित ज्योति महिला बचत तथा ऋण सहकारी संस्थाका कुल शेयर सदस्यहरू २८६ जना भएको साथै सबै शेयर सदस्यहरूलाई समेट्दा अनुसन्धानको क्षेत्र ठूलो हुने भएकाले कुल सदस्य संख्याको २० प्रतिसत वा ५७ जना मध्येबाट उद्देश्यपूर्ण नमुना छनोट ढाँचा प्रयोग गरी विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ, जसले महिलाहरुको आर्थिक, सामाजिक र सांस्कृतिक स्थितिको बारेमा गहन अध्ययन गर्न सघाउ पुगेको छ ।

## ३.५. जनसंख्या र नमुना संकलन

आर्ब बिजय गा.वि.स अवस्थित ज्योति महिला बचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्यहरू २८६ जना भएको साथै सबै शेयर सदस्यहरूलाई समेट्दा अनुसन्धान भेग हुने भएकाले कुल सदस्य संख्याको २० प्रतिसत वा ५७ जना मध्येबाट उद्देश्यपूर्ण नमुना छनोट ढाँचा प्रयोग गरी अर्न्तवार्ता विधिको माध्यमबाट नमुना संकलन गरिएको छ ।

## ३.६ प्रथामीक तथ्याङ्क संकलनका विधि तथा प्रविधिहरु

तथ्याङ्क संकलनको लागि हामीले प्रचलित विधिको उपयोग गरिनेछ । जसअर्न्तरगत अवलोकन, अर्न्तवार्ता, वैयक्तिक अध्ययन, प्रश्नोत्तर आदि विधिको प्रयोग गरिनेछ । अनुसन्धानको आवस्यकता अनुसार यस अध्ययनमा बढी मात्रामा प्राथामीक र केहि मात्रामा द्धितिय स्रोतका आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

३.६.१ **अवलोकन** - यस संस्थाका सदस्यहरू मध्येबाट नमुना छनौट गरी उनीहरूले गरेका आय आर्जनका प्रक्रियाहरूको वा उनीहरूबाट सञ्चालित व्यावसायहरुको प्रत्यक्ष अवलोकन गर्ने र उनीहरूले त्यसलाई कसरी सञ्चालन गरेका छन् भन्ने कुरा यस विधिको माध्यमबाट जानकारी लिनइएको छ ।

३.६.२ **अर्न्तवार्ता अनुसुची**- यस विधिमा नमुना संकलनमा परेका सदस्यहरूलाई प्रत्यक्ष भेटी उनीहरुको बारेमा प्रत्यक्षरूपमा अर्न्तवार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिनेछ । यस विधि सबैभन्दा उत्तम विधि मानिन्छ । किनकी यस विधिमा अनुसन्धान कर्ता स्वयम कार्यक्षेत्रमा गएर उनीहरू सँग सम्वाद वा भेटघाट गर्ने हुनाले यसमा उत्तरदाताहरू प्रष्टखुलेर आफूले प्राप्त गरेका, जानेका र आफ्नो कुन क्षेत्रमा के कति प्रगति भएको छ प्रष्टरूपमा भन्न पाउँने भएकाले समाजशास्त्रीय अध्ययनमा यो विधि अत्यन्तै उपयोगी मानिन्छ । यो विधिबाट संस्थाका गतिविधिको बारेमा जानकारी प्राप्त गरिनेछ ।

३.६.३ **व्यक्तिगत अध्ययन**- यस विधिमा कुनै पनि घटना वा विषयलाई व्यक्तिगत एकाइ मानी प्रत्येक एकाइले समाजमा पारेको प्रभावका वारेमा गहन, शुक्ष्म, विवरणात्मक तथा अनुसन्धानात्मक अध्ययन गरिनेछ ।

## ३.७. पूर्व परिक्षण

अनुसन्धानकर्ताले प्रश्नावली भराउने क्रममा केहिमात्रामा सहयोग होस् भन्ने हेतुले पूर्व परिक्षण गरिन्छ । यसले प्रश्नहरुको स्पष्टताको परिक्षण मात्र नगरि वर्गिकरणको सुद्धताको जाँच गर्न सक्दछ । यस सोध तयार गर्ने क्रममा आवश्यक तथ्याङ्क संकलन प्रश्नावलीको संरचना पूर्व परिक्षण गरिएको थियो । जसको लागि अनुसन्धान कर्ताले जनचेतना बचत तथा ऋण सहकारी संस्था लि. जुन आर्ब बिजय गा.वि.स वडा नं १ अवस्थित १२ जना महिलालाई प्रश्नावली भराईएको थियो । जसवाट अनावस्यक र अस्पष्ट प्रश्न हटाई प्रश्नावली पुन निर्माण गरिएको थियो ।

## ३.८ आचार संहिता

यस अनुसन्धामा अनुसन्धानकर्ताले प्रश्नावली भराउने क्रममा उत्तरदाताको भावनामा कुनै अवरोध नहुने गरि उनिहरुको राजिखुसीमा अन्तरवार्ता अनुसुची भराईएको थियो ।

## ३.९. प्रमाणिकता र विश्वसनियता

अनुसन्धानका क्षेत्रमा विश्वसनियताको उच्च महत्व रहेको हुन्छ । अनुसन्धानलाई विश्वसनियता गराउन प्रमाणिकता सोध निर्देशक, सम्वन्धित उत्तरदाता र सम्वन्धित दक्ष व्यक्ति संग सम्पर्क गरेर कायम गरिएको छ । यस सोध तयार गर्ने क्रममा आवश्यक तथ्याङ्क संकलन प्रश्नावलीको संरचना पूर्व परिक्षण गरिएको थियो । जसको लागि अनुसन्धान कर्ताले प्रश्नावली भराई जसवाट अनावस्यक र अस्पष्ट प्रश्न हटाई प्रश्नावली पुन निर्माण गरिएको थियो । जुन बिषयमा अध्ययन गर्ने हो त्यही बिषयमा केन्द्रीत भएकाले यस प्रमाणिकता अनुसार विश्वसनिय रहेको छ ।

## ३.१०. तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

अध्ययनको उद्देश्य अनुसार संकलीत सूचनालाई संख्यात्मक र गुणात्मक तथ्याङ्कहरू काँटछाँट गरि व्याख्या र विश्लेषण गरिएको छ । सबै तथ्याङ्कहरूलाई सामान्यतया गणितीय र तथ्याङ्कीय जस्तै औसत प्रतिसतमा (अंकगणितीय) विश्लेषण गरिएको छ । संकलन गरिएका सूचनाहरू अध्ययनको उद्देश्य अनुसार सम्पादन, कोडिङ्ग, तालिकीकरण र वर्गीकरण गरी तथ्यहरूलाई तथ्याङ्कीय र गणितीय रूपमा व्याख्या तथा विश्लेषण गरिए छ ।

# अध्याय चार

# उत्तरदाताहरूको पृष्ठभूमि

## ४.१ अध्ययनको क्षेत्र

### सामान्य परिचय

यस जिल्लाको भूभाग समुद्री सतहबाट ४५० मिटरदेखि ८०९१ मिटरसम्मको उचाइमा रहेको छ । अन्नपूर्ण हिम शृङ्खलाको तथा माछापुच्छ्रेको काखमा अवस्थित यो जिल्ला २८ डिग्री ०६ उत्तर देखि २८ डिग्री ३६ इन्च उत्तरी अक्षांश तथा ८३ डिग्री ४० इन्चदेखि ८४ डिग्री १२ इन्च पूर्वी देशान्तरमा अवस्थित रहेको पाइन्छ । वर्गाकारमा रहेको यस जिल्लाको औसत लम्बाइ ६३ क.मी. तथा चौडाइ ५० कि.मि. रहेको छ । यो जिल्लामा मध्य पहाड तथा उच्चपहाडी भू-भागसमेत रहेको हुनाले भौगोलिक विकटता रहेको पाइन्छ । यस जिल्लाको उत्तरी भू-भागको तुलनामा दक्षिणी भू-भागमा जनघनत्व बढी तथा विशेष गरी शहरी जनसङ्ख्या करिब ५२% को हाराहारीमा रहेको छ । प्रसिद्ध पोखरा उपत्यका तथा विभिन्न तालतलैयाहरू पनि यसै दक्षिणी भू-भागमा नै पर्दछन् ।

यस जिल्लाको कुल क्षेत्रफल २०१७०० हेक्टर रहेकामा कुल क्षेत्रफलमध्ये २४.२७ प्रतिशत खेती गरिएको जमिन, ६.५४ प्रतिशत खेती योग्य जमिन, ३७.३१ प्रतिशत वनजंगल, ११.८७ प्रतित चरन झाडी बुट्यान, १० प्रतिशत आवास, ५.६० प्रतिशत हिउँ क्षेत्र, ३.३८ प्रतिशत अन्य जमिन छ ।

भौगोलिक विविधता भएकै कारण यहाँ एकै समयमा ठाउँ अनुसार फरक फरक किसीमको हावापानी रहेको पाइन्छ । यस जिल्लामा समशीतोष्ण देखि शीतोष्ण हावापानी रहेको पाइन्छ । हालसम्ममा पोखरा स्टेशनमा अधिकतम तापक्रम ३७.४ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १.८ डिग्री सेल्सियसमा रहेको तथा अधिकतम कुल ३५७ मिलीलिटर पानी परेको रेकर्डबाट देखिन्छ । नेपालमा बढी पानी पर्ने जिल्ला कास्कीको लुम्ले गाउँ विकास समिति अन्तरगतको लुम्ले क्षेत्र पर्दछ ।

यस जिल्लालाई ४३ गा.वि.स. र १ उपमहानगरपालिका, १ नगरपालिका, १३ वटा इलाका तथा ४ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । जिल्लाको सदरमुकाम पोखरा रहेको छ । यस जिल्लाको सदरमुकाम पोखरा र आसपासको क्षेत्रमा यातायात र अन्य

सुविधाहरू रहे पनि जिल्लाको अधिकांश भू-भाग भौगोलिक रूपमा विकट रहेको हुनाले यातायात लगायत अन्य सुविधाहरूके कमी रहेको पाइन्छ ।

यसै कारणले गर्दा जिल्लाको खास गरी उत्तरी भू-भागको जीवनस्तर कष्टप्रद रहेको पाइन्छ । यहाँका मुख्य वासिन्दाहरूमा ब्राह्मण, क्षत्री, गुरुङ्ग, कामी, मगर, नेवार, दमाई, सार्की, तामाङ्ग, गर्न्धव आदि छन् । जीविकाको मुख्य आधार कृषि, विदेशि सेनामा भर्ती, वैदेशिक रोजगार, उद्योग व्यापार र नोकरी रहेको पाइन्छ । साक्षरता दर तुलनात्मक रूपमा बढी नै रहेको, जनसङ्ख्या वृद्धि दर बसाइसराइको कारणले उच्च रहेको, कृषि उत्पादनमा वर्सेनी ह्रास आइरहेको, खोलाहरूमा वर्षेनी कटान भइरहको तथा पैह्रो आदि समस्याहरू यथावत रहेको, हालको अवस्थामा आर्थिक वृद्धि दर नगण्य देखिन्छ । यहाँ मनाउने प्रमुख चाडपर्वहरूमा दशैं, तिहार, मातातीर्थ औंसी, साउने सङ्क्रान्ति, माघे सक्रान्ती, श्रीपञ्चमी, कृष्ण जन्माष्टमी, तीज, इद, रक्षा बन्धन, ल्होसार, गाईजात्रा, फागुपूर्णिमा, चैते दसै, ठूला एकादशी आदि हुन् । पोखरा उपमहानगरपालिका १३ नम्बर र लेखनाथनगरपालिका वडासंगै जोडीएको यस आर्बा बिजय गा.वि.स. ९ वटा वडामा विभाजित छ । दुईवटा नगरपालिका संग जोडिएको यस गा.वि.स. भौगोलिक रुपमा निकै सुगम र निकै र्दुगम दुवै खालका क्षेत्र यहाँ पाईन्छ । यहाँ ब्राम्हण, क्षेत्री, नेवार, गुरुङ्ग, मगर, सार्की, कामी, दमाइ जाति जस्ता विभिन्न जाति र जनजातिहरूको मिश्रण पाइन्छ ।

मिति २०७० असाढ मसान्त सम्ममा कास्की जिल्लाको सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालयमा दर्ता भएका सहकारी संघ ५ वटा बचत तथा ऋण मध्ये महिलाद्वारा मात्र सञ्चालित ६२ वटा छन् । मिश्रित बचत तथा ऋण ३३३ वटा बहुउद्देश्यीय संस्थाहरू ११ वटा दुग्ध उत्पादक संस्थाहरू २३ वटा कृषि फलफूल तथा सानाकिसान १०१ वटा उपभोक्ता ३३ वटा पशुपाला ५ वटा सञ्चार ६ वटा चियाकफी १३ वटा स्वास्थ्य १ वटा जडिबुटी ३ वटा मौरीपालन २ वटा मत्स्यपालन ३ वटा कुटानी पिसानी २ वटा पर्यटन १ वटा र अन्य ११ वटा गरी जम्मा ५४६ वटा छन् । एक जना महिला पनि नरहेका संस्थाहरू ३ वटा छन् । कास्की जिल्लामा जम्मा ६२ वटा महिला बचत तथा ऋण सहकारी मध्ये पोखरानगरपालिका भित्र जम्मा २४ वटा रहेका छन् । अन्य ग्रामीण इलाका र लेखनाथ न.पा.मा अवस्थित छन् । ५४६ वटा सहकारीमा ५८८७३ जना महिला सदस्य छन् भने ६१०४७ जना पुरुष सदस्य छन् । त्यसै गरि सहकारीमा ४२७ जना महिला र ४६९ जना पुरुषले रोजगारी पाएका छन् । (संक्षिप्त झलक, २०६९/०७०)

ज्योती महिला बचत तथा ऋण सहकारी संस्थाको आर्बा बिजय गा.वि.स.का सम्पुर्ण वडाहरु पर्दछन् । ९ वटा वडाका जम्मा २८६ जना महिलाहरू ज्योती  महिला बचत तथा ऋण सहकारी संस्थामा आबद्ध छन् र तिनै २८६ जना महिलाहरू मात्रै अनुसन्धानको लक्षित वर्गमा परेका छन् । ज्योती महिला बचत तथा ऋण संस्थाबाट २८६ जना सदस्यहरूको अनिवार्य बचत सङ्कन गर्दै आवश्यक ऋण संस्थाबाट लिई विभिन्न खाले व्यवसाय जस्तै किनारा पसल, कपडा पसल, ब्युटिपार्लर सेन्टर, तरकारी खेती, पशुपन्छी पालन, सिलाइकटाइ, वैदेशिक रोजगार सेन्टर जस्ता आयमूलक कामहरूमा लगानी गरी आयआर्जन बढाउन सफल भएका छन् । सहकारी एवम् अन्य सरकारी, गैरसरकारी संस्थाहरूले आयोजना गरेका विभिन्न खाले गोष्ठी, सेमिनार, तालिम (नेतृत्व विकास, लैङ्गिक, लेखा, पारालिगल, आयआर्जन हुने) बाट महिलाहरूमा जनचेतना वृद्धि भएको पाइएको छ ।

### ४.१.१ ज्योती महिला बचत तथा ऋण सहकारीको ऐतिहासिक पृष्ठभूमि

सहकारी भन्नेवित्तिकै कम्तीमा पनि २५ जना सदस्यको सक्रिय उपस्थिती अनिबार्य भन्ने बुझिन्छ । त्यसैले यस्तो संस्था खोल्दा त्यसमा अध्यक्षदेखि उपाध्यक्ष, सचिव, कोषाध्यक्ष जस्ता महत्वपूर्ण पदको अलावा विनियम निमार्णको लागि तदर्थ समिति निर्माण गरी संस्था दर्ता गर्ने जिम्मा २५ जना अन्तरगतका सदश्यलाई  दिइन्छ । यस्ता संस्थालाई कृषि तथा सहकारी मन्त्रालय अन्तरगत सहकारी विभागमा दर्ता गरी कार्य संचालन गरिन्छ । सहकारी संस्थाको विनियमको अधिनमा  रहि संचालक समिति, लेखा समिति, ऋण उपसमिति, शिक्ष उपसमिति   निर्माण गर्नुपर्दछ । उक्त समितिहरुले समग्र संस्थालाई सफल रूपमा सञ्चालन गर्न सक्नुपर्दछ । यो सहकारी २०५९ सालमा स्थापित भई आजसम्म सफल रूपमा सञ्चालन हुनुमा यस संस्थाका सदस्यहरू जो नेतृत्व तहमा छन् तिनीहरूको क्षमता, चेतना तथा नेतृत्व सञ्चालनमा आएको विकास र परिवर्तन हो । संस्था गठनमा हुनुपूर्व एक आपसमा बोल्नसमेत हिचकिचाउने महिलाहरू अहिले एक आपसमा छलफल गर्ने, भेला सभाको आयोजना गर्ने, (समस्याको पहिचान गरी कार्यक्रमहरू तर्जुमा गर्ने, नियमित बचत उठाउने, ऋण लगानी गरी त्यसको लागि आफै निरीक्षण गर्ने, ऋण असुली गर्ने, व्यवसायको प्रकृति हेरी ऋण थप प्रवाह गर्नेदेखि लिएर कार्यालयको सम्पूर्ण लेखासमेत आफै राख्ने, महिलाको चेतना, क्षमता नेतृत्व विकासका लागि विभिन्न खाले तालिम, गोष्ठी, सेमिनार सञ्चालन गर्ने, नयाँ नयाँ ठाउँको भ्रमण अवलोकन गराउनेदेखि लिएर कुनै समस्या आएमा

वा अन्य कुनै कार्यक्रम सञ्चालन गर्नु परेमा समस्याको पहिचान र त्यसको अवलोकन गरी समस्या समाधानमा आफै लाग्ने कार्यले यस संस्थाका नेतृत्वकारी भूमिका निर्वाह गर्ने नेतृत्व वर्गमा र अन्य सदस्यहरूमा पनि क्षमता, चेतना, नेतृत्व विकास र समस्याको पहिचान गर्ने प्रकृयामा महत्वपूर्ण परिवर्तन आएको पाइयो । सहकारीले आफ्नो सदस्यलाई जो अशिक्षित छन् तिनलाई साक्षर बनाउन प्रौढ शिक्षा, बोल्न सिकाउन, उद्घोषण तालिम, व्यावसाय सञ्चालन गर्न व्यावसायिक तालिम, कुनै व्यवसाय नगरेकालाई भ्रमण अवलोकन गराउने, कुनै पनि काम नगरेकालाई व्यवसायको पहिचान गरी ऋण प्रवाह गरी त्यस्तो व्यवसाय गर्न लगाउने । जसले गर्दा आर्थिक रूपमा सक्षम बनाउनलाई मद्दत पुग्ने किसिमका व्यवसाय गर्न प्रोत्साहन गर्ने, लैङ्गिक सचेतना, द्वन्द्व व्यवस्थापन, एच.आइ.भी. जस्ता चेतनामुलक तालिमलगायतका कार्यक्रम गराई सदश्यहरुको मनोवल बढाउने, व्यवसाय गर्न प्रोत्साहन गर्ने लगायतका कार्यक्रम गरी महिला दिदिबहिनीहरूलाई व्यावसायिक बनाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा समाजमा स्थापित गराउन अग्रसर भएको पाइन्छ ।

आर्बा बिजय गा.वि.स.का वार्ड नं. १ र २ का केही महिला दिदी बहिनीहरू मिलेर आफ्नो क्षेत्रका महिला दिदिबहिनीहरूको बीचमा आपसी सहयोग मेलमिलाप र महिला दिदीबहिनीहरूको विकासमा हामीहरू मिलेर केही गर्नुपर्दछ भन्ने भावनाबाट प्रेरित भइ २०५९ सालमा अषाढ ११ गते ईश्वरी बरालको अध्यक्षतामा ज्योती महिला बचत तथा ऋण सहकारी संस्थाको विधिवत् दर्ता गरिएको हो । यो सहकारी वास्तवमा भन्नुपर्दा महिलाहरूले महिलाकै हितमा कार्य गर्ने गरी खोलिएको महिला बचत तथा ऋण सहकारी भएकाले यसले विशेष महत्त्व राखेको पाइन्छ । यस संस्थाको कार्यालय आर्बा बिजय गा.वि.स.का वार्ड नं. २ सञ्चालित भएको छ । शुरुमा २५ जना दिदीबहिनी वाट शुरुगरीएको यस संस्थाका सदश्य थपिदैजाँदा आज २८६ जना यसका सदस्य बनिसकेका छन् भने अरू थपिने क्रम जारी नै छ । यसले आफ्ना सदस्यहरूलाई विभिन्न किसिमका तालिम दिनेदेखि लिएर विभिन्न किसिमका आयआर्जनका क्षेत्रमा सदस्यहरूलाई ऋण लगानी गरेर आफ्ना सदस्यको आयआर्जनमा वृद्धि गराउन सफल देखिन्छ । यस संस्थामा जातिय हिसाबले पनि विविधता पाइन्छ । आर्बा बिजय गा.वि.स.का वार्ड नं. १ देखि ९ सम्मका वडाका २८६ जना सदस्यहमध्ये ब्राह्मण ११८ जना , क्षत्री २३ जना , नेवार ५ जना , दलित १०५ जना , तामाङ, १० जना र गुरुङ्ग २५ जना समेतलाई हेर्दा यसको जातीय विविधता र यिनीहरूले

गर्ने कार्यमा सांस्कृतिक विविधता झल्कन्छ भने देशमा लोकतान्त्रिक/गणतान्त्रिक व्यवस्थाअनुसार जातीय विविधतालाई समेट्न यस संस्था सफल देखिन्छ । महिलाहरूद्वारा महिला कै हितमा सञ्चालित संस्था भएकाले हरेक कार्यक्रमहरू महिलालाई लक्षित गरी ल्याइने भए तापनि अप्रत्यक्ष रूपमा यसको फाइदा पुरुष वर्गले पनि त्यतिकै लिएको पाइन्छ । यस्ता खालका संस्थाका कारण यहाँ उपल्ला जातिलाई मात्र नभई तल्ला दलित र जनजातीसमेतले यस संस्थाको भरपूर सहयोग पाएका र जसका कारण आफ्नो आयआर्जनमा समेत उल्लेख्य सुधार गरेका कुरा यसका सदस्यहरूबाट जानकारी प्राप्त भएको पाइन्छ ।

देशको समग्र विकास प्रकृयामा जन्म, मृत्यु, बिवाह र बसाइँसराइजस्ता जनसांख्यिक तत्वहरूले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । विकास योजनासम्बन्धी नीति, योजना र कार्यक्रमहरू तर्जुमा गर्दा जनसङ्ख्याको आकार, बनावट, वितरण र वृद्धिदरमा विशेष ध्यान पुऱ्याउनुपर्ने भएकाले विद्यमान जनसांख्यिक स्थिति तथा सो को प्रवृत्ति सम्बन्धमा जानकारी हुनु आवश्यक छ ।

यस अध्ययनको मुख्य उद्देश्य सहकारीले पारेको सामाजिक, सांस्कृतिक तथा आर्थिक प्रभावको विश्लेषण गर्ने भएकाले कार्यक्रममार्फत सञ्चालित हुने आर्थिक सामाजिक, सांस्कृतिक गतिविधिहरू के कस्तो जनसांख्यिक अवस्थितिमा सञ्चालन गरिएका छन् ? सबै जातजाति वर्गको सहभागिता कस्तो छ आदिबारे जानकारी आवश्यक छ । उदाहरणको रूपमा कुनै बस्ती एवम् संस्थामा १४ वर्षमुनि र ६० वर्षभन्दा माथिको उमेरसमूहका व्यक्तिहरू छन् भने त्यस्तो ठाउँमा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न निकै कठिन । जातीय, धार्मिक एवं सांस्कृतिक कारणले गर्दा व्यक्तिको जीविकोपार्जनका क्रियाकलापमा फरक प्रभाव पारिरहेको हुनसक्छ । यसर्थ, यहाँ अध्ययन क्षेत्रको सदस्यहरूको जनसांख्यिक र जातीय अवस्थाको विश्लेषण गर्न खोजिएको छ ।

## ४.२ उमेर

यो एउटा समयको अन्तर थाहापाउने आधार हो । जसले गर्दा को कति बर्ष भयो कति बर्षको अन्तर छ । को सानो, को ठूलो, वच्चा, युवा र बृद्ध अवस्था पनि उमेरकै कारणले गर्दा हुने हुन्छ । अध्ययन क्षेत्रको उमेर अनुसार उत्तरदाताको अवस्था के कस्तो छ ? भन्नेबारे निम्न तालिकामा विश्लेषण गरिएको छ ।


**तालिका ४.१**

**उमेरको आधारमा उत्तरदाताको संरचना**

| **उमेर विवरण** | **जना** | **प्रतिशत** |
|---|---|---|
| २५-३५ वर्षसम्म | २३ | ४०.३५ |
| ३६-४५ वर्षसम्म | १६ | २८.०७ |
| ४६ भन्दा माथि | १८ | ३१.५८ |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

**चित्र नं. ४.१**




**उमेरको आधारमा**

तालिका ४.१ अनुसार सर्वेक्षण गरिएका ५७ जना उत्तरदाताहरू मध्ये २५ देखि ३५ वर्षसम्मका उत्तरदाताहरूको सङ्ख्या २३ जना अर्थात् ४०.३५ प्रतिशत रहेको छ भने ३६ देखि ४५ वर्षसम्मका उत्तरदाताहरूको सङ्ख्या १६ जना अथवा २८.०७ प्रतिशत रहेको छ । ४६ भन्दामाथि उमेरका उत्तरदाताहरू १८ जना अर्थात् ३१.५८ प्रतिशत रहेको छ । उपर्युक्त तथ्यबाट के बुझिन्छ भने बढी उमेरका महिलाभन्दा कम उमेरका महिलाहरू सहकारीमा बढी संलग्न भएको भेटियो । कम उमेरका महिलाहरू बढी देखिनुमा शिक्षित महिलाहरू नै

सहकारी सदस्य बन्ने रहेछन् भन्ने पुष्टि हुन्छ ।

## ४.३ जात / जाती

जन्मगत आधारमा कसैको वर्ग विभाजन हुनु । आधुनिक समाजमा केहि कमजोर भएको छ भने परम्परागत समाजमा निकै व्यापक छ । यसले व्यवसायीक कार्यगर्न स्वीकृत दिन्छ र सजातिय समुह वनाउछ । यो स्तरीकरणको एक प्रक्रिया हो । अध्ययन क्षेत्रमा समावेश गरिएका ५७ उत्तरदाताहरूमा विभिन्न जाति जनजाति रहेका छन् । ब्राह्मण, क्षत्रीको बाहुल्य अत्यधिक भए पनि अन्य जनजातिको पनि बलियो उपस्थितिले यो सहकारी समावेशी खालको भएको देखिन्छ ।


**तालिका ४.२**

**जातीय आधारमा जनसङ्ख्याको वितरण**

| जातीय विवरण | जना | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | २४ | ४२.११ |
| नेवार | १ | १.७४ |
| क्षत्री | ४ | ७.०१ |
| दलित | २१ | ३६.५८ |
| तामाङ्ग | २ | ३.५१ |
| गुरुङ्ग | ५ | ८.७८ |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

चित्र ४.२




**जातीय आधारमा महिलाहरूको बनावट**

तालिका ४.२ अनुसार विभिन्न जातिहरूको संलग्नता रहेको यस संस्थामा उत्तरदाताको सङ्ख्या पनि ब्राह्मण क्षत्री, नेवारको र दलितको बाहुल्य रहेको छ । ब्राह्मणको संलग्नता २४ जना अर्थात ४२.११ प्रतिशत, नेवारका १ जना अर्थात १.७४ प्रतिशत, क्षत्रीका ४ जना वा ७.०१ प्रतिशत रहेको छ । त्यस्तै दलितहरूको २१ जना अर्थात ३६.८५ प्रतिशत रहेका छन् भने गुरुङ ५ जना ८.७८ प्रतिशत र तामाङ २ जना ३.५१ प्रतिशत रहेको माथिको तालिकाबाट स्पष्ट हुन्छ । संस्थामा क्रमश : ब्राह्मण, दलित, गुरुङको बाहुल्य देखिन्छ भने क्षत्री, नेवार र तामाङ संलग्नता कम भएको देखिन्छ । चेतना र जागरणका कारण दलित समुदायमा सहकारीको राम्रो प्रभाब परेको पाइन्छ ।

## ४.४ धर्म

यो एक आध्यात्मीक विश्वास हो । जसमा पवित्र र अपवित्र प्रतिको धारणा रहेको हुन्छ । आफ्नो गोत्र चिन्नका लागि बन्धु वान्दवका साथ सामुहिक भेटघाटका अवसरमा मानवले वैयक्तिक जीवनका सार कुरा विर्षेर अर्कै आनन्दको अनुभव गर्दछन् । धर्मको उत्पति यसै आनन्दको परिणाम हो भने यो एउटा सामाजिक संस्कार हो । धर्मका आधारमा पनि मानिसको रहन सहन आदि के कस्तो छ भन्ने कुरा निर्धारण गर्न सकिन्छ तर यस

सहकारीमा विभिन्न जातजाति भए पनि प्राय धेरैले हिन्दू धर्म नै मानेको पाइएको छ । कुन धर्म मान्ने महिलाहरू कति रहेछन् तिनको विश्लेषण निम्न तालिकामा गरिएको छ ।


**तालिका ४.३**

**धर्मका आधारमा उत्तरदाताको विवरण**

| धर्म विवरण | जना | प्रतिशत |
|---|---|---|
| हिन्दू | ५० | ८७.७२ |
| बौद्ध | ७ | १२.२८ |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

**चित्र ४.३**




**धर्मको आधारमा उत्तरदाताको अवस्था**

तालिका ४.३ अनुसार अध्ययन गरिएको संस्थामा उत्तरदाताहरूको धर्मप्रतिको आस्था रहेको प्रष्ट देखिन्छ । हिन्दू धर्म मान्ने धर्मावलम्बीहरू ५० जना अर्थात् ८७.७२ प्रतिशत र बौद्ध धर्ममान्नेहरू ७ जना अर्थात् १२.२८% प्रतिशत रहेकाबाट संस्थामा हिन्दू धर्मावलम्बी उत्तरदाताहरूको बाहुल्य देखिन्छ ।

## ४.५ पेशा

पेशा मानवले गर्ने कार्य बिषेशको नाम हो । यो एउटा समाज स्तरीकरणको आधार हो । परम्परागत समाजमा वंशगत हुन्छ भने आधुनिक समाजमा पेशा आर्जीत हुन्छ । पेशाका आधारमा मानिसको आम्दानी निर्भर हुन्छ । नमूना छनौट भएका संस्थाका सदस्यहरूमा कुन कुन पेशा अपनाउने मानिस रहेछन् भन्ने कुराको विश्लेषण निम्न तालिकामा गरिएको छ ।


**तालिका ४.४**

**पेशाको आधारमा उत्तरदाताहरूको संरचना**

| पेशा विवरण | जना | प्रतिशत |
|---|---|---|
| कृषि | ३६ | ६३.१५ |
| व्यापार | १८ | ३१.५९ |
| जागिर | ३ | ५.२६ |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

**चित्र४.४**




**चित्र ४.४ : पेशाको आधारमा उत्तरदाताहरूको अवस्था**

तालिका ४.४ अनुसार पेशाको आधारमा उत्तरदातालाई कृषि, व्यापार र जागिर रूपमा तिन भागमा विभाजन गरिएको छ । जसमा यस सहकारीमा लागेर नमुनामा परेका मध्य कृषि गर्ने सबैभन्दा बढी ३६ जना अर्थात् ६३.१५ प्रतिसत छन् । त्यसपछि व्यापारीको सङ्ख्या बढी छ । जसमा १८ जना अर्थात् ३१.५९ प्रतिसत छन् र जागीर खानेमा ३ जना अर्थात् ५.२६ प्रतिसत रहेका छन् । यसलाई हेर्दा के देखिन्छ भने सहकारीमा लागेका महिला बढी कृषि व्यवसायमा लागेका पाइएको छ । अधिकांश महिलाहरू कृषि तथा कुनै पनि पेशामा नभएका पनि सहकारीबाट तालिम लिएर र ऋण लिएर कृषि र व्यापारमा लागेकाले आफ्नो आयआर्जन बढाउन सफल देखिन्छ ।

## ४.६ विवाह


यो एक सामाजिक संस्था हो । दुई परिवार विचको संबन्धलाई जोड्ने काम गर्दछ जसले परस्त्री र परपुरुषलाई एउटै छानामुनी बस्नको लागि सामाजिक र कानुनी मान्यता दिएको हुन्छ । यसले पुस्तान्तरण गर्ने र नाता संम्बन्धमा परिवर्तन गर्ने कार्य गर्दछ । सन्तान उत्पादनको महत्वपूर्ण अंग हो । वैवाहिक स्थितिले पनि मानिसको व्यवहारमा प्रभाव पर्दछ । नमूना छनौट भएका उत्तरदाताहरूको वैवाहिक स्थिति के कस्तो रहेछ ? भन्ने कुराको विश्लेषण निम्न तालिकामा गरिएको छ ।

**तालिका ४.५ : वैवाहिक स्थिति**

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| विवाहित | ४७ | ८२.४५ |
| अविवाहित | १ | १.७४ |
| एकल | ९ | १५.८१ |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

चित्र ४.५




**वैवाहिक स्थितिको संरचना**

तालिका ४.५ अनुसार यस क्षेत्रका उत्तरदाताको वैवाहिक स्थितिलाई हेर्दा धेरै जसोको विवाह भइसकेको र नौजनाको श्रीमान्को मृत्यु भएकाले एकल महिला एकजनाको मात्र विवाह नभएको पाइएको छ । यसले गर्दा उत्तरदाताहरू विवाहित भएर आफ्नो लागि आफैले केही गर्नुपर्दछ भन्ने उद्देश्यका साथ सहकारीमा लागेकाले महिलाहरूको आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा परिवर्तन आएको कुरा प्रष्ट हुन्छ ।

## ४.७ प्रजनन

बच्चा उत्पादन गर्ने क्षमता प्रजनन हो । शारीरिक, मानसीक र सामानिक रुपमा स्वस्थ हुनु हो । प्रजनन स्थितिले पनि मानिसको लवाइखवाइ, काम गराइ आदिमा के कस्तो प्रभाव पार्दछ भन्ने कुरा निर्धारण गर्दछ । जसको थोरै सन्तान छन् तिनीहरूको स्थिति धेरै सन्तान हुनेको भन्दा राम्रो देखिन्छ । नमूना छनौट भएका उत्तरदाताहरूको प्रजनन स्थिति दर कस्तो रहेछ भन्ने कुराको विश्लेषण निम्न तालिकामा गरिएको छ ।

**तालिका ४.६**

**प्रजनन् स्थितिको आधारमा उत्तरदाताहरूको संरचना**

| **सन्तानको स्थिती विवरण** | **जना** | **प्रतिशत** |
|---|---|---|
| १ मात्र सन्तान हुने | २ | ३.५० |
| २-३ जना सन्तान हुने | ३१ | ५४.४० |
| ४ वा भन्दा माथि सन्तान हुने | २२ | ३८.६० |
| निः सन्तान हुने | २ | ३.५० |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

तालिका ४.६ अनुसार अध्ययन गरेको संस्थामा उत्तरदाताहरूको प्रजनन स्थिति देखाइएको छ। १ मात्र सन्तान हुने उत्तरदाताहरू २ जना अर्थात् ३.५० प्रतिशत रहेका छन् भने २-३ सन्तान हुने उत्तरदाताहरू ३१ जना अर्थात् ५४.४० प्रतिशत भेट्टिए भने ४ वा भन्दा माथि सन्तान हुने उत्तरदाताहरू जम्मा २२ जना अर्थात् ३८.६० प्रतिशत छन् भने एउटा पनि सन्तान नहुने उत्तरदाताहरू जम्मा २ जना अर्थात् ३.५० प्रतिशत भेट्टिए । यसबाट उत्तरदाताहरूको प्रजनन स्थिति २ देखि ३ वटा बच्चा हुनेहरूको सङ्ख्या ३१ जना अर्थात् ५४.४० प्रतिशत भएकोले अध्ययन गरिएको संस्थामा २ देखि ३ जना बच्चा हुनेको बाहुल्य रहेको पाइन्छ।

## ४.८ शिक्षा

शिक्षा भनेको ज्ञान आर्जन गर्नु हो । शिक्षा आज सर्वव्यापी, जीवन पर्यन्त र मानविय अधिकारको रुपमा स्थापित भएको छ। शैक्षिक दृष्टिकोण क्षेत्रमा हाम्रो देश अझै पनि निकै पिछडिएको छ । झनै महिलाहरूमा अशिक्षा र निरक्षता व्याप्त रहेको छ । विकासका गतिविधिहरूबाट टाठा बाठाहरूले बढी मात्रामा फाइदा लिइरहेको विगतको अनुभवलाई हेर्दा यस अध्ययनको क्रममा छनौट गरिएका उत्तरदाताहरूको शैक्षिक स्थिति के कस्तो छ यसको विवरण निम्न तालिकाबाट प्रस्तुत गरिएको छ।


**तालिका ४.७**

**शैक्षिक स्थितिका आधारमा उत्तरदाताहरूको विवरण**

| पेशा विवरण | जना | प्रतिशत |
|---|---|---|
| निरक्षर | २२ | ३८.५६ |
| साक्षर | २१ | ३६.८५ |
| मा.वि. | ९ | १५.८१ |
| उच्च शिक्षा | ५ | ८.७८ |
| **जम्मा** | **५७** | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

**चित्र ४.७**




**शैक्षिक स्थितिका आधारमा उत्तरदाताहरूको संरचना**

तालिका ४.७ बाट उत्तरदाताहरूको शैक्षिक स्थिति हेर्दा अझै पनि निरक्षता कायमै देखिन्छ । उत्तरदाताहरूमध्ये २२ जना अर्थात् ३८.५६ प्रतिशत निरक्षर रहेको पाइयो भने साक्षरहरू (सामान्य लेखपढ गर्न सक्ने) को सङ्ख्या २१ अर्थात ३६.८५ प्रतिशत छ । माध्यामीक सम्म अध्ययन गरेको सङ्ख्या ९ अर्थात् १५.८१ प्रतिशत रहेको पाईयो भने उच्च शिक्षा भन्दा माथि पढ्ने उत्तरदाताहरू ५ अर्थात् ८.७८ प्रतिशत रहेको पाईयो । यसबाट

बढी उमेर भएका महिलाहरू निरक्षर र साक्षरहरूको दायरामा देखिन्छन् भने कम उमेरका महिलाहरू विशेष गरी ब्राह्मण, क्षत्रीहरूमा माध्यमिक र उच्च शिक्षा हासिल गरेको पाइन्छ भने दलितहरूमा कम उमेर भए पनि साक्षर मात्र भएको सङ्ख्या अधिक भएको पाइन्छ । तापनि अवका नयाँ पिँडीमा सबैलाई राम्रो शिक्षा दिनुपर्दछ । हामीले धेरै पढ्न नसके पनि आफ्ना सन्ततिलाई राम्रो राम्रो शिक्षा दिक्षा दिनु पर्दछ भन्ने भावना उत्तरदाताहरूमा पाइनु सकारात्मक सोचको विकास हुनु हो ।

**वैयक्तिक अध्ययन १**

वैयक्तिक अध्ययन १ कि कृष्ण कुमारी बराल पिता तुलसी राम पौडेल माता नन्दकली पौडेलको कोखबाट २०१४ साल पुष ११ गते पुम्दी भुम्दी गा.वि.स. वडा नं. ३ कास्कीम जन्मनु भएकी बरालाको आर्बा बिजय गा.वि.स वडा नं. ४, कास्की निवासी कृष्ण प्रसाद बरालसँग २०४१ साल फागुन २६ गते विवाह भएको हो । श्रीमा, सासू, ससूरा १ छोरा, २ छोरीसँग संयुक्त परिवारमा रहँदै आउनु आएकी छ । ज्योती महिला बचत तथा ऋण सहकारीको तिन बर्ष देखि अध्यक्ष पदमा कार्यभार सम्हाल्दै आउनुभएको छ । पेशाका हिसावले उहाँको कृषी रहेको छ यसका अलावा विभिन्न संघसंस्थामा कार्य गर्ने क्रममा उहाँ हाल अधारभूत आमा समुहको अध्यक्ष, लैङ्गीक हिंसा निगरानी समुहको सम्योजक, काहुँखोला अर्बा मौजा सडक खण्डको सदस्य, स्वास्थ्य सम्बन्धी स्यमसेवीका, महाप्रभु धामको कोषाध्यक्ष, नेपाली काङ्ग्रेसको आर्ब बिजय गाउँ इकाई समितिको कोषाध्यक्ष, जस्ता विभिन्न आधादर्जन भन्दा बढी संघ संस्थाहरूमा सक्रियतापूर्वक लाग्नुभएको र सामाजिक क्षेत्रमा एक उदाहरणीय व्यक्तिका रूपमा देखिनुभएको छ । सहकारीको स्थापनाकालदेखि नै आफ्ना संस्थाका सदस्यहरूलाई आयआर्जनका कार्यदेखि लिएर विभिन्न किसिमका तालिमको व्यवस्था गराउने गरी महिला दिदीबहिनीको क्षमता, चेतनामा वृद्धि ल्याउनुका साथै आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । उहाँ आफू पनि एक सफल कृषकका रूपमा आफ्नो क्षेत्रमा कार्य गर्दै आउनुभएको छ ।

# अध्याय-पाँच

# आर्थिक प्रभावको विश्लेषण

कार्लमार्क्सले समाजको पहिचानलाई निश्चित गर्ने निर्णायक कारकतत्वका रूपमा अर्थलाई लिएका छन् । यस अर्थमा के भन्न सकिन्छ भने सामाजिक परिवर्तन पनि आर्थिक कारणहरूको परिणाम स्वरूप हुन्छ । सामाजिक जीवन, विचार, मूल्य राजनीतिक व्यवस्था, साहित्य, कला आदिको निर्धारण आर्थिक उत्पादनमा निर्भर गर्दछ । बचत तथा ऋण सहकारीको प्रमुख उद्देश्य संस्थागत विकासको माध्यमबाट आर्थिक विकासमा टेवा पुऱ्याउने हुनाले यस्ता खाले कार्यक्रमले सहकारीमा आबद्ध महिलाहरूको जीविकोपार्जनमा सघाउ पुऱ्याउने बचत सङ्कलन, ऋण लगानी, असुलीको साथै नेतृत्व विकास व्यवसाय छनौट, व्यवसाय प्रवर्द्धन एवं महिला सशक्तीकरण लगायत समसामयिक चेतनामूलक तालिम प्रदान गरी मानवीय क्षमता अभिवृद्धिको माध्यमबाट स्वरोजगारका अवसरहरू प्रदान गर्ने, विभिन्न व्यावसायिक तालिमहरू जस्तै पशुपालन, तरकारी खेती, सिलाइ कटाइजस्ता तालिमहरूबाट व्यक्तिको आयआर्जनमा सहयोग पुऱ्याउने कार्य भइरहेको पाइन्छ । यस्ता खालका गतिविधिहरूले गर्दा महिलाहरू व्यवसायप्रति आकर्षित भएका छन् । केही न केही व्यवसाय/उद्यम गर्नुपर्दछ भन्ने भावनाको विकास भई सदस्यहरूले सम्भावित व्यवसायहरू जस्तै : व्यावसायिक तरकारी खेती, पशुपालन, ब्लक उद्योग, किराना पसल, सुन पसल, ब्यूटीपार्लर, सिलाइ कटाइ, साना घरेलु उद्योगजस्ता उद्यमहरू स्थापना हुने क्रम बढेको छ । यसरी घरमै आर्थिक गतिविधिहरू सञ्चालन भई रोजगारीका अवसर बढ्नुलाई सहकारीले पारेको सकरात्मक प्रभावका रुपमा लिन  सकिन्छ ।

## ५.१ ऋण

व्यक्ति वा संस्था संग नगद वा जिन्सी सापटी लिनु ऋण हो । यदी संस्था भएमा तमसुक गरी समय अवधी र व्याज निर्धारण गरी लिइने रकम ऋण हो । ऋण विभिन्न प्रयोजनका लागि लिइन्छ उद्योग धन्दा खोल्न, व्यापार व्यवसाय गर्न, चलअचल संपति लिन । ऋण लिने र दिने विचमा आधार शर्तहरु राखी प्रबाह गरीन्छ । यो मुख्यतया हुनेले नहुनेलाई दिइन्छ ।


तालिका ५.१

सहकारीबाट ऋण लिने र नलिने उत्तरदाताहरू

| विवरण | जना | प्रतिशत |
|---|---|---|
| ऋण लिने | ४७ | ८२.४६ |
| ऋण नलिने | १० | १७.५४ |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

चित्र ५.१




**सहकारीबाट ऋण लिने र नलिने उत्तरदाताहरूको संचरना**

तालिका ५.१ अनुसार सहकारीबाट ऋण लिने र नलिने उत्तरदाताहरूको विवरण देखाइएको छ । जसबाट सहकारीमा ऋण लिने उत्तरदाताहरू ४७ जना ८२.४६ प्रतिसत जना रहेको पाइयो भने सहकारीबाट ऋण नलिने उत्तरदाताहरू १० जना १७.५४ रहेको पाइयो । माथिको तालिकाबाट के देखिन्छ भने सहकारीमा ऋण नलिने उत्तरदाताहरू भन्दा ऋण लिने उत्तरदाताहरूका बाहुल्यता देखिन्छ । यसबाट सहकारीमा धेरै उत्तरदाताहरूले आफ्नो व्यवसाय सञ्चालन गर्न, घरखर्च चलाउन, छोराछोरी पढाउन र आवश्यक कामको लागि वा आर्थिक कारोबारका लागि सहकारीलाई माध्यम बनाएको देखिन्छ ।

## ५.२ ऋण लिएर व्यवसायमा लगानी गर्ने

अध्ययन क्षेत्रमा आफ्नो आर्थिक कारोबार बढी के मा लगानी गर्ने गर्दछन् भन्ने कुरा थाहा पाउन तलको तालिकाबाट उत्तरदाताहरूको व्यवसाय के कस्तो रहेछ भन्ने कुरा थाहा पाइन्छ ।


**तालिका ५.२**

**ऋण लिएर व्यवसायमा लगानी गर्ने उत्तरदाताहरूको संरचना**

| विवरण | जना | प्रतिसत |
|---|---|---|
| कृषि | २५ | ४३.८६ |
| व्यापार | ११ | १९.३० |
| शिक्षा सेवा | १ | १.७४ |
| पशु पन्छि पालन | १० | १७.५५ |
| ऋण नलिने | १० | १७.५५ |
| जम्मा | ५७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

**चित्र ५.२**



**ऋण लिएर व्यवसायमा लगानी गर्ने उत्तरदाताहरूको संरचना**

तालिका ५.२ अनुसार ऋण लिएर कृषि गर्ने २५ जना अर्थात ४३.८६ प्रतिसत व्यापार ११ जना अर्थात १९.३० प्रतिसत पशुपन्छि पालन १० जना अर्थात १७.५ प्रतिसत शिक्षामा १ जना अर्थात १.७४ प्रतिसत र ऋण नलिने १० जना अर्थात १७.५ प्रतिसत भएको पाइयो । हाम्रो देश कृषि प्रदान देश भएका कारण पनि कृषि व्यवसाय गर्नेको प्रतिसत वढी देखिएको भन्न सकिन्छ ।

**तालिका ५.३**

**ऋण लिएर फाइदा गर्ने उत्तरदाताहरू**

| **विवरण** | **सङ्ख्या** |
|---|---|
| मासिक रु. २००० देखि ३००० सम्म आम्दानी गर्ने | २० |
| मासिक रु. ३१०० देखि ४००० सम्म आम्दानी गर्ने | ११ |
| मासिक रु. ४१०० देखि माथि आम्दानी गर्ने | १६ |
| ऋण नै नलिने उत्तरदाताहरू | १० |
| **जम्मा** | **५७** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका ५.३ अनुसार यसमा समावेश भएका ५७ जना उत्तरदाताहरूमध्ये ४७ जनाले उक्त सहकारीबाट ऋण लिएर आफ्नो क्षमताले भ्याएअनुसारको व्यवसाय सञ्चालन गरेको पाइयो भने १० जना उत्तरदाताले ऋण नलिएको पाइयो । उहाँहरू ऋण नलिए पनि आर्थिक रूपमा सक्षम भएको कुरा पनि यस अध्ययनबाट थाहा हुन जान्छ । यस तालिकाबाट मासिक २००० देखि ३००० सम्म आम्दानी गर्ने २० जना, मासिक ३१०० देखि ४००० सम्म आम्दानी गर्ने ११ जना, मासिक ४१०० देखि माथि आम्दानी गर्ने १६ जना र ऋण नै नलिने १० जना पाइयो ।

## ५.४ आर्जन गरेको रकम विभिन्न क्षेत्रमा खर्च गर्ने

संस्थाबाट ऋण लगेर उत्तरदाताहरूले कुन कुन क्षेत्रमा खर्च गर्दा रहेछन् । यसरी लगेको रकम उत्पादक क्षेत्रमा लगानी हुन्छ या अनुत्पादक क्षेत्र मध्ये कुन क्षेत्रमा बढी लगानी हुन्छ सो बारे पहिचान गर्न सकिन्छ ।

**तालिका ५.४**

**आर्जन गरेको रकम विभिन्न क्षेत्रमा खर्च गर्ने बहुउत्तरदाताहरू**

| विवरण | जम्मा |
|---|---|
| छोराछोरी पढाउन | ५२ |
| घर खर्च चलाउन | ५३ |
| चलअचल सम्पत्ति जोड्ने | २० |
| मनोरञ्जनका साधन किन्न | १० |
| तीर्थव्रत वा भ्रमण गर्न | ८ |
| ब्यापार वढाउन | २० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका ५.४ अनुसार उत्तरदाताहरूले आफूले कमाएको रकम सबैभन्दा बढी घर खर्च चलाउनमा खर्च गरेको पाइयो । जसमा घर खर्च चलाउनमा मात्र प्रयोग गर्ने उत्तरदाताहरू ५३ जना, छोराछोरी पढाउन ५२ जना व्यापार बढाउन वा सम्पत्ति थप गर्न २० जनाले लगानी गरेको पाइयो भने चल अचल सम्पत्ति जोड्ने लगानी गर्ने २० जना र तीर्थव्रत भ्रमण गर्न ८ जना पाइयो भने मनोरञ्जनका साधन किन्न ८ रहयो । यसरी आफूले आर्जन गरेको रकम उत्पादक क्षेत्रमा भन्दा बढी अनुत्पादक क्षेत्रमा लगानी गर्नुपर्ने नेपाली संस्कृतिले गर्दा पनि लगानी विभिन्न क्षेत्रमा बाँडिएको पाइएको छ । यसले गर्दा कति प्रतिशत लगानी भयो भनेर ठ्याक्कै प्रतिशतमा निकाल्न नमिल्ने भएकाले तथ्याङक मात्र दिएको छ । यसरी हेर्दा हाम्रो नेपाली समाजमा महिलाले गर्ने भनेको चाहे त्यो कमाएर होस् चाहे ऋणधन गरेर पनि सर्वप्रथम जीविकोपाजर्नन अर्थात घर खर्च चलाउनु प्रमुख दायित्व हुने, त्यसपछि छोराछोरीलाई पढाउनको लागि पैसा खर्च हुने र बाँकी पैसा भएमा तीर्थव्रत, भ्रमण, मनोरञ्जन, चल अचल सम्पत्ति किन्ने कार्यमा पैसा खर्च हुने अवस्था पाइयो ।

**वैयक्तिक अध्ययन २**

रामकुमारी पौडेल २०३४ साल असोज २ गते लेखनाथ नगरपालिका वडा नं ५ मा जन्मनु भएकी रामकुमारी पौडेल एस.एल.सि सम्मको अध्ययनरत महिला हुनुहुन्छ । आफूले राम्रो संग पढ्न नपाएको बताउनु हुन्छ सानैमा विवाह भएकाले । डिललीराम पौडेलसँगको दाम्पत्य जीवनमा उहाँले जीवनमा १ छोरी २ छोराको लालनपालन सफल रूपमा गर्नुभएको छ । ज्योती महिला बचत तथा ऋण सहकारीको सदस्य र कार्यालय सचिव भएपश्चात् त्यहाँबाट ऋण लिएर आफ्नो परम्परागत पेशा, गाई पालेर दूध बेच्ने पेशालाई व्यवस्थित गर्नुभएको छ । १०००००.०० ऋण लिएर आफ्नो व्यवसायलाई व्यवस्थित गर्नुभएको वहाँ दुइवटा गाईबाट हाल दैनिक सात, आठ लिटर दूध बेच्नुहुन्छ जसको आम्दानी मासिक करिब १० देखि १५ हजार हुन्छ । त्यस कमाइले आफ्नो घरखर्च गर्नेदेखि छोराछोरीलाई पढाउने र उनीहरूको राम्रो हेरचाह गर्नुभएको छ । सहकारीले गर्दा आफूलाई चाहिने ऋण लिन व्यक्तिको घरमा जानु नपर्ने भएकाले सहकारी अत्यन्तै उपयोगी भएको कुरा उहाँ बताउनुहुन्छ ।

**वैयक्तिक अध्ययन ३**

वैयक्तिक अध्ययन ३ कि शान्ता बराल २०२२ साल जेष्ठ महिनामा पुरुन्चौर गा.वि.स. कास्कीमा जन्मनुभएकी उहाँ हाल आर्बा बिजय गा.वि.स वडा नं. २, साझमा बस्नुहुन्छ । ३ छोरा र १ छोराकी आमा उहाँ पेशाले व्यापारमा संलग्न भई ज्योती महिला बचत तथा ऋण सहकारी लिमिटेडको सक्रिय सदस्य हुनुहुन्छ । यसको अलावा उहाँ एक सफल गृहिणी हुनुहुन्छ । समाजसेवा तथा संघसंस्थामा काम गर्न रुचि राख्नुहुने उहाँ आफूलाई त्यसबाट सन्तुष्ट मिल्ने बताउनुहुन्छ । सहकारी नै त्यस्तो माध्यम, हो जसले सामान्य व्यक्तिहरूलाई आफ्नो गर्जो टार्नको लागि व्यक्तिसँग हात फैलाउनु पर्दैन । सहकारीको माध्यमबाट थुप्रै महिलाहरूले क्षमता, चेतनाको विकासको साथै आर्थिक रूपमा पनि आफूलाई मजबूत बनाउँदै लान सक्षम भएको कुरामा उहाँ जोड दिनुहुन्छ । सहकारीवाट ऋण लिएर व्लक उद्योग संचालनगर्नलाई थप टेवा मिलेको कुरा उहाँ बताउनु हुन्छ ।

पुरुषले जस्तै यस समाजमा महिलाले पनि केहि गरेर देखाउन सक्छन् भन्नु हुन्छ । आफू सानै उमेरमा विहे भइ पढ्न नपाएको र त्यती वेला पढेकी छोरीलाई समाजले हेर्ने दृष्टिकोण नकरात्मक भएको बताउनु हुन्छ ।

**वैयक्तिक अध्ययन ४**

वैयक्तिक अध्ययन ४ कि सरस्वती परियार २०३३ साल भाद्रमा कालिका ठूलाकोट कास्कीमा जन्मनुभएकी सरस्वती परियार ज्योति महिलाा बचत तथा ऋण सहकारी संस्थाकी एक सदस्य हुनुहुन्छ । सहकारी सम्बन्धी आफूलाई पहिला त्यति थाहा नभए पनि यसका अध्यक्ष तथा अन्य साथीहरूबाट जानकारी प्राप्त भई सदस्य भएको बताउनुहुने तिनवटा छोरीकी आमा हुनुहुन्छ । आर्वा बिजय गा.वि.स वडा नं. २, साभmमा सिलाइ कटाइ  व्यापार गर्नुहुने उहाँ दैनिक ५०० देखि ७०० सम्मको व्यापार हुने र लगभग ५०० रूपैयाँ नाफा हुने बताउनुहुन्छ । सहकारीबाट १५0000.00 ऋण लिएर सिलाइ कटाइ सञ्चालन गर्दै आउनुभएको उहाँ आफ्नो घरपरिवार सञ्चालन गर्न सक्षम भएको कुरा बताउँदै सहकारीले राम्रो सहयोग भएको उल्लेख  गर्नुहुन्छ ।

यस सहकारी संस्थामा लाग्नु पूर्व उहाँलाइ दुई चार हजार रकम आवस्यक परेमा विस्ट सामु हात फैलाउनु पर्ने, धेरै दिन धाउनु पर्ने,  दिए पनि चर्को ब्याज तिर्नुपर्ने बताउनु हुन्छ । हाल यस संस्थामा आबद्ध भएपछि दैनिक बचत गर्न पाइने, सहज र सरल तरिकाबाट सस्तो ब्याजमा ऋण पाइने, सिप सिक्न पाइने भएका कारण सहकारी हामी जस्तै गरिव बेलुका खाए बिहान के खाम भन्नेहरुको हो भन्नु हुन्छ ।

**निष्कर्ष**

ज्योती महिला बचत तथा ऋण सहकारी संस्थामा लागेको महिलाहरूको  आर्थिक अवस्था क्रमिक सुधार आएको पाइन्छ । आजको विश्वको  मेरुदण्ड भनेको आर्थिक पक्ष हो । अर्थलाई कार्लमार्क्सले समाजको पहिचानलाई निश्चित गर्ने निर्णायक तत्वका रूपमा लिएका छन् भने पूँजीवादीले आर्थिक नै विकासको मेरुदण्डको रूपमा लिएको पाइन्छ । आजको २१ औं शताब्दीको विश्वलाई हेर्ने हो भने सबै कुरा आर्थिकमा निर्भर भएको हामीले पाउँदछौ ।

तसर्थ, आर्थिकले सबै पक्षलाई प्रभाव पारेको छ । यो संस्था पनि यसबाट अछूतो छैन । यस सहकारीको कारण यसका सदस्यमा आर्थिक पक्षको कस्तो प्रभाव पऱ्यो भन्ने निष्कर्षमा जाँदा यस सहकारीका सबै सदस्यहरूले मासिक नियमित बचत गर्ने गरेको पाइयो । बचत गरेको रकमबाट आवश्यक पर्ने व्यक्तिले ऋण लिएर आफ्नो घरव्यवहार चलाउने, छोराछोरी पढाउने, व्यापार व्यवसाय सञ्चालन गर्नेदेखि लिएर आवश्यकता परिपूर्तिका सम्पूर्ण क्रियाकलाप गर्ने गरेको पाइयो ।

सहकारीमा लाग्नुपूर्व कुनै व्यवसाय सञ्चालन गर्न नसकेका सदस्यहरू, आर्थिकको अभावले पिल्सिएर बसेका व्यक्तिहरू ऋण लिएर पनि के काम गर्ने भन्ने अलमल्लमा परेकाहरूलाई सहकारीको माध्यमबाट, सीपमूलक तालिमको व्यवस्था गरी जीवनस्तर उकास्न यस सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । विशेष गरी ज्योती महिला बचत तथा ऋण सहकारी संस्थाको प्रमुख उद्देश्य भनेको सहकारीताको माध्यमबाट आर्थिक विकासमा टेवा पुऱ्याउने भएकाले सहकारीमा आबद्ध महिलाहरूको जीविकोपार्जनमा सघाउ पुऱ्याउनु, बचत सङ्कलन, ऋण लगानी, असुलीको साथै नेतृत्व विकास, व्यापार व्यवसाय सञ्चालन, प्रवर्द्धन, संस्था सञ्चालन, सामाजिक तथा सांस्कृतिक परिचालनलगायतका तालिमहरूको व्यवस्था गराइनु महिलाहरूलाई आर्थिक रूपमा सवल बनाउनु, रोजगारका सृजना गर्नु, ऋण लगानी गरी कृषि, तरकारी पसल सिलाइ कटाई, व्युटीपार्लर, किराना पसल, ब्लक उद्योग, कपडा पसल, सुन पसल सञ्चालन देखि लिएर विभिन्न पेशा व्यवसायमा आफ्ना सदस्यहरूलाई संलग्न गराई साना घरेलु उद्योग मार्फत उनीहरूको आर्थिक स्थिति मजबूत पार्ने कार्यमा यस संस्था सफल देखिन्छ । तसर्थ, विभिन्न पेशा/व्यवसाय गर्ने व्यक्तिहरूले कम्तीमा मासिक २००० देखि बढीमा ८००० भन्दा धेरै आयआर्जन गर्न सक्षम भएकाले पनि सहकारीको माध्यमबाट महिलाहरूको आर्थिक क्षेत्रमा महत्वपूर्ण परिवर्तन आएको छ भन्न सकिन्छ ।

# अध्याय-छ

# सामाजिक तथा सांस्कृतिक प्रभावको विश्लेषण

मानव स्वभावैले एक सचेत प्राणी हो । ऊ आफ्नो लागि आफैले केही गर्नुपर्दछ भन्ने मान्यतामा हुर्किंदै आए पनि विश्वबजारमा देखिदै वा मौलाउँदै आएको पूँजीवादी व्यवस्थाले के देखायो भने वास्तवमा मानवहितको लागि वा स्वार्थको लागि एकले केही गर्न सकिँदैन, त्यसको लागि संगठित हुनु जरुरी छ वा कामको बाँडफाँडले नै कुनै पनि काममा सफलता प्राप्त हुन्छ । जसको लागि एकले होइन मिलेर कार्य गर्नुपर्दछ भन्ने भावनाको विकाससँगै औद्योगिकीकरणको विकास भयो । यसले गर्दा मानिस आफैभित्र हुने र नहुने शक्तिको उदय भयो । तत्पश्चात् मानिसभित्र नै असन्तुष्टि हुँदै जान थाले र एक आपसमा शत्रुता बढ्दै जाँदा त्यसले नकारात्मक स्थितिको सिर्जना गर्‍यो । त्यसैको फलस्वरूप हुने र नहुने वर्गको उदय भयो ।

विश्वमा हुने र नहुने वर्गको उदय भइसकेपछि उनीहरू बीचको दूरी कम गर्नलाई कम आयस्रोत भएका र एक्लैले मात्र काम गर्न नसक्नेलाई समूह बनाएर काम गर्ने परिपाटीको विकास भयो, जसको फलस्वरूप सहकारीको जन्म हुन पुग्यो । त्यही सहकारीको माध्यमबाट विभिन्न पेशाव्यवसाय गरेका फरक विचार धारणा राखेका मानिसहरूलाई गोलबन्ध गराई सहकारी संस्था खोल्ने संस्कृतिको विकास भई आज गाउँघर/शहर जताततै सहकारी संस्थाहरू खुलेका छन् । यीनै कुराहरुलाइ मध्येनजर गर्दै सहकारीको माध्यमबाट महिलाहरूको सामाजिक, सांस्कृतिक रूपमा के प्रभाव पर्‍यो भन्ने कुराहरू नै यसमा अध्ययन गरिएको छ ।

सहकारीमा लागेका महिला दिदीबहिनीहरूको सामाजिक र सांस्कृतिक कुराहरूमा विशेष परिवर्तन ल्याउन त्यस्तै किसिमका सभा सम्मेलन भेला, गोष्ठी, तालिम, छलफल आदि सञ्चालन भएका पाइन्छन् । पहिला बोल्न नजान्नेहरू अर्कासँग कुरा गर्दा हिचकिचाउनेहरू आज सहकारीमा लगेर यसको प्रभावका कारण संघ संस्था निर्धक्क रूपमा चलाउने, आफ्ना कुराहरू प्रष्ट राख्न सक्ने, सभा सम्मेलनमा निर्धक्कसँग भाषण गर्ने देखि लिएर आफ्नो सामाजिक, सांस्कृतिक अवस्थालाई सुधार गर्न त्यत्तिकै मेहनत गरेर लागेका छन् । अनुशासित रूपमा प्रस्तुत हुने आफ्नो संस्थालाई कसरी अगाडि बढाउन सकिन्छ

भनेर चिन्तनमनन गर्ने, सदस्यको हितको बारेमा सोच्ने बोल्ने र सहयोग गर्ने, उनीहरूका हरेक क्रियाकलापलाई नजिकबाट नियाल्ने, रायसल्लाह तथा आवश्यक सुझावसहित सहयोग गर्ने लगायतका धेरै कुरामा महिलाहरूमा चेतना आएको पाइन्छ । विशेष गरी सहकारीमा लागेपछि अर्काको शोषण होइन, आफ्नो पौरखले काम गर्नु पर्दछ, कमाएको पैसा मध्ये केही बचत गर्ने, अनावश्यक तडक भडकमा नलाग्ने आफ्नो संस्कृतिको पहिचान गरी त्यसलाई जोगाउन प्रयत्नरत हुने देखि समाज र राष्ट्र विकासमा समेत टेवा पुऱ्याउन भरभग्दुर प्रयास गरेको पाइन्छ । विशेषगरी सहकारीका सदस्यहरूको हरेक कामको मूल्याङ्कन, कार्यक्षमताको विकास, नेतृत्वको विकास, संस्था परिचालनमा प्रभावकारी भूमिका निभाउन हरेक सदस्यलाई त्यतिकै जोड गरेकाले यस सहकारीका सदस्यहरूले सहकारीको मूल्य मान्यतालाई आत्मासात् गर्दै अग्रगतिमा अगाडि बढिरहेको पाइन्छ ।

## ६.१ सहकारीमा लाग्न प्रेरणा पाउनेहरू

सहकारीमा लाग्नका लागि कसैको प्रेरणा सल्लाह, वा आफै लाग्ने उत्तरदाताहरूको के कस्तो स्थिति छ तलको तालिकाबाट थाहा पाइन्छ ।


**तालिका ६.१**

**उत्तरदाताहरूको सहकारीमा लाग्न प्रेरणा दिनेहरूको विवरण**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| स्वेच्छाले लाग्ने | १६ | २८.०७ |
| साथीबाट लाग्ने | ३० | ५२.६३ |
| परिवारबाट लाग्ने | ११ | १९.३० |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

चित्र ६.१




**उत्तरदाताहरूलाई सहकारीमा लाग्न प्रेरणा दिनसंरचना**

तालिका ६.१ अनुसार सहकारीमा लाग्नको लागि बढी प्रेरणा दिने उत्तरदाताहरूको स्थिति बुझ्न सकिन्छ । सहकारीमा लाग्न स्वेच्छाले लागेको भनी जवाफ दिने उत्तरदाताहरू १६ जना अर्थात् २८.०७ प्रतिशत रहेको पाइयो । साथीबाट भनेर सुनेर र बुझेर सहकारीमा लागे भन्ने उत्तरदाताहरू ३० जना अर्थात् ५२.६३ प्रतिशत पाइन्छ । त्यस्तै परिवारबाट सहकारीमा लाग्न प्रेरणा दिने ११ जना अर्थात् १९.३० रहेको पाइन्छ । स्वेच्छाले र परिवारको सल्लाहमा सहकारीमा लाग्नेको भन्दा साथीबाट सहकारीमा लाग्न प्रेरणा पाएका र सहभागी भएका उत्तरदाताहरूको सङ्ख्या बढी ३० जना अर्थात् ५२.६३ प्रतिशत पाइयो । यस तालिकाबाट के देखिन्छ भने सहकारीमा लाग्न साथीहरूको सल्लाह नै धेरैले मानेको पाइएको कुरा प्रष्ट हुन् आउँछ भने अन्यको तुलनामा साथीले भनेको कुरा बढी मानिने माथिको तालिकाबाट प्रष्ट हुन आउँछ ।

## ६.२ सहकारीमा विभिन्न कारणबाट लाग्ने उत्तरदाताहरू

कुनै पनि संघसंस्थाको आ-आफ्नै उद्देश्य रहेको हुन्छ र आफूलाई फाइदा हुने देखेमा सदस्यहरू संलग्न हुने गर्दछन् । त्यसै गरी सहकारीमा के कारणले गर्दा सदस्यहरू लागे भने उत्तरदाताहरूको स्थिति तलको तालिकाबाट देख्न सकिन्छ ।


**तालिका ६.२**

**सहकारीमा विभिन्न कारणबाट लाग्ने उत्तरदाताहरूको विवरण**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| बचत गर्ने, ऋण लिइ व्यवसाय गर्ने | ५० | ८७.७२ |
| आफ्नो व्यक्तित्व विकास गर्न एवं अन्य फाइदा गर्ने | ७ | १२.२८ |
| जम्मा | ५७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

**चित्र ६.२**




**सहकारीमा विभिन्न कारणबाट लाग्ने उत्तरदाताहरूको संरचना**

तालिका ६.२ अनुसार के देखिन्छ भने सहकारीमा लाग्नुको मुख्य कारण के हो भने प्रश्नको जवाफमा बचत गर्न र ऋण लिई व्यवसाय गर्न भन्ने खालका उत्तरदाताहरू ५० जना अर्थात् ८७.७२ प्रतिशत पाइन्छ । त्यसैगरी आफ्नो व्यक्तित्व विकास गर्न एवं महिला सशक्तीकरणका लागि सहकारीमा प्रवेश गरेको हो भन्ने उत्तरदाताहरू ७ जना अर्थात् १२.२८ प्रतिशत रहेको पाइन्छ । बचत गर्न र ऋण लिई व्यवसाय गर्नाका लागि सबैभन्दा ५० जना अर्थात् ८७.७२ प्रतिशत उत्तरदाताहरू सहकारीमा लागेको पाइन्छ ।

## ६.३ सहकारीबाट सोचेजस्तो फाइदा लिने र नलिने उत्तरदाताहरू

कुनै पनि संघसंस्थामा लाग्नुको कारण त्यस संस्थाले आफूलाई के फाइदा दिन्छ वा दिँदैन भन्ने कुरा महत्वपूर्ण हुन्छ । फाइदा हुने भए मानिस त्यस संस्थामा लाग्दछन् भने फाइदा नहुने देखेमा संस्थामा प्रवेश गर्दैनन् । यो मानवीय स्वभाव नै हो । सहकारीमा लागेपछि सोचेजस्तो फाइदा वा बेफाइदा भयो भने उत्तरदाताहरूको स्थिति तलको तालिकाबाट स्पष्ट हुन्छ ।

**तालिका ६.३**

**सहकारीबाट सोचेजस्तो फाइदा लिने र नलिने उत्तरदाताहरू**

| **विवरण** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|
| फाइदा भयो | ५७ | १०० |
| फाइदा भएन | ० | ० |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तलिका ६.३ अनुसार सहकारीमा लागेर सोचे जति फाइदा लिने उत्तरदाताहरू सतप्रतिसत भएको पाइयो । छनौटमा परेका ५७ जना सबैले फाइदा भयो भनेकाले फाइदा लिनेको सङ्ख्या १०० प्रतिशत नै पाइन्छ । हाम्रो समाजमा रहेका र काम गरेका महिला बचत तथा ऋण सहकारी संस्थाहरूलाई हेर्दा सबै सदस्यहरूले उत्तिकै फाइदा लिन नसकेको पाइन्छ । यसमा सहकारी नीति र कार्यान्वयनको पनि अभाव देखिन्छ । जसले गर्दा सहकारीमा लागेपछि केही न केही फाइदा त अवश्य हुने नै भयो, तर सहकारी नीति नियम र त्यसबाट पालन गर्नुपर्ने कतिपय कुराहरू ज्ञानको अभावमा त्यसलाई लागू गर्ने सवालमा बुझाइको कमीले गर्दा पनि सबैले चाहे जति फाइदा लिन नसकेको हो कि भन्ने देखिन्छ ।

## ६.४ सीप

कुनै पनि काम प्रति व्यक्तिमा भएको खुवीलाई सिप भनिन्छ । सिपले मानिसलाई आत्मर्निभर, स्वनिर्णयी बनाउछ । सहकारी संस्थामा आबद्ध सदस्यहरूलाई बचत तथा ऋणको साथसाथै अन्य सशक्तीकरण एवं व्यवसाय प्रवर्द्धनसम्बन्धी तालिमहरू सहकारीको उद्देश्यअनुसार दिइँदै आएको हुन्छ । सहकारिताको सात सिद्धान्तमध्ये शिक्षा, तालिम तथा सूचनाअन्तर्गत आफ्ना सदस्यहरूलाई समसामयिक सूचना, ज्ञान, तालिमको माध्यमबाट प्रदान गर्नु सहकारी संस्थाको कर्तव्य हो । सहकारीमा लागेपछि सीप सिक्ने र नसिक्ने उत्तरदाताहरूको स्थिति के रहेछ तलको तालिकाबाट प्रष्ट हुन्छ ।


**तालिका ६.४**

**सहकारीमा लागेपछि सीप सिक्ने र नसिक्ने उत्तरदाताहरूको वर्गीकरण**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| सीप सिक्ने | २७ | ४७.३७ |
| सीप नसिक्ने | ३० | ५२.६३ |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

**चित्र ६.३**




**सहकारीमा लागेपछि सीप सिक्ने र नसिक्ने उत्तरदाताहरूको वर्गीकरण**

तालिका ६.४ अनुसार सहकारीमा लागेपछि आफ्नो व्यवसाय प्रवर्द्धन गर्नका लागि सीप सिक्ने उत्तरदाताहरू २७ जना अर्थात् ४७.३७ प्रतिशत र सीप नसिक्ने उत्तरदाताहरू ३० जना अर्थात् ५२.६३ प्रतिशत रहेको पाइन्छ । सीप नसिक्नेको तुलनामा सीप सिक्ने उत्तरदाताहरूको सङ्ख्या यस अध्ययनले  सीप नसिक्ने उत्तरदाताहरू अझै पनि ३० प्रतिशत ५२.६३ प्रतिशत हुनुले अझै धेरै सङ्ख्यालाई सीप सिकाउन बाँकी रहेको स्पष्ट हुन्छ, तापनि सीप सिक्नलाई व्यक्तिको इच्छामा पनि भरपर्ने भएकाले सबैले सिक्नै पर्दछ भन्ने जरुरी देखिँदैन ।

**६.५. सहकारीमा लागेपछि  सीपसिक्नु र तालिम लिनु राम्रो हो, राम्रो होइन     भन्ने**

तालिम लिनु राम्रो हो । यसले ज्ञानको विकास गराउछ ।

**तालीका  ६.५.**

**सहकारीमा लागेपछि  सीपसिक्नु र तालिम लिनु राम्रो हो,होइन          भन्ने**

| **क.सं.** | **विवरण** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|
| १. | तालिम लिनु राम्रो हो | ५७ | १०० |
| २. | तालिम लिनु राम्रो होइन | ० | ० |
| **जम्मा** | | **५७** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

तालिका ६.५ अनुसार तालिम लिनु राम्रो हो भन्ने ५७ जना अर्थात १०० प्रतिशत पाइयो भने तालिम लिनु नराम्रो हो भन्ने कोही पनि उत्तरदाता नपाइएकाले के देखाउँदछ भने तालिम लिनु अत्यन्तै राम्रो कुरा हो, त्यसले आफ्नो व्यक्तित्व विकासदेखि लिएर आफ्नो आम्दानी बढाउनमा र कार्य कुशलता बढाउन तालिम उपयोगी हुन्छ भन्ने कुरा प्रष्ट हुन्छ ।

**६.६     सहकारीमा संलग्न भएपछि विभिन्न सीप सिक्ने उत्तरदाताहरू**

स्थलगत अध्ययनपछि अध्ययन क्षेत्रका उत्तरदाताहरू सहकारीमा लागेपछि कस्तो सीप सिक्नुभयो भनी सोधेको जवाफमा यस्तो पाइयो ।


**तालिका ६.६**

**सहकारीमा संलग्न भएपछि विभिन्न सीप सिक्नचाहने उत्तरदाताहरूको बनावट**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्यवसाय बढाउने | १९ | ३३.३५ |
| सामाजिक उत्तरदाइत्व | १८ | ३१.५८ |
| नेतृत्व विकास | १३ | २२.१५ |
| सीप सिक्न नचाहने | ७ | १२.२८ |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

**चित्र ६.४**




**सहकारीमा संलग्न भएपछि विभिन्न सीप सिक्ने उत्तरदाताहरूको संरचना**

तालिका ६.६ अनुसार सहकारीमा संलग्न भएपछि व्यवसाय बढाउनेहरू १९ जना अर्थात् ३३.३५ प्रतिसत रहेको पाइयो भने सामाजिक उत्तरदायित्व सम्बन्धी १८ जना अर्थात ३१.५८ प्रतिशत रहेको पाइयो । नेतृत्व विकास सम्बन्धी सीप सिक्नेहरू १३ जना अर्थात २२.१५ प्रतिशत रहेको पाइयो त्यस्तै सहकारीमा संलग्न भएपछि कुनै पनि सीप सिक्न

नचाहने उत्तरदाताहरू ७ अर्थात् १२.२८ प्रतिशत रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने सहकारीमा संलग्न भएपछि उत्तरदाताहरूमा सहकारीबाट ऋण लिएर व्यवसायी बन्ने र आफ्नो घर खर्च चलाउनेदेखि लिएर छोराछोरी पढाउने तथा बचत भएमा त्यसबाट अन्य किसिमका आवश्यकताहरू पूरा गर्दै जाने अवस्थाको विकास भएको पाइन्छ । संस्थाबाट संलग्न नहुँदा व्यक्तिगत रूपमा व्यावसायिक खालका कुनै पनि प्रकारका सीपहरू सिक्ने अवसर मिलेको थिएन यस संस्थामा आबद्ध भएपछि विभिन्न खाले ज्ञानमूलक सीपमूलक तालिमहरू प्राप्त भएको उत्तरदाताहरूको जवाफ पाइयो । आफूखुसी आफै स्वेच्छाले कसैको सल्लाह नलिई गरेका व्यवसायबाट भन्दा तालिम लिइसकेपछि गरेको व्यवसायबाट तुलनात्मक रूपमा बढी फाइदा हुने रहेछ भन्ने निष्कर्ष निक्लियो ।

### ६.७ सिकेको सीप प्रयोग गर्ने/नगर्ने उत्तरदाताहरूको वर्गीकरण

सहकारीमा लागेपछि महिलाहरूले सिकेको सीप प्रयोग गरेको वा नगरेको बारेमा तलको तालिकामा उल्लेख गरिएको छ ।


**तालिका ६.७**

**सिकेको सीप प्रयोग गर्ने/नगर्ने उत्तरदाताहरूको वर्गीकरण**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| सिकेको सीप प्रयोग गर्ने | २८ | ८४.८५ |
| सिकेको सीप प्रयोग नगर्ने | ५ | १५.१५ |
| **जम्मा** | **३३** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

चित्र ६.५




**सिकेको सीप प्रयोग गर्ने/नगर्ने उत्तरदाताहरूको संरचना**

तालिका ६.७ अनुसार सहकारीमा संलग्न भएपछि सिकेको सीप प्रयोग गर्ने उत्तरदाताहरू २८ अर्थात् ८४.८५ रहेको पाइयो भने सहकारी संस्थामा सीप सिकाए पनि, सिकेको सीप प्रयोग नगर्ने उत्तरदाताहरू ५ अर्थात् १५.१५ रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने सीप सिकाए पनि मानिसहरूले त्यसको प्रयोग हुबहु गर्न नसक्दा रहेछन् । किनभने कसैले सीप प्रयोग गर्ने ठाउँ वा अवसर नपाएका पनि हुन्छन् । तापनि यहाँबाट सिकेको सीप प्रयोग गर्ने उत्तरदाताहरू २८ अर्थात् ८४.८५ प्रतिशत रहेको पाएबाट सहकारीमा सिकेको सीप प्रयोग गर्ने उत्तरदाताहरूको बाहुल्य छ अथवा सीप सिकाउने हो भने सदस्यहरूले सोही बमोजिम आफू र आफ्नो व्यवसायमा प्रवर्द्धन गर्ने रहेछन् भन्ने कुरा माथिको तालिकाबाट बुझ्न सकिन्छ ।

## ६.८ सहकारीमा लागेपछि साथी बढे/बढेनन् भन्ने उत्तरदाताहरू

आफ्नै घर गृहस्थी मात्र गरेर बस्ने भन्दा संघ संस्थामा आबद्ध भएपछि साथीहरू बढ्दछन्, धेरै जनाको सम्पर्क, सम्बन्ध विस्तार भई नयाँ नयाँ कार्यको थालनीसमेत हुन सक्छ ।

**तालिका ६.८**

**सहकारीमा लागेपछि साथी बढे/बढेनन् भन्ने उत्तरदाताहरूको विवरण**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| साथी बढे | ५७ | १०० |
| साथी बढेनन् | ०० | ०० |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका ६.८ अनुसार सहकारीमा लागेपछि साथी बढे भन्नेमा ५७ जना अर्थात् १०० प्रतिशत पाइयो भने साथी बढेनन् भन्ने उत्तरदाताहरू एउटा पनि पाइएन । यसबाट के प्रष्ट हुन्छ भने सहकारीमा लागेपछि धेरै जना साथीहरूसँग चिनजान भएको र साथी बढेको अवस्थालाई  सकारात्मक रूपमा लिन सकिन्छ ।

### ६.९ सहकारीका साथीसँग गर्ने अन्तरक्रियाका सम्बन्धमा बहुउत्तरदाताहरू

निश्चय पनि कुनै संस्थामा लागेपछि घरायसी अलावा आफ्नो व्यक्तित्व विकास गर्नुका अतिरिक्त अन्य विषयहरू जस्तै आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, मनोरञ्जन, आन्तरिक समेतमा अन्तरक्रिया हुने गर्दछ । सहकारीमा साथीहरूसँग के कस्तो कुराबारे अन्तरक्रिया गर्नुहुन्छ भनी सोधेको जवाफमा निम्न बमोजिम उत्तर पाइयो ।

**तालिका ६.९**

**सहकारीका साथीसँग गर्ने अन्तरक्रियाका विषयहरूमा** (बहु उत्तरदाताहरू)

| विवरण | सङ्ख्या |
|---|---|
| वचत तथा ऋणका विषयमा | ५१ |
| राजनीतिक विषयमा | ४ |
| सामाजिक सांस्कृतिक विषयमा | २५ |
| शैक्षिक विषयमा | २५ |
| आन्तरिक विषयमा | १६ |
| मनोरञ्जन विषयमा | १७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका ६.९ अनुसार सहकारीमा विभिन्न कार्यक्रममा भेट भएपछि साथीहरूसँग घरायसी कुराबाहेक वचत तथा ऋणका विषयमा अन्तरक्रिया हुने ५१ जना, राजनैतिक विषयमा ४ जना, शैक्षिक विषयमा २५ जना, सामाजिक सांस्कृतिक विषयमा २५ जना, मनोरञ्जनका विषयमा १७ जना र आन्तरिक बिषयमा १६ जना रहेको पाइयो । सहकारीमा संलग्न हुँदा वचत तथा ऋण (आर्थिक) सामाजिक सांस्कृतिक, मनोरञ्जन, आन्तरिक, शैक्षिक विषयमा पनि छलफल अन्तरक्रिया हुने हुनाले सहभागीहरूमा चेतनाको विकास भएको पाइन्छ । अन्य विषयको तुलनामा वचत तथा ऋण (आर्थिक) ५१ जनाले छलफल वा अन्तरक्रिया हुने गरेको पाइयो । वचत तथा ऋण (आर्थिक) विषयमा अतिरिक्त, सामाजिक सांस्कृतिक मनोरञ्जन, आन्तरिक, राजनीतिक क्षेत्रमा पनि छलफल हुने र आन्तरिकक्रियाबाट सहभागी सदस्यहरूमा आर्थिकलगायत अन्य राजनीतिक, शैक्षिक सामाजिक र सांस्कृतिक छलफलबाट चेतनाको विकास, व्यावहारिक ज्ञान, व्यक्तित्व विकास भएको पाइयो ।

## ६.१० सहकारीमा संलग्न भएर राम्रो गरे भन्ने उत्तरदाताहरू

कुनै पनि संघ संस्थामा प्रवेश गर्दा आर्थिक लगायत समयको लगानी पनि गर्नुपर्ने हुन्छ । मानवले समय खर्च गरेर प्रवेश गरिसकेपछि त्यसको प्रतिफल खोज्नु स्वाभाविक हो । कुनै प्रतिफल मापनयोग्य हुन्छ् कुनै मापनयोग्य नभए पनि आफ्नो मनोवैज्ञानिक रूपमा प्रवेश गर्दा आफूलाई आनन्द भएको महसूस हुन्छ । सहकारीमा संलग्न भएर राम्रो/नराम्रो कस्तो भएजस्तो लागेको छ भनी सोधिएको जवाफमा निम्न बमोजिमको निष्कर्ष पाइयो ।


**तालिका ६.१०**

**सहकारीमा संलग्न भएर राम्रो गरे भन्ने उत्तरदाताहरूको वर्गीकरण**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| राम्रो गरें | ५२ | ९१.२२ |
| राम्रो गरिनँ | ०० | ०० |
| ठिकै | ५ | ८.७८ |
| **जम्मा** | **५७** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

चित्र ६.६




**सहकारीमा लागेर राम्रो गरेभन्ने उत्तरदाताहरू**

तालिका ६.१० अनुसार सहकारीमा लागेर राम्रो गरेभन्ने उत्तरदाताहरू ५२ जना अर्थात् ९१.२२ प्रतिशत ठीकै गरे भन्नेहरू ५ जना अर्थात् ८.७८ प्रतिशत र सहकारीमा लागेर राम्रो गरिनँ भन्ने कुनै एक जना पनि उत्तरदाताहरू पाइएनन् । धेरै उत्तरदाताले सहकारीमा संलग्न भएर राम्रो गरेछु भन्ने उत्तर आएको र ५ जना अर्थात् ८.७८ प्रतिशतले ठीकै गरेँ भन्ने भनाइबाट सहकारीमा लागेर राम्रो गरेको पाइयो ।

**तालिका ६.११**

**सहकारी लाग्नुका मुख्य उद्देश्य के हो भनी सोधिएको प्रश्नको वर्गीकरण**

| विवरण | जम्मा |
|---|---|
| सुरक्षित वचत तथा लगानि हुने | ५७ |
| सस्तो र भनेको समयमा ऋण लिन पाइने | ५७ |
| सामुहिक एकता बढ्ने | २५ |
| म पनि केहि गर्न सक्छु भन्ने वानीको विकास हुने | २० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका ६.११ अनुसार सहकारीमा लागेर आफ्नै संस्थामा १०-२० रूपैयाँ बचत गर्न पाइने । सुरक्षित वचत तथा लगानि हुने, सस्तो र भनेको समयमा ऋण लिन पाइने भएकोले नै सहकारीमा लागेको भन्ने भनाइ उत्तरदाताहरूबाट पाइएको कुरा शत् प्रतिशत

आफै नै संस्थामा बचत गर्ने र आर्थिक सहयोग लिने भन्ने सामुहिक एकता बढ्ने र म पनि केहि गर्न सक्छु भन्ने वानीको विकास हुने भन्ने उद्देश्यले भन्ने उत्तरदाताहरू क्रमशः २५ र २० भएकाले पनि के देखिन्छ भने सहकारीमा लाग्ने भनेको केवल आर्थिक बचत र ऋण लिने मात्र नभई एकआपसमा सदस्यहरूको बीचमा साथीत्वको भावना विकास गर्ने र सबैको लागि सहयोग गर्ने साथै म पनि केहि गर्न सक्छु भन्ने वानीको विकास हुने भन्ने देखिन्छ ।

## ६.१२ तालिम

व्यक्तिमा रहेको अन्तरनिहित प्रतिभा वा सिपलाई कुशलता पूर्वक सम्पन्न गर्न दिइने ज्ञानलाई तालिम भनिन्छ । तालिमले व्यक्तिमा भएको प्रतिभा प्रस्फूटन गराउछ । आफ्नै पहलमा र अन्य संघ संस्थासँग समन्वय गरी सदस्यलाई समय समयमा विभिन्न तालिम दिने गरेको पाइयो र उत्तरदाताहरूले निम्न प्रकारको जवाफ दिएको पाइयो ।

**तालिका ६.१२**

**विभिन्न तालिम लिने उत्तरदाताहरूको बनावट** (बहु उत्तरदाताहरू)

| विवरण | जम्मा |
|---|---|
| सहकारी सम्बन्धी | २२ |
| ब्यूटिपार्लर सम्बन्धी | ७ |
| लैङ्गिक सम्बन्धी | १२ |
| कुखुरा तथा पशुपालन सम्बन्धी | १२ |
| महुरी पालन तालिम | ५ |
| उद्घोषण कला तालिम | १४ |
| सिलाइ बुनाइ (कटाइ) | १३ |
| आत्मानिर्भर | ३४ |
| कृषि (तरकारी खेति) | ३१ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका ६.१२ अनुसार यस महिला बचत तथा सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई उनीहरूको दैनिक जीवनलाई सहज रूपमा बिताउनको लागि र आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा टेवा पुऱ्याउनको लागि विभिन्न तालिमको व्यवस्था गर्ने, अन्यत्र संघ संस्थामा भएका तालिममा इच्छा अनुसार सदस्यलाई तालिम लिन पठाउने गरेको पाइयो । जस अनुसार सबैभन्दा बढी आत्मानिर्भर ३४ जना कृषि (तरकारी खेति) ३१ जना सहकारी सम्बन्धी २२ जना सिलाइ बुनाइ (कटाइ) १३ जना लैङ्गिक र कुखुरा तथा पशुपालन सम्बन्धी १२ जना ब्यूटिपार्लर सम्बन्धी ७ जना र माहुरी सम्बन्धी ५ जनाले तालिम लिएको पाइयो । यसरी हेर्दा सहकारीका सदस्यहरू आत्मर्निभर हुन चाहने ३४ जनाले तालिम लिन चाहेको  बाहुल्यता देखिन्छ ।

## ६.१३ तालिमको उपयोग सम्बन्धमा उत्तरदाताहरू

विभिन्न सङ्घसंस्थाले विभिन्न किसिमका तालिमहरू सञ्चालन गरिरहेका हुन्छन् र ती तालिमहरू उपयोगी पनि हुन्छन् । सो सम्बन्धमा यस संस्थाले दिएका तालिमहरू कत्तिको उपयोगी छन् भनी सोधिएको प्रश्नमा उत्तरदाताहरूले निम्नबमोजिमको उत्तर दिएका थिए ।

**तालिका ६.१३**

**तालिमको उपयोग सम्बन्धमा उत्तरदाताहरूको भनाइको वर्गीकरण**

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| तालिम उपयोगी छ | ५७ | १०० |
| तालिम उपयोगी छैन | ०० | ०० |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका  ६.१३ अनुसार तालिम उपयोगी छैन भन्ने उत्तरदाताहरू एउटा पनि पाइएन ।

## ६.१४ अन्य तालिमको आवश्यकता सम्बन्धमा उत्तरदाताहरू

संस्थाले आवश्यकता महसुस गरिदिने गरेको तालिमबाहेक अन्य कस्ता-कस्ता तालिमको आवश्यकता महसूस गर्नुहुन्छ भनी सोधेको प्रश्नमा उत्तरदाताहरूबाट निम्न प्रकारको जवाफ पाइयो ।

**तालिका ६.१४**

**अन्य तालिमको आवश्यकता सम्बन्धमा उत्तरदाताहरूको मागको अवस्था**

**(बहुउत्तरदाताहरू)**

| विवरण | सङ्ख्या |
| --- | --- |
| आयमूलक एवं सीपमूलक | १७ |
| नेतृत्व विकास एवं जीवनोपयोगी सीप | १२ |
| बजार एवं ब्यवस्थापन सम्बन्धी | १० |
| कृषी तरकारी खेती सम्बन्धी | २७ |
| पशु पन्छि पालन | २३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका ६.१४ अनुसार उत्तरदाताहरूले विभिन्न तालिम पाइरहे पनि आयमूलक, सीपमूलक तालिमको आवश्यकता सम्बन्धमा १७ जना उत्तरदाताहरूले अझै पनि यसको आवश्यकता महसूस गरेका छन् । त्यसै गरी नेतृत्व विकास एवं जीवन उपयोगी सीपको आवश्यकता छ भन्ने उत्तरदाताहरूको सङ्ख्या १२ जना त्यस्तै २३ जना पशु पन्छि पालन सम्बन्धी तालिमको आवश्यकता छ भन्ने छन् भने बजार एवं ब्यवस्थापन सम्बन्धी १० र कृषि तरकारी खेती सम्बन्धी २७ जनाले तालिम लिन चाहेको देखिन्छ ।

## ६.१५ थप अपेक्षाका सम्बन्धमा उत्तरदाताहरू

यस संस्थाबाट बचत तथा ऋण एवं तालिमहरू उपलब्ध भएबाहेक अन्य अपेक्षाहरू के लिनुभएको छ भनी सोधिएको जवाफमा उत्तरदाताहरूको निम्न प्रकारको जवाफ पाइयो ।

**तालिम ६.१५**

**थप अपेक्षा गर्नु भएको छ भनी सोधिएको प्रश्नमा बहुउत्तरदाताहरूको भनाइ**

| विवरण | जम्मा |
|---|---|
| सहज रुपमा ऋण पाउनुपर्ने | ४३ |
| ऋणमा व्याजदर कम हुनुपर्ने | ४६ |
| बचत कर्त्तालाइ प्रोत्साहन गर्नुपर्ने | २६ |
| सदस्यता बढाउदै लैजानुपर्ने | ३५ |
| नफा भन्दा सामाजिक उत्तरदाइत्वलाई बढी जोड दिनुपर्ने | १५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका ६.१५ अनुसार ऋणमा व्याजदर कम हुनुपर्ने भन्नेको सङ्ख्या अधिक रह्यो जसमा ४६ जना पाइयो । सहज रुपमा ऋण पाउनुपर्ने भन्नेमा ४३ जना, सदस्यता बढाउदै लैजानु पर्ने भन्नेमा ३५ जना बचत कर्त्तालाइ प्रोत्साहन गर्नुपर्ने २६ जना नाफा भन्दा सामाजिक उत्तरदाइत्वलाई बढी जोड दिनुपर्नेछ भन्नेमा १५ जना पाइयो । यसको अर्थ ऋणमा व्याजदर कम हुनुपर्नेमा वहुउत्तरदाताहरूको बाहुल्य पाइएकाले ऋण लगानीलाई बढाउनुपर्ने देखिन्छ ।

### ६.१६ सहकारीलाई प्रभावकारी बनाउन थप सुझावका सम्बन्धमा

सहकारीलाई प्रभावकारी बनाउन तपाईको सुझाव तथा थप केही भनाइ छन् कि भन्ने प्रश्नमा उत्तरदाताहरूको भनाइ तपसील बमोजिम रहेको पाइयो ।


**तालिका ६.१६ :**

**सहकारीलाई प्रभावकारी बनाउन थप सुझावका सम्बन्धमा उत्तरदाताहरूको वर्गीकरण**

| **विवरण** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|
| उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने | १२ | २१.०५ |
| बचत कर्तालाई प्रोत्साहन गर्ने | १२ | २१.०५ |
| कार्यालय व्यवस्थापन र सही लेखा राख्ने | १३ | २२.८० |
| आयमुलक तथा सहकारी सञ्चालन सम्बन्धी तालिम लिने | १२ | २१.०५ |
| व्यापार प्रवर्द्धन सम्बन्धी तालिम दिने | ५ | ८.७८ |
| सदस्य सङ्ख्या बढाउने | ३ | ५.२७ |
| **जम्मा** | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

**चित्र ६.७**




**प्रभावकारी बनाउन थप सुझावका सम्बन्धमा**

तालिका ६.१६ अनुसार कार्यालय व्यवस्थापन र सही लेखा राख्ने १३ जना अर्थात् २२.८० प्रतिशत, उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने बचत कर्तालाई प्रोत्साहन गर्ने, आयमुलक तथा सहकारी सञ्चालन सम्बन्धी तालिम लिने भन्नेको सङ्ख्या १२ /१२ जना

अर्थात् २१.०५ प्रतिशत, व्यापार प्रवर्द्धनसम्बन्धी तालिम दिने भन्नेमा ५ जना अर्थात् ८.७८ प्रतिशत भएको पाइयो र सदस्य सङ्ख्या बढाउने भन्नेमा ३ जना अर्थात् ५.२७ प्रतिशत । यसले गर्दा सहकारीलाई प्रभावकारी बनाउन कार्यालय व्यवस्थापन र सही लेखा राख्ने १३ जना अर्थात् २२.८० प्रतिशत जसले गर्दा संस्था पारदर्शी र दिगो हुने भन्नेको बहुल्यता भएको पाइयो ।

### ६.१७ सहकारी सञ्चालनमा महिलाहरूको भूमिकामा देखिएको प्रभाव

सहकारी वास्तवमै भन्नुपर्दा सहकार्यको माध्यमबाट आफ्नो संस्थामा आबद्ध सदस्यको आर्थिक उत्थान, सामाजिक हैसियतमा बढापन र सांस्कृतिक क्रियाकलापमा उच्चताका साथ सबै सदस्यहरूले आ-आफ्ना भूमिका जिम्मेवारीपूर्वक निर्वाह गरेको पाइन्छ । यद्यपि समान हैसियत, समान दायित्व, समान जिम्मेवारी हुने हुनाले सबै सदस्यहरूले आ-आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गरेको पाइन्छ । यद्यपि समान हैसियत, समान दायित्व, समान जिम्मेवारी हुन्छ भने पनि सबै सदस्यहरूको असमान शिक्षा, फरक सोच, फरक पृष्ठभूमिबाट आएका महिलाहरू सबैको समान खाले हाउभाउ व्यवहार हुन्छ भन्नत सकिन्न, यो हाम्रो साझा चौतारी हो । यसको सफलता नै हाम्रो सफलता हो भन्ने दृढ विश्वास सदश्यहरूमा भएको देखिन्छ । यसले गर्दा सदस्यहरूले राम्रोसँग भूमिका निर्वाह गरेको पाइन्छ । यस सहकारीमा क-कसले कस्तो भूमिका निर्वाह गरे भन्ने कुरो तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका ६.१७**

**सहकारी सञ्चालनमा महिलाहरूको भूमिकामा देखिएको प्रभाव**

| क्र.सं. | विवरण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | साधारण सदस्यको भूमिका | १५ | २६.३२ |
| २ | सक्रिय सदस्यको भूमिका | ३० | ५२.६३ |
| ३ | नेतृत्वदायी सदस्यको भूमिका | १२ | २१.०५ |
| **जम्मा** | | **५७** | **१००.००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

तालिका ६.१७ अनुसार सहकारीमा लागेका मध्ये सक्रिय भूमिका निर्वाह गरेका छौं भन्नेहरूको सङ्ख्या अत्याधिक रहेको पाइयो । जसमा ३० जना अर्थात् ५२.६३ प्रतिशत भएकाले सहकारीमा नेतृत्वदायी भूमिका नरहेर पनि आफ्नो संस्थालाई राम्रो किसिमले अगाडि बढाउनुपर्दछ भन्नेको बाहुल्यता रहेको पाइन्छ । त्यस्तै साधारण सदस्यको भूमिका निर्वाह गरेका छौं भन्नेको सङ्ख्या १५ जना अर्थात् २६.२३ प्रतिशत र नेतृत्वदायी भूमिका निर्वाह गरी संस्थालाई सफल रूपमा सञ्चालन गरेका छौ भन्नेहरू १२ जना अर्थात् २१.०५ प्रतिशत रहेको पाइयो ।

**निष्कर्ष**

ज्योती महिला बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरूमा सामाजिक तथा सांस्कृतिक रूपमा के कस्तो भिन्नता आयो भनी गरिएको यस अध्ययनमा विशेष गरी सदस्यहरूको जात, धर्म, पेशा, व्यवसाय देखि लिएर उनीहरूले लिएका तालिम, आपसमा हुने अन्तर्क्रिया, फाइदा, बेफाइदालगायतमा गरिएका प्रश्नहरूको उत्तरलाई ध्यान दिएर हेर्दा यस सहकारी संस्थाका सदस्यहरूमा उल्लेख्य मात्रामा सामाजिक, सांस्कृतिक परिवर्तन आएको पाइन्छ । यसमा लाग्नुभन्दा अगाडि भन्दा यसमा लागिसके पछि संस्थाका सदस्यहरूमा चेतनाको वृद्धि, व्यवसायलाई सफल रूपमा सञ्चालन गर्न ऋण लिने, सजिलो, छिटो छरितो र चलाखीपूर्ण क्रियाकलापको लागि तालिम लिने, आपसमा कुनै पनि समस्याको बारेमा खुलेर बहस छलफल गर्ने देखि लिएर सहकारीको मूल्य मान्यता र यसका सिद्धान्तलाई राम्रोसँग अध्ययन अनुसन्धान गरी सहकारी सञ्चालन गनरेको पाइएको छ । यस संस्थाको अध्यक्ष कृष्णकुमारी बराल लैङ्गिक हिंसा निगरानी संघको संयोजक, आधारभुत आमासमुहको अध्यक्ष र झण्डै आधादर्जन भन्दा बढी सामाजिक संघ संस्थामा  सदस्यसमेत भइसकेको हुनाले सहकारी सिद्धान्त मूल्य मान्यताको बारेमा राम्रो ज्ञान भएकाले पनि यो संस्था प्रभावकारी रूपमा अगाडि बढेको र हरेक क्रियाकलापलाई सकारात्मक रूपमा लिएर अगाडि बढ्ने कार्यले गर्दा यस संस्थाका सदस्यहरूमा प्रचुर मात्रामा सामीजक, सांस्कृतिक रूपमा महत्वपूर्ण परिवर्तन भएको कुरा प्रष्ट हुन्छ । सहकारीमा हुनुभन्दा पहिला गर्ने र अहिले गर्ने क्रियाकलापरूमा धेरै परिवर्तन आएको कुरा यस अध्ययनबाट थाहा पाइयो । हरेक सदस्यले आफ्नो आम्दानीको अनुपातमा खर्च गर्ने, त्यसैअनुसार आफ्नो संस्कृति

जगेर्ना गर्नेदेखि लिएर त्यसलाई निरन्तरता दिन लागिपरेकोले पनि सामाजिक, सांस्कृतिक रूपमा महत्वपूर्ण परिवर्तन आएको पाइन्छ ।

सहकारी भन्नेवित्तिकै १, २ जनाको मात्र भूमिका राम्रो भएर हुँदैन सबैको त्यतिकै जिम्मेवारी भूमिका रहेको हुन्छ । नेतृत्वमा बसेकाले सफल नेतृत्व दिनुपर्‍यो उनीहरूलाई अन्य सदस्यले सक्रिय रूपमा साथ दिनुपर्‍यो तबमात्र संस्था राम्रोसँग चल्न सक्दछ । यस ज्योती महिला बचत तथा ऋण सहकारी संस्थामा लागेका र यस अध्ययनमा छनौटमा परेका उत्तरदाताहरूलाई हेर्दा उनीहरूको क्रियाकलाप, प्रस्तुतिबाट के थाहा हुन्छ भने सबै सदस्यहरू आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्न सक्षम देखिन्छन् । महिलाको लागि महिलाबाट नै सहयोग गर्नुपर्दछ, त्यसको लागि हामीले एक जुट भएर कार्य गर्नु पर्छ भनी २०५९ सालमा २५ जना महिलाले सञ्चालन गरेको संस्था आज सफल रूपमा सञ्चालन भएकाले पनि यसका सदस्यहरूले आफ्नो जिम्मेवारी पूर्णरूपमा निर्वाह गरेको पाइन्छ । संस्था सञ्चालन गर्नको निमित्त विभिन्न किसिमका तालिमहरू उद्घोषण तालिम, लेखा तालिम, सहकारी सञ्चालनसम्बन्धी तालिम, बचत जम्मा गर्ने सम्बन्धी तालिम व्यापार प्रवर्द्धनसम्बन्धी, नेतृत्व विकाससम्बन्धी तालिमलगायतका तालिम आफ्नो सदस्यहरूलाई दिएर उनीहरूको जिम्मेवारी कर्तव्य बोध गराएको पाइन्छ । जसले गर्दा सदस्यहरूले नियमित बचत गर्ने, ऋणको किस्ता समयमा तिर्ने, ऋण प्रवाहमा कुशलताका साथै सुलभ रूपमा प्रवाह गर्ने, निरीक्षण गर्ने, किस्ता नतिर्नेलाई ताकेता गर्ने, कुनै समस्या परेको भए सहयोग गर्नेलगायतका कामहरू सफल रूपमा सञ्चालन गरेको पाइन्छ । उत्तरदाताहरूबाट प्राप्त उत्तरबाट पनि ५७ जनामध्ये नेतृत्वदायी भूमिका र सक्रिय भूमिका निर्वाह गर्ने ४२ जना अर्थात् ७३.६८ प्रतिशत सदस्यहरू सक्रिय रूपमा प्रस्तुत हुनुले उनीहरूमा आफ्नो भूमिका जिम्मेवार भएर पूरा गर्नुपर्दछ भन्ने बोध हुन्छ । कुनै पनि संस्थामा ७३.६८ प्रतिशत सदस्यहरू सक्रिय हुनु भनेको त्यो संस्था सफल रूपमा सञ्चालन हुनु हो र त्यसको भविष्य उज्ज्वल हुनु हो । तसर्थ यस सहकारीमा लागेका महिलाहरूको भूमिकामा सहकारीमा प्रवेशपछि आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायतका क्रियाकलापमा उनीहरूले निर्वाह गर्ने भूमिकामा व्यापक परिवर्तन आएको निष्कर्ष संस्थाको सफल सञ्चालन र सक्रियताबाट नजर अन्दाज गर्न सकिन्छ ।

# अध्यायः सात

# सारांश, निष्कर्ष र सुझाव

## अध्ययनको सारांश

सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक जीवनमामा पारेको प्रभाव आर्बा बिजय गा.वि.स वडा नं. २ अवस्थित ज्योती महिला बचत तथा ऋण सहकारी संस्था यसका अध्ययन क्षेत्रभित्र रहेको छ । महिलाहरु सहकारीमा लागेर आर्थिक तथा सामाजीक अवस्थामा आएको परिवर्तन कस्तो छ जुन लैङ्गीक, मार्क्सीस दृष्टिकोणमा आधारीत भएर समाजशास्त्रीय अध्ययन गरीएको छ । यस ठाउँका महिलाहरू पुरुष भन्दा पछि पर्नु, सहकारी सञ्चालन सम्बन्धित भूमिकाको साथै महिलाको क्षमता वृद्धि, नेतृत्व विकास समस्याको पहिचान र चेतनामा आएको विकास सम्बन्धित अध्ययनमा प्रयोग भएका विधिहरू अवलोकन, अन्तर्वार्ता अनुसूची, समूह केन्द्रित छलफल विधि, रहेको छ । सहकारी संस्थामा अनुबन्धित सदस्यहरू २८६ जनामध्ये वाट उद्देश्यमूलक नमूना छनौट वीधीबाट उत्तरदाताको छनौट गरिएको छ । यसमा समावेश भएका सदस्यहमध्ये ब्राह्मण ११८ जना , क्षत्री २३ जना , नेवार ५ जना , दलित १०५ जना , तामाङ् १० जना र गुरुङ्ग २५ जना गरी २८६ जनाको २० प्रतिशतले हुन आउने ५७ जनालाई उत्तरदाताको रूपमा छनौट गरिएको छ। तथ्याङ्कको स्रोतको रूपमा प्राथमिक र द्वितीय स्रोतबाट आएका तथ्याङ्कहरूलाई समावेश गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनको विधिहरूमा प्रश्नावली, अवलोकन, समूहगत छलफल, व्यक्तिगत सम्पर्कका आधारमा तयार पारिएको थियो भने यस सहकारीले प्रकाशित गरेका प्रगतिविवरण रिपोर्ट, वार्षिक प्रतिवेदन लगायतलाई द्वितीय स्रोतको रूपमा लिएको छ । अध्ययनलाई मुर्तरुप दिन सामान्य तथ्याङ्क शास्त्रीय वीधि अनुसार तालीकीकरण, प्रस्तुतीकरण र उद्देश्य अनुसार बर्णनात्मक शैलिको प्रयोग गरी निम्न निष्कर्ष निकालिएको छ ।

## मुख्य प्रप्तीहरु

धर्मका आधारमा हिन्दू धर्म मान्ने धर्मावलम्बीहरू ५० जना अर्थात् ८७.७२ प्रतिशत र बौद्ध धर्ममान्नेहरू ७ जना अर्थात् १२.२८ प्रतिशत रहेकाबाट संस्थामा हिन्दू धर्मावलम्बी

उत्तरदाताहरूको बाहुल्य देखिन्छ । पेशाका आधारमा कृषि गर्ने सबैभन्दा बढी ३६ जना अर्थात् ६३.१५ प्रतिसत छन्, व्यापार १८ जना अर्थात् ३१.५९ प्रतिसत छन् र जागीर खानेमा ३ जना अर्थात् ५.२६ प्रतिसत रहेका छन् । वैवाहिक स्थितिलाई हेर्दा ८२.४५ प्रतिसते विवाह भइसकेको र १५.८१ प्रतिसत श्रीमान्को मृत्यु भएकाले एकल महिला १.७४ प्रतिसत मात्र विवाह नभएको पाइएको छ । प्रजनन स्थिति देखाइएको छ । १ मात्र सन्तान हुने उत्तरदाताहरू २ जना अर्थात् ३.५० प्रतिशत रहेका छन् भने २-३ सन्तान हुने उत्तरदाताहरू ३१ जना अर्थात् ५४.४० प्रतिशत भेट्टिए भने ४ वा भन्दा माथि सन्तान हुने उत्तरदाताहरू जम्मा २२ जना अर्थात् ३८.६० प्रतिशत छन् भने एउटा पनि सन्तान नहुने उत्तरदाताहरू जम्मा २ जना अर्थात् ३.५० प्रतिशत भेट्टिए । उत्तरदाताहरूमध्ये २२ जना अर्थात् ३८.५६ प्रतिशत निरक्षर रहेको पाइयो भने साक्षरहरू (सामान्य लेखपढ गर्न सक्ने) को सङ्ख्या २१ अर्थात ३६.८५ प्रतिशत छ । माध्यामीक सम्म अध्ययन गरेको सङ्ख्या ९ अर्थात् १५.८१ प्रतिशत रहेको पाईयो भने उच्च शिक्षा भन्दा माथि पढ्ने उत्तरदाताहरू ५ अर्थात् ८.७८ प्रतिशत रहेको पाईयो । सहकारीमा ऋण लिने उत्तरदाताहरू ४७ जना ८२.४६ प्रतिसत जना रहेको पाइयो भने सहकारीबाट ऋण नलिने उत्तरदाताहरू १० जना १७.५४ रहेको पाइयो । ऋण लिएर कृषि गर्ने २५ जना अर्थात ४३.८६ प्रतिसत व्यापार ११ जना अर्थात १९.३० प्रतिसत पशुपन्छि पालन १० जना अर्थात १७.५ प्रतिसत शिक्षामा १ जना अर्थात १.७४ प्रतिसत र ऋण नलिने १० जना अर्थात १७.५ प्रतिसत भएको पाइयो । मासिक २००० देखि ३००० सम्म आम्दानी गर्ने २० जना, मासिक ३१०० देखि ४००० सम्म आम्दानी गर्ने ११ जना, मासिक ४१०० देखि माथि आम्दानी गर्ने १६ जना र ऋण नै नलिने १० जना पाइयो ।ऋण लिएर घर खर्च चलाउनमा मात्र प्रयोग गर्ने उत्तरदाताहरू ५३ जना, छोराछोरी पढाउन ५२ जना व्यापार बढाउन वा सम्पत्ति थप गर्न २० जनाले लगानी गरेको पाइयो भने चल अचल सम्पत्ति जोड्ने लगानी गर्ने २० जना र तीर्थव्रत भ्रमण गर्न ८ जना पाइयो भने मनोरञ्जनका साधन किन्न ८ रहयो । सहकारीमा लाग्नुको मुख्य कारण के हो भने प्रश्नको जवाफमा बचत गर्न र ऋण लिई व्यवसाय गर्न भन्ने खालका उत्तरदाताहरू ५० जना अर्थात् ८७.७२ प्रतिशत पाइन्छ । त्यसैगरी आफ्नो व्यक्तित्व विकास गर्न एवं महिला सशक्तीकरणका लागि सहकारीमा प्रवेश गरेको हो भन्ने उत्तरदाताहरू ७ जना अर्थात् १२.२८ प्रतिशत रहेको पाइन्छ । बचत गर्न र ऋण लिई व्यवसाय गर्नाका लागि सबैभन्दा ५० जना अर्थात् ८७.७२ प्रतिशत उत्तरदाताहरू सहकारीमा लागेको पाइन्छ ।

सहकारीमा लागेर सोचे जति फाइदा लिने उत्तरदाताहरू सतप्रतिसत भएको पाइयो । व्यवसाय प्रवर्द्धन गर्नका लागि सीप सिक्ने उत्तरदाताहरू २७ जना अर्थात् ४७.३७ प्रतिशत र सीप नसिक्ने उत्तरदाताहरू ३० जना अर्थात् ५२.६३ प्रतिशत रहेको पाइन्छ । सहकारीमा संलग्न भएपछि व्यवसाय बढाउनेहरू १९ जना अर्थात् ३३.३५ प्रतिसत रहेको पाइयो भने सामाजिक उत्तरदाइत्व सम्बन्धी १८ जना अर्थात ३१.५८ प्रतिशत रहेको पाइयो । नेतृत्व विकाससम्बन्धी सीप सिक्नेहरू १३ जना अर्थात २२.१५ प्रतिशत रहेको पाइयो त्यस्तै सहकारीमा संलग्न भएपछि कुनै पनि सीप सिक्न नचाहने उत्तरदाताहरू ७ अर्थात् १२.२८ प्रतिशत रहेको पाइयो । सिकेको सीप प्रयोग गर्ने उत्तरदाताहरू २८ अर्थात् ८४.८५ रहेको पाइयो भने सहकारी संस्थामा सीप सिकाए पनि, सिकेको सीप प्रयोग नगर्ने उत्तरदाताहरू ५ अर्थात् १५.१५ रहेको पाइयो । सहकारीमा लागेपछि साथी बढे भन्नेमा ५७ जना अर्थात् १०० प्रतिशत पाइयो भने साथी बढेनन् भन्ने उत्तरदाताहरू एउटा पनि पाइएन । सहकारीमा विभिन्न कार्यक्रममा भेट भएपछि साथीहरूसँग घरायसी कुराबाहेक वचत तथा ऋणका विषयमा अन्तरक्रिया हुने ५१ जना, राजनैतिक विषयमा ४ जना, शैक्षिक विषयमा २५ जना, सामाजिक सांस्कृतिक विषयमा २५ जना, मनोरञ्जनका विषयमा १७ जना र आन्तरिक बिषयमा १६ जना रहेको पाइयो । सहकारीमा लागेर राम्रो गरेभन्ने उत्तरदाताहरू ५२ जना अर्थात् ९१.२२ प्रतिशत ठीकै गरे भन्नेहरू ५ जना अर्थात् ८.७८ प्रतिशत र सहकारीमा लागेर राम्रो गरिनँ भन्ने कुनै एक जना पनि उत्तरदाताहरू पाइएनन् । धेरै उत्तरदाताले सहकारीमा संलग्न भएर राम्रो गरेछु भन्ने उत्तर आएको र ५ जना अर्थात् ८.७८ प्रतिशतले ठीकै गरेँ भन्ने भनाइबाट सहकारीमा लागेर राम्रो गरेको पाइयो । सुरक्षित वचत तथा लगानि हुने, सस्तो र भनेको समयमा ऋण लिन पाइने भएकोले नै सहकारीमा लागेको भन्ने भनाइ उत्तरदाताहरूबाट पाइएको कुरा शत् प्रतिशत आफै नै संस्थामा बचत गर्ने र आर्थिक सहयोग लिने भन्ने सामुहिक एकता बढ्ने र म पनि केहि गर्न सक्छु भन्ने वानीको विकास हुने भन्ने उद्देश्यले भन्ने उत्तरदाताहरू क्रमश: २५ र २० भएको देखिन्छ । तालिममा इच्छा अनुसार सदस्यलाई तालिम लिन पठाउने गरेको पाइयो । जस अनुसार सबैभन्दा बढी आत्मानिर्भर ३४ जना कृषि (तरकारी खेति) ३१ जना सहकारी सम्बन्धी २२ जना सिलाइ बुनाइ (कटाइ) १३ जना लैङ्गिक र कुखुरा तथा पशुपालन सम्बन्धी १२ जना ब्यूटिपार्लर सम्बन्धी ७ जना र माहुरी सम्बन्धी ५ जनाले तालिम लिएको पाइयो ।

तालिम उपयोगी छैन भन्ने उत्तरदाताहरू एउटा पनि पाइएन । ऋणमा व्याजदर

कम हुनुपर्ने भन्नेको सङ्ख्या अधिक रह्यो जसमा ४६ जना पाइयो । सहज रुपमा ऋण पाउनुपर्ने भन्नेमा ४३ जना, सदस्यता बढाउदै लैजानु पर्ने भन्नेमा ३५ जना बचत कर्त्तालाइ प्रोत्साहन गर्नुपर्ने २६ जना नाफा भन्दा सामाजिक उत्तरदाइत्वलाई बढी जोड दिनुपर्नेछ भन्नेमा १५ जना पाइयो । कार्यालय व्यवस्थापन र सही लेखा राख्ने १३ जना अर्थात् २२.८० प्रतिशत, उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने बचत कर्तालाई प्रोत्साहन गर्ने, आयमुलक तथा सहकारी सञ्चालन सम्बन्धी तालिम लिने भन्नेको सङ्ख्या १२ /१२ जना अर्थात् २१.०५ प्रतिशत, व्यापार प्रवर्द्धनसम्बन्धी तालिम दिने भन्नेमा ५ जना अर्थात् ८.७८ प्रतिशत भएको पाइयो र सदस्य सङ्ख्या बढाउने भन्नेमा ३ जना अर्थात् ५.२७ प्रतिशत । रहेको पाइयो । जसमा ३० जना अर्थात् ५२.६३ प्रतिशत भएकाले सहकारीमा नेतृत्वदायी भूमिका नरहेर पनि आफ्नो संस्थालाई राम्रो किसिमले अगाडि बढाउनुपर्दछ भन्नेको बाहुल्यता रहेको पाइन्छ । त्यस्तै साधारण सदस्यको भूमिका निर्वाह गरेका छौँ भन्नेको सङ्ख्या १५ जना अर्थात् २६.२३ प्रतिशत र नेतृत्वदायी भूमिका निर्वाह गरी संस्थालाई सफल रूपमा सञ्चालन गरेका छौ भन्नेहरू १२ जना अर्थात् २१.०५ प्रतिशत रहेको पाइयो ।

उत्तरदाताहरूबाट प्राप्त उत्तरबाट पनि ५७ जनामध्ये नेतृत्वदायी भूमिका र सक्रिय भूमिका निर्वाह गर्ने ४२ जना अर्थात् ७३.६८ प्रतिशत सदस्यहरू सक्रिय रूपमा प्रस्तुत हुनुले उनीहरूमा आफ्नो भूमिका जिम्मेवार भएर पूरा गर्नुपर्दछ भन्ने बोध हुन्छ । कुनै पनि संस्थामा ७३.६८ प्रतिशत सदस्यहरू सक्रिय हुनु भनेको त्यो संस्था सफल रूपमा सञ्चालन हुनु हो र त्यसको भविष्य उज्ज्वल हुनु हो । तसर्थ यस सहकारीमा लागेका महिलाहरूको भूमिकामा सहकारीमा प्रवेशपछि आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायतका क्रियाकलापमा उनीहरूले निर्वाह गर्ने भूमिकामा व्यापक परिवर्तन आएको निष्कर्ष संस्थाको सफल सञ्चालन र सक्रियताबाट नजर अन्दाज गर्न सकिन्छ ।

## निष्कर्ष

आर्बा बिजय गा.बि.स. वार्ड नं. २ मा अवस्थित ज्योती महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड महिलाहरूद्वारा महिलाको लागि ग्रामीण क्षेत्रमा सञ्चालित एक सहकारी संस्था हो । महिला बचत तथा ऋण सहकारी संस्थाहरू कास्की जिल्लामा ३५ वटा भन्दा बढी भए पनि यसको विशेषता अन्य भन्दा फरक रहेको पाइएको छ । यस संस्थाले आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा महत्त्वपूर्ण भूमिका

निभाएको पाइएको छ । यस संस्थाले आर्थिक पक्षलाई मात्र प्राथमिकता नदिई सामाजिक क्षेत्रमा आफ्ना महिला दिदीबहिनीको हैसियत वृद्धिमा तथा सामाजिक मान प्रतिष्ठा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ भने उनीहरूले गर्ने हरेक क्रियाकलापमा आवश्यक सहयोग गर्ने, सरसल्लाह दिने कार्यहरू गरेको पाइएको छ । आर्थिक हैसियत बृद्धिगरी व्यवसायमा लाग्न प्रोत्साहन गर्ने । ऋण लगानी गर्ने, त्यसको सदुपयोग भए नभएको अवलोकन गर्ने, आवश्यक परामर्श दिने कार्यहरू यसका सबल पक्षहरू हुन । यस संस्थाका सदस्यहरूले आफूले जिम्मा लिएर गर्नुपर्ने नियमित  बचतलाई समयमा नै तिर्ने गरेको पाइएको छ भने लगानी गरेको रकमको किस्ता तथा ब्याज समयमा बुझाउने गरेको अध्ययनबाट थाहा हुन आएको छ । सदस्यहरूलाई विभिन्न किसिमका तालिमहरूको व्यवस्था गरेको पाइन्छ । जस्तै सिलाइ बुनाइ तालिम, ब्युटिसियन तालिम, व्यापारिक तालिम, आत्म निर्भर तालिम, सकारात्मक सोचसम्बन्धी तालिम, स्वास्थ्य सम्बन्धी तालिम, उद्घोषण तालिम, लैङ्गीक सम्बन्धी तालिम, एच.आई.भी.सम्बन्धी तालिम आदि प्रमुख छन् । यस्ता तालिमले महिला दिदीबहिनीको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

अन्तमा सहकारी भन्नेवित्तिकै सहकार्य र सहकार्य भन्नेवित्तिकै सँगै मिलेर गर्ने कार्य भन्ने बुझिन्छ । आजको विकसित समाजमा गरीब, निमुखा, पिछडिएका जातजातीहरू देखि लिएर सम्पन्न घरानीयाहरू सम्मलाई सहकारी एक महत्वपूर्ण संस्थाको रूपमा अगाडि आएको छ । यो नहुनेको लागि सहयोगी, ऋणीको लागि उपयोगी, हुनेको लागि प्रतिष्ठा बढाउने साथी, सहयोगीका लागि अगुवाको रूपमा सहकारी स्थापित भएको छ । सहकारीको माध्यमबाट गरीबी हटाउने, शिक्षा, चेतनाको ज्ञान फैलाउने, उत्पादकको लागि बजारको व्यवस्थापन गर्ने, ऋण र बचत गर्ने सहज माध्याम बनेको छ  । सहकारीको माध्यमबाट गरीबी हटाउने शिक्षा र चेतनाको ज्ञान फैलाउने, उत्पादकको लागि बजारको व्यवस्थापन गर्ने, ऋणको अभाव हुनेको लागि ऋण प्रदान गर्ने, हुने खानेको लागि सामाजिक प्रतिष्ठामा बढोत्तरी ल्याउने, आवासमा छलफल गर्ने, दुःख सुखका कुरा साटासाट गर्ने, एउटाको समस्यामा सहयोगी बन्ने, समस्याको पहिचान गरी समाधानमा लाग्ने लगायतका थुप्रै कार्यको लागि सहकारी एक माध्यम बनेको छ ।

## सुझावहरू

सहकारी भन्नाले खास गरी महिला, किसान, श्रमिक, कम पूँजीवाला जुन आयवाला, बेरोजगार, भूमिहीन र सुकुम्बासीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि गठित संस्था हो । यसलाई सहज रूपमा सञ्चालन गर्न नेपाल सरकार, सहकारी डिभिजन कार्यालय, स्वयम् सहकारी संस्थाहरूसमेतले आफ्ना सदस्यहरूलाई सहकारीसम्बन्धी अवधारणाको राम्रो ज्ञान दिलाउन जरुरी छ । यस ज्योती महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा समावेश गरिएका उत्तरदाताहरूको स्थितिलाई हेर्दा सहकारीमा स्वेच्छाले लाग्ने १६ जना अर्थात् २८.०७ प्रतिशत साथीबाट लाग्न ३० जना अर्थात् ५२.६३ प्रतिशत र परिवारबाट लाग्ने ११ जना अर्थात १९.३० प्रतिशतले के देखाउँदछ भने वास्तवमा सहकारीका बारेमा सही ज्ञान नभएका तर साथीहरूको आग्रहमा सदस्य बन्नेका सङ्ख्या ५२.६३ प्रतिशत भएकोले त्यस्ता सदस्यहरूलाई सहकारीको मूल्य, मान्यता यसको फाइदा, वेफाइदा, यसको अवधारणा लगायतको विषयमा राम्रो तालिम दिएर सबै सदस्यलाई सक्षम बनाउनु जरुरी देखिन्छ ।

- सहकारी सञ्चालन गरी सकेपछि त्यसलाई सही रूपमा व्यवस्थापन तथा सञ्चालन गर्न नेतृत्वदायी तालिम लेखा व्यवस्थापन तालिम, सहकारी सञ्चालनसम्बन्धी तालिम, कम्प्युटरसम्बन्धी तालिमको व्यवस्था गरी सहकारीलाई चुस्त र दुरुस्त पार्नु पर्दछ, जसले गर्दा संस्थाको हिसाबहरू आवश्यक पर्दा हेर्न सकिने होस् र आफ्नो संस्था कति फाइदामा छ भन्ने कुरा हरेक ३/३ महीनामा आर्थिक प्रतिवेदनमार्फत् सम्पूर्ण सदस्यलाई जानकारी गराएमा संस्था पारदर्शी र सदस्य बीच आपसी मन मुटाव नहुने कार्य गर्नु पर्ने ।

- सहकारीले गरेका सम्पूर्ण आर्थिक कारोवारहरू बैकिङ्गमार्फत गर्नुपर्ने र पैसा जम्मा हुने बित्तिकै सोही दिन वा अर्को दिन बैंकमा जम्मा गर्ने र संस्थाले भए गरेका खर्चहरू चेक मार्फत गरेर हिसाब पारदर्शी बनाउनु पर्ने ।

- सहकारी संस्थाले आर्थिक कारोवार गर्दा नगद बैंक लैजाँदा र नगद बाकसमा पैसा राख्दा जुन रकम चोरी हुने र लुटिने डर हुन्छ जसलाई सुरक्षित र ब्यवस्थित गर्नुपर्दछ त्यसका लागि बिमा अनिवार्य गर्नु पर्ने ।

- सहकारीका आधारभूत मूल्यहरू - आत्म सहयोग, स्वउत्तरदायि, प्रजातन्त्र, समानता, समता र समन्वय, ऐक्यबद्धता साथै नैतिक मूल्यहरूमा- इमान्दारिता, खुलापन र पारदर्शिता सामाजिक उत्तरदायित्व र अरूको हेरचाह पर्दछन् जसलाई सम्पुर्ण सदश्यहरुले आत्मसाथ गनु पर्ने ।

- सहकारी संस्था सदस्य केन्द्रीत हुन्छन् । यसले आफ्नो व्यवसायलाई सदस्य केन्द्रीत तुल्याइ सदस्य संग मात्र कारोवार गर्न पाउछ गैह्र सदस्य संग कारोवार गर्न पाउँदैनन् त्यसैले सहकारिताको यस मुल मर्मलाई आत्मसाथ गर्नु पर्ने ।

अन्तमा सहकारी संस्थालाई बेला बेलामा जसरी नेपाल राष्ट्र बैंकबाट वित्तीय संस्थाहरुको जसरी अनुगमन, मूल्याङकन गर्दछ त्यसैगरी सहकारीलाई हेर्ने निकाय स्थापना गर्नुपर्ने देखिन्छ । नेपाली परिस्थितिमा सहकारी एक सशक्त माध्यम भएकाले नेपाल सरहकारले पनि यसलाई विशेष प्राथमिकता क्षेत्रमा राखेर अगाडि बढाउन सकेमा समाजको विकासमा सहकारी कोसे ढुङ्गा सावित हुन सक्दछ ।

# सन्दर्भ सामाग्रीहरु


अधिकारी, ऋषीराम (२०६७), *सहकारिताले महिलाको आर्थिक तथा सामाजिक स्थितिमा पारेको प्रभाव, सिद्धिविनायक महिला बचत तथा ऋण सहकारी संस्था,* पोखराको एक अध्ययन, अप्रकाशित शोध पत्र एम.ए. पृथ्वीनारायण क्याम्पस समाजशास्त्र मानवशास्त्र विभागमा पेश गरिएको ।

आचार्य, बलराम (२०६१), *लैङ्गीक अध्ययन,* काठमाडौं :नेशनल बुक्स सेन्टर

उप्रेती, लय प्रसाद (१९८८), *विमन एण्ड क्रेडिट इन नेपाल:* काठमाडौं :केही उपलब्धि तथा सीमाहरूको अवलोकन, महिला र विकास केन्द्र काठमाडौं ।

एच.एम.जी. डिपार्टमेन्ट अफ कोअपरेटिभ (२०६३), *जेण्डर इकवालिटि इन कोअपरेटिभ ।*

कास्की बचत तथा ऋण सहकारी संघ लि. (२०६८), *सहकारी डाइरेक्ट्री ।*

केन्द्रीय तथ्यांक विभाग (२०६८), *राष्ट्रिय जनगणना* ।

कोइराला, रोसनी (सन् २००५), *वर्क लोड स्टडी अफ इम्प्लोइड वुमन विडिन पोखरा सव मेट्रो पोलिस:* अप्रकाशित शोधपत्र एम.ए., पोखरा विश्वविद्यालय जनसङ्ख्या जेण्डर र विकास विभागमा पेश गरिएको, पोखरा नेपाल

कोइराला, प्रभाव (२०६३), *सहकारी सन्देश,* कास्की, सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, पोखरा ।

गुरुङ्ग, सन्तोष कुमार (सन् २००७),*सोसीओ ईकोनोमिक स्ट्याटस अफ वुमन फार्मर* (अ सोसीओलोजिक स्टडी अफ भदौरे तामागी भी.डी.सी.,कास्की): अप्रकाशित शोधपत्र एम.ए.,पृथ्वीनारायण क्याम्पस समाजशास्त्र मानवशास्त्र विभाग पोखरामा पेशगरिएको ।

ठकुरी, चन्द्र बहादुर (२०६५), *नेपालमा सहकारी व्यवसाय व्यवस्थापन (सिद्दान्त र अभ्यासहरु )* काठमाडौं ।

डिभिजन सहकारी कार्यालय, तनहुँ (२०७०), *सहकारी एक झलक* ।

ढकाल मिरा, (सन् २००७), *एजुकेटेड वुमन इन गभरमेन्ट इम्प्लोईमेन्ट* (अ केस स्टडी अफ पोखरा सब मेट्रो पोलिस एण्ड कास्की डीस्ट्रीक्ट डेभलपमेन्ट कमिटी अफिस) अप्रकाशित शोधपत्र एम.ए. पृथ्वीनारायण क्याम्स समाजशास्त्र मानवशास्त्र विभाग पोखरामा पेश गरिएको ।

दाहाल, रमेश कुमार (२००२), *Identification of Root Cause of Girl Trafficking: A case study of Mechi Nagarpalica, Thapa,* सोसोलोजी एन्थ्रोपोलोजिजी केन्द्रिय विभागमा प्रस्तुत अप्रकाशित सोधपत्र ।

नेपाल सरकार (२०५५), नवौं राष्ट्रिय योजना (२०५४-२०५९), *राष्ट्रिय योजना आयोग,* नेपाल ।

नेपाल सरकार (२०५९), नवौं राष्ट्रिय योजना (२०५९-२०६४) *राष्ट्रिय योजना आयोग,* नेपाल ।

पौडेल, नारदमणि (२०५६), *सहकारी सम्वाद,* राष्ट्रिय सहकारी विकास वोर्ड, पुल्चोक ललितपुर ।

बडाल, केशव (२०६८),*सहकारी डाइरेक्ट्री,* कास्की वचत तथा ऋण सहकारी संस्था लिमिटेड

बुलक, सुसन (१९८४), *विमन एण्ड वर्क,* जेड बुक्स लिमिटेड लन्डन एण्ड न्यु जेरी यु.एस.ए.।

बाँस्कोटा, दीपक प्रकाश (२०६२), *सहकारी सन्देश,* राष्ट्रिय सहकारी संघ ।

भण्डारी, सूर्य प्रसाद(२०६६), *बार्षिक सहकारी गतिबिधी,* सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय पोखरा, कास्की ।

भट्टराई सीता, शोधपत्र (२०६६), *वचत तथा ऋण सहकारी संस्थाले महिलाको आर्थिक तथा सामाजिक स्थितिमा पारेको प्रभाव, सृजना महिला बचत तथा ऋण सहकारी संस्था,* पोखराको एक अध्ययन, अप्रकाशित शोध पत्र एम.ए. पृथ्वीनारायण क्याम्पस समाजशास्त्र मानवशास्त्र विभागमा पेश गरिएको ।

भासिन, कमला (१९९३), *आखिर जेन्डर के हो त ?* स्त्री शक्ति, काठमाडौं ।

रेग्मी, केशव प्रसाद (२०५६), *सहकारी सम्वाद,* त्रैमासिक प्रतिवेदन ।

राष्ट्रिय सहकारी वोर्ड, *सहकारी ऐन,* २०४८ ।

सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की(२०६२), *सहकारी एक सन्दर्भ अनेक* ।

सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की(२०७०), *सहकारी संक्षिप्त : चिनारी ।*

सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्की(२०६८), *सहकारी गतिबिधी ।*

## परिशिष्ट १

यस सोधपत्र लेखनकालागि तथ्याङ्क संकलनका क्रममा सहकारीका सदस्य सर्भेक्षणका लागि तयार पारीएको अन्तरवार्ता अनुसूची

१) नाम : ......................................................

२) उमेर : ....................................................

३) जाति/जनजाति : ................४) धर्म : ...........

५) पेशा : क) कृषि ख) जागिर ग) व्यापार

६) वैवाहिक स्थिति : क) विवाहित ख) अविवाहित ग) एकल

७) विवाहित भए सन्तान कति : क) छोराको .... ख) छोरीको ........

८) शिक्षा

क) निरक्षर ख) साक्षर (प्राथमिक सम्मको)

ग) माध्यमिक (एस.एल.सी. सम्मको) घ) उच्च शिक्षा (सो भन्दा माथि)

९) सहकारीमा कहिले देखि लाग्नुभयो ?

.......................................................................................

१०) यस भन्दा पहिला पनि अन्य कुनै सहकारीमा हुनुहुन्थ्यो ?

...........................................................................................

११) सहकारीमा लाग्ने प्रेरणा कसबाट प्राप्त भयो ?

क) स्वेच्छा ख) साथी ग) परिवार

१२) सहकारीमा लाग्नुको उद्देश्य के हो ?

............................................................................................

१३) सहकारी लागेपछि तपाइले सोचे जस्तो फाइदा भयो ?

क) भयो ख) भएन

१४) सहकारीमा लागेपछि तपाइलाई के के फाइदा भयो ?

क) आर्थिक ख) शैक्षिक ग) राजनीतिक घ) सामाजिक ङ) अन्य

१५) सहकारीमा लागेर केही बेफाइदा भयो वा भएन ?

क) परिवारबाट समस्या भयो ख) ऋण पाइएन

ग) घरमा कलह भयो घ) कार्यक्रममा हिंड्दा आफ्नो पैसा खर्च भयो

१६) सहकारीमा लागेपछि आफ्नो आय आर्जन बढाउन तालिम वा सीप सिक्नु भयो ?

क) भयो ख) भएन

१७) के सिक्नु भयो ?

१८) सिकेको सीपलाई व्यवहारमा लागु गर्नुभयो वा भएन ?

क) भयो ख) भएन

१९) सहकारीमा लागेपछि अरू फाइदा के भयो ?

क) साथीहरु बढे

ख) आफ्ना समस्यालाई निर्धक्क भन्ने र समाधान गर्न सकिने भयो

ग) समाजमा बोल्न र केही गर्न सकिने भयो

घ) सङ्घ संस्थाको नेतृत्व गर्न सकिने भयो ।

२०) सहकारीमा साथीहरुसँग के कस्ता अन्तर्क्रिया हुन्छन् ?

क) आर्थिक विषयमा ख) सामाजिक विषयमा ग) राजनैतिक विषयमा

घ) शैक्षिक विषयमा ङ) मनोरञ्जनका विषयमा च) आन्तरिक विषयमा

२१) सहकारीमा लागेपछि तपाईलाई कस्तो गरेजस्तो लागेको छ ?

क) राम्रो ख) नराम्रो ग) ठीकै

२२) सहकारीबाट तपाईले कुनै ऋण लिनु भएको छ ?

२३) यदि लिनु भएको छ भने के मा खर्च गर्नुभयो ?

२४) तपाईले लगानी गरेको व्यवसायबाट सालाखाला कति आम्दानी गर्नुभएको छ ?

क) छ ख) छैन

२५) तपाईले लगानी गरेको व्यवसायबाट सालाखाला कति आम्दानी गर्नुभएको छ ?

क) दैनिक ………… ख) मासिक ……… ग) वार्षिक ……………

२६) तपाईले कमाएको पैसा के के मा खर्च गर्नुहुन्छ ?

क) घरखर्च ख) छोराछोरीलाई पढाउन ग) मनोरञ्जनका साधन किन्न

घ) चल अचल सम्पत्ति जोड्न ङ) तीर्थव्रत वा भ्रमण गर्न च) अन्य

२७) तपाईले आफ्नो व्यवसाय सञ्चालन गर्दा कुनै तालिम लिएर गर्नुभएको थियो कि ?

क) थियो ख) थिएन

२८) त्यस तालिमले तपाईको व्यवसायलाई सहयोग गरेको छ वा छैन ?

क) छ ख) छैन ग) ठीकै

२९) शहकारीमा लागेपछि आफ्नो व्यवसाय बढाउन अन्य कुनै तालिम लिनु भयो ?

क) लिए ख) लिइन

३०) यदि लिएको भए कुन कुन तालिम लिनु भयो ?

क) ख) ग) घ)

३१) तालिम लिनु राम्रो हो वा होइन ?

क) राम्रो हो ख) राम्रो होइन ग) केही फरक पर्दैन

३२) तपाईलाई अन्य कुनै तालिम लिन पाए हुन्थ्यो जस्तो लागेको छ ?

क) छ ख) छैन

३३) यदि छ भने कस्तो तालिम लिन चाहनुहुन्छ ?

क) ख) ग) घ)

# परिशिष्ट ख

## उत्तरदाताले अन्तरवार्ता अनुसूचि भराउँदा र अवलोकन गर्दा लिइएका तस्वीरहरु






संस्था
गा.वि.स.

